फागुन - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क २२ | २०७४, फागुन १६–३० | पूर्णाङ्क ६१६



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | १ |
| संयुक्त इजलास | ३ |
| इजलास नं. १ | ५ |
| इजलास नं. २ | ६ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ५ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ६ |
| इजलास नं. ९ | ४ |
| जम्मा | ४५ |

| | |
|---|---|
| इजलास नं. १० | ३ |
| इजलास नं. ११ | ५ |
| इजलास नं. १२ | ६ |
| इजलास नं. १३ | ६ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | १ |
| इजलास नं. १६ | ३ |
| इजलास नं. १७ | १ |
| इजलास नं. १८ | ३ |
| जम्मा | ३० |

**कूल जम्मा ४५ + ३० = ७५**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, फागुन – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१** |
| १. | उत्प्रेषण / परमादेश | लक्ष्मीकुमारी पन्त वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत | |
| **संयुक्त इजलास** | | | **१ - ३** |
| २. | उत्प्रेषण | दलबहादुर बोहरासमेत वि. मुक्त कमैया पुन: स्थापना जिल्ला समिति, कैलालीसमेत | |
| ३. | उत्प्रेषण / परमादेश | अमिता राई वि. पुनरावेदन अदालत, विराटनगरसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | श्यामकुमार श्रेष्ठसमेत वि. सार्वजनिक खरिद अनुगमन कार्यालय मुकाम तहाचलसमेत | |
| **इजलास नं. १** | | | **३ - ८** |
| ५. | उत्प्रेषण / परमादेश | कैलाशकुमार श्रेष्ठ वि. कैलाली जिल्ला अदालत कैलाली, धनगढीसमेत | |
| ६. | उत्प्रेषण / परमादेश | बुद्धिबहादुर बराम वि. कैलाली जिल्ला अदालत कैलाली, धनगढीसमेत | |
| ७. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. सम्राट तिमिल्सिना | |
| ८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. उज्ज्वल विक्रम शाहसमेत | |
| ९. | भ्रष्टाचार | नेपाल सरकार वि. विष्णुसकान्त यादवसमेत | |
| **इजलास नं. २** | | | **८ - ९** |
| १०. | उत्प्रेषण / परमादेश | कन्हैयालाल अग्रवाल वि. रामग्राम नगरपालिकाको कार्यालय, नवलपरासी | |
| ११. | उत्प्रेषण | महेन्द्र साह सुडी वि. भूमि सुधार कार्यालय, धनुषा | |
| १२. | निषेधाज्ञा | विष्णुदेव महतो वि. उमेश महतोसमेत | |
| **इजलास नं. ३** | | | **१० - १२** |
| १३. | जबरजस्ती करणी | बलबहादुर चौधरीसमेत वि. नेपाल सरकार | |
| १४. | जबरजस्ती करणी | ओमनारायण प्याकुरेल वि. नेपाल सरकार | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पराग केवटसमेत | |
| **इजलास नं. ४** | | | **१२ - १५** |
| १६. | परमादेश | रामसागर मुराउ वि. हिरमिनिया गाउँ विकास समितिको कार्यालय, बाँकेसमेत | |
| १७. | उत्प्रेषण | कुमारीतारा वडु वि. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमीसमेत | |
| १८. | उत्प्रेषण / परमादेश | पारससिंह साउद वि. नेपाली सेना रणशुर गुल्म गढी ब्यारेक, बैतडीसमेत | |

| | | |
|---|---|---|
| १९. | उत्प्रेषण / परमादेश | विष्णुमणि गौतम वि. महेश भुषालसमेत |
| २०. | भन्सार महसुल | वीरगञ्ज भन्सार कार्यालयसमेत वि. ज्योति राणा |
| **इजलास नं. ५** | | **१५ - १८** |
| २१. | निषेधाज्ञा | बादुरे दमाई वि. लक्ष्मीदत्त जोशी |
| २२. | कर्तव्य ज्यान | राजकपुर सरवरिया वि. नेपाल सरकार |
| २३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हर्कबहादुर राई |
| २४. | उपर्युक्त आदेश जारी गरिपाउँ | मानिक लाल बोम्जन वि. मेगा बैंक नेपाल लिमिटेड |
| **इजलास नं. ६** | | **१८ - २०** |
| २५. | उत्प्रेषण / परमादेश | गुरुप्रसाद ढकालसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत |
| २६. | अंश | वलबीर चौधरीसमेत वि. दशीराम चौधरीसमेत |
| **इजलास नं. ७** | | **२० - २४** |
| २७. | ठगी | नेपाल सरकार वि. शरणप्रसाद आचार्यसमेत |
| २८. | ठगी | नेपाल सरकार वि. अमृतकुमार राई |
| २९. | जबरजस्ती चोरी | कृष्णबहादुर बुढाथोकी वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ३०. | पिलर दिवाल हटाई जग्गा खिचोला चलन | राजेश्वर यादवसमेत वि. देवलाल यादव |
| ३१. | कर्तव्य ज्यान | शेरबहादुर आले वि. नेपाल सरकार |
| **इजलास नं. ८** | | **२४ - २८** |
| ३२. | अपहरण, कर्तव्य ज्यान | सोनु हलवाई वि. नेपाल सरकार |
| ३३. | उत्प्रेषण / परमादेश | रमेश लामा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ३४. | उत्प्रेषण | रामप्रसाद लामिछाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ३५. | बहाल भराई घर खाली | चन्द्रबहादुर खड्गी वि. रत्नकाजी ताम्राकार |
| ३६. | जबरजस्ती करणी | नेपाल सरकार वि. विष्णुबहादुर नेपाली |
| **इजलास नं. ९** | | **२८ - ३१** |
| ३७. | कर्तव्य ज्यान | देवेन्द्र घिसिङसमेत वि. नेपाल सरकार |
| ३८. | मानव बेचबिखन तथा ओसारपसार | विजय के.सी. वि. नेपाल सरकार |
| ३९. | उत्प्रेषण / परमादेश | विनोदकुमार ज्ञवाली वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत |

| | | |
|---|---|---|
| ४०. | बिना इजाजत वन पैदावार ओसारपसार | बुद्ध तामाङ वि. नेपाल सरकार |
| इजलास नं. १० | | ३१ - ३४ |
| ४१. | जबरजस्ती करणी | धर्मेन्द्र ठाकुर वि. नेपाल सरकार |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनलक्ष्मी कार्कीसमेत |
| ४३. | उत्प्रेषण / परमादेश | राधेश्याम वारी वि. मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुसमेत |
| इजलास नं. ११ | | ३४ - ३७ |
| ४४. | हक कायम | रत्नदेवी चित्रकार वि. ईन्द्रलक्ष्मी प्रजापती |
| ४५. | हातहतियार खरखजाना | नेपाल सरकार वि. चुराबहादुर कुमालसमेत |
| ४६. | उत्प्रेषण / परमादेश | भरतकुमार बस्नेत वि. सरस्वती बस्नेतसमेत |
| इजलास नं. १२ | | ३८ - ४१ |
| ४७. | कर्तव्य ज्यान तथा रहजनी चोरी | रामप्रसाद बन्जाडे वि. नेपाल सरकार |
| ४८. | मोही नामसारी गरी मोही प्रमाण पत्र पाउँ | विश्वनाथ राजवंशीसमेत वि. मद्रवती राजवंशी |
| ४९. | राजिनामा लिखत बदर | रामगोविन्द कुर्मी वि. काशीनाथ कुर्मीसमेत |
| इजलास नं. १३ | | ४१ - ४३ |
| ५०. | अधिकारपृच्छा / उत्प्रेषण / परमादेश | रामदेव चौधरी वि. मालपोत कार्यालय, राजविराजसमेत |
| ५१. | उत्प्रेषण / प्रतिषेध | रवीन्द्रप्रसाद प्रधान वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत |
| ५२. | उत्प्रेषण | लोकनाथ ढकालसमेत वि. लोक सेवा आयोग के.का. अनामनगरसमेत |
| ५३. | उत्प्रेषण / परमादेश | रामपुकार राउत वरै वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत |
| ५४. | लागु औषध खैरो हिरोइन | ज्योति पौडेल वि. नेपाल सरकार |
| इजलास नं. १४ | | ४३ - ४५ |
| ५५. | गौवध | जैरुद्धिन शेष वि. नेपाल सरकार |
| ५६. | मानव बेचबिखन तथा ओसारपसार | कान्छीमेन्दो तामाङ वि. नेपाल सरकार |
| इजलास नं. १५ | | ४५ - ४६ |
| ५७. | अंश चलन | मंगलमान शाक्यसमेत वि. मन्दिरा शाक्यसमेत |

| इजलास नं. १६ | | | ४६ - ४९ |
|---|---|---|---|
| ५८. | अंश चलन | केशवप्रसाद उपाध्याय वि. मुकुन्दप्रसाद उपाध्याय | |
| ५९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भुपेन्द्रबहादुर परियार | |
| ६०. | अंश नामसारी | अम्बिका ज्ञवाली वि. रविराज अर्याल | |
| ६१. | उत्प्रेषण / परमादेश | रामअनुग्रह प्रसाद साह वि. जिल्ला शिक्षा कार्यालय, मकवानपुरसमेत | |

| इजलास नं. १७ | | | ४९ - ५० |
|---|---|---|---|
| ६२. | लागु औषध खैरो हेरोइन | सुशील साह वि. नेपाल सरकार | |
| **इजलास नं. १८** | | | **५० - ५२** |
| ६३. | अंश चलन | साबित्रा साहसमेत वि. श्रवणकुमार साहसमेत | |
| ६४. | अंश चलन | योगेन्द्रबहादुर विष्ट वि. मुनी शमशेर ज.ब.रा. | |

## पूर्ण इजलास

**मा.न्या.श्री हरिकृष्ण कार्की, मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WF-००१०, उत्प्रेषण / परमादेश, लक्ष्मीकुमारी पन्त वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत

कर्मचारीको पद, पदनाम र तह जस्ता विषयहरू पहिचानका आधार र गरिमाको विषयहरू हुन् । यसले कर्मचारीहरूको वृत्ति विकास गर्ने र कार्यक्षेत्रमा उच्च मनोबल कायम गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । एउटा स्तरको कर्मचारीलाई कानूनबमोजिम बाहेक त्योभन्दा तल्लो स्तरको कर्मचारी भनी पहिचान दिँदा वा सरूवा गर्दा, गराउँदा त्यस्तो कर्मचारीको मर्यादा र पहिचानमा प्रतिकूल असर पर्ने ।

कानूनी राज्यले सीमित सरकारको मान्यतालाई ग्रहण गरेको हुन्छ । सीमित सरकारको अर्थ कानूनले प्रदान गरेको अधिकारमा सीमित रहेर कार्य सम्पादन गर्ने नै हुने ।

निवेदकलाई सरूवा गर्ने निर्णय साँधिकार निकायबाट भएको भए तापनि कानूनले अवधि किटान गरी कर्मचारीलाई विभिन्न भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरी गरेको व्यवस्थालाई बेवास्ता गरी एक पटक दुर्गम क्षेत्रमा रही निश्चित अवधिसम्म सेवा गरिसकेको निवेदकलाई पुनः अति दुर्गम क्षेत्रमा सरूवा गर्ने निर्णय कानूनतः आधारयुक्त नहुनुका साथै औचित्य र न्यायको दृष्टिले पनि उपयुक्त नहुने ।

दुर्गम जिल्लामा सेवा गरेको कर्मचारीले सुगम जिल्ला तथा निजको घरपायक पर्ने जिल्लामा बस्ने चाहना राख्नुलाई वैध अपेक्षा नै मान्नु पर्दछ । कर्मचारीहरूको वृत्तिविकासमा कानून प्रतिकूल अवरोध भएमा वा कानून प्रतिकूल सरूवा भएमा वा घटुवा गरी सरूवा गरेमा कार्य सम्पादनमा गुणस्तरीयता आउन सक्तैन । वृत्ति विकास कर्मचारीको भविष्य सुनिश्चित हुने आधार पनि हो । सेवा प्रवाह गर्ने नाममा कर्मचारीलाई दुर्गम जिल्लाबाट अति दुर्गम सानागाउँ स्वास्थ्य चौकीमा गरिएको सरूवा कानूनसङ्गत रहेको नदेखिने ।

नेपाल सरकार स्वास्थ्य सेवा विभागबाट मिति २०७२।७।२९ मा गरिएको निर्णयले निवेदक लक्ष्मीकुमारी पन्तलाई कानून प्रदत्त हकमा आघात परेको देखियो । कानून प्रतिकूल गरिएको उक्त सरूवा निर्णय कायम रहन नसक्ने हुँदा स्वास्थ्य सेवा विभागको मिति २०७२।७।२९ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकलाई कानूनले तोकेका सर्तबमोजिम पदनाममा असर नगर्ने गरी मात्र सरूवा गर्नु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल वैशाख १४ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०४३१, उत्प्रेषण, दलबहादुर बोहरासमेत वि. मुक्त कमैया पुन: स्थापना जिल्ला समिति, कैलालीसमेत

आफूहरू प्राकृतिक प्रकोपको कारण २०४५ सालदेखि सोही जग्गामा टहरा बनाई निरन्तर बसोबास गरी आएकोले आफ्नो वासस्थान सुरक्षित रहनु पर्ने भन्ने रिट निवेदकहरूको कथनको सम्बन्धमा विपक्षीमध्येका मुक्त कमैया पुर्नस्थापना जिल्ला समिति कैलालीको लिखित जवाफको प्रकरण २ मा निवेदकहरूको बसोबास भएको अवस्थालाई असर नपर्ने गरी मुक्त कमैयालाई पुनर्स्थापना गर्ने प्रयोजनका लागि जग्गा

प्रदान गरिएको भन्ने जिकिर लिइरहेको सन्दर्भमा रिट निवेदकहरूले दाबी गरे जस्तो वासस्थानलाई नै असर परेको भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट रिट निवेदकहरू बसेकै ठाउँमा मुक्त कमैया पुनर्स्थापना गर्न जग्गा प्रदान गरिएको भन्ने पुष्टि हुने कुनै तथ्य निवेदकले पेस गर्न नसकेको, विवादित जग्गामा रिट निवेदकहरूले औपचारिक हक स्थापना भएको भन्ने पनि नदेखिएको र निवेदकहरूको बसोबासलाई असर नपर्ने गरी मुक्त कमैयालाई पुनर्स्थापना गर्ने भन्ने लिखित जवाफ रहेको अवस्थामा मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्था भएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल मङ्सिर १६ गते रोज ४ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०८०१, उत्प्रेषण / परमादेश, अमिता राई वि. पुनरावेदन अदालत, विराटनगरसमेत

सुनसरी जिल्ला अदालतबाट मिति २०६७।७।२८ र २०६७।९।५ मा अ.बं.११० नं. बमोजिम म्याद तामेल गर्दा बेपत्ते भएको भनी गोरखापत्रमा सूचना प्रकाशित गरेको भए पनि त्यसरी म्याद प्रकाशित गर्दासमेत वास्तविक लेखिएको वतन जस्तै नगर, गा.वि.स.वडा नं., गाउँ, सहर, टोल आदिसमेत प्रस्ट उल्लेख गर्नुपर्ने हुन्छ। फिरादपत्रमा वादीले देखाएको वतन हुबहु उल्लेख नगरी घटी बढी पारी म्याद जारी गर्ने अदालतको समेत अधिकार हुँदैन र त्यसबाट कुनै राम्रो उद्देश्य हासिल पनि हुँदैन। सारमा भन्नु पर्दा फिरादमा लेखिएको वतन अदालतले संशोधन गर्ने वा सम्पादन गर्न नहुने।

वस्तुतः एकै गा.वि.स. वा वडामा पनि एकै नाम गरेका एकभन्दा बढी व्यक्ति रहेको हुन सक्छ। अदालतले लक्षित व्यक्तिको नाममा म्याद जारी गर्ने हो भने सम्बन्धित व्यक्तिले नै थाहा पाउने गरी पर्याप्त सूचनासहित म्याद तामेल गरी दिनुपर्ने हुन्छ, अन्यथा प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गत आफ्नो हकको प्रतिरक्षा गर्ने हक नै परास्त हुने अवस्था आउन सक्ने।

प्रतिवादीको वतन ललितपुर उपमहानगरपालिका वडा नं. ४ को अतिरिक्त बागडोल टोलसमेत उल्लेख गरी (सामदेन लामाको घरमा) डेरासमेत किटान गरिएकोमा उक्त वतनको विवरण उल्लेखै नगरी अपुरो ठेगानमा म्याद जारी गरी तामेल गरेको देखिएबाट म्यादको उद्देश्यपूर्ण तामेली भएको भन्नसक्ने स्थिति नरहने।

मूलतः समाह्वान, इतलायनामा, म्याद वा सूचना जारी गर्दा वादीले देखाएकै वतनमा जारी गर्नुपर्ने, प्रतिवादीले के कस्तो वतन कहाँ कतै के गरी स्वीकार वा ग्रहण गरेको छ भनी तजबिजी गरी म्याद तयार गरी जारी गर्ने होइन। जिल्ला अदालतबाट भएको यस्तो कार्यबाट रिट निवेदकको प्राकृतिक न्यायको अधिकारमा आघात परी न्यायबाट विमुख हुनु परेको अवस्था स्पष्टतः देखिन आउने।

अ.बं.११२ नं.समेत कानूनी व्यवस्थाको पालना नगरी त्रुटिपूर्ण म्याद तामेली गरेको र त्रुटिपूर्ण तथा अपुरो वतन देखाई गोरखापत्रमा सूचना प्रकाशित भएको देखिएकोमा सोही तामेलीलाई आधार मानी सुनसरी जिल्ला अदालतबाट मिति २०६८।५।२१ मा भएको फैसला, रिट निवेदकले सोही अदालतमा अ.बं. २०८ नं. बमोजिम दायर गर्न ल्याएको प्रतिउत्तरउपर मागबमोजिम गरिरहन नपर्ने भनी सुनसरी जिल्ला अदालतबाट मिति २०६८।९।२९ मा भएको आदेश र सोही आदेश सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।११।१२ को आदेश प्राकृतिक न्यायको सिद्धान्त र यस अदालतबाट

प्रतिपादित नजिरसमेतको विपरीत भएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल पुस ६ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-००९५, उत्प्रेषण / परमादेश, श्यामकुमार श्रेष्ठसमेत वि.सार्वजनिक खरिद अनुगमन कार्यालय मुकाम तहाचलसमेत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१(७) मा भएको व्यवस्था हेर्दा संयुक्त सुनुवाइको लागि अनुरोध भएकोमा र सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यसरी सुनुवाइ गर्न उचित ठानेमा त्यस्तो सुनुवाइ गर्ने भन्ने व्यवस्था रहेको पाइन्छ। उक्त नियम १४१(७) को व्यवस्थाअनुसार रिट निवेदकहरूले संयुक्त सुनुवाइको माग गर्ने वित्तिकै सार्वजनिक खरिद अनुगमन कार्यालयले सो गर्नुपर्ने व्यवस्था नभई त्यस्तो माग आएमा र सो उचित देखिएमा सोको व्यवस्था गर्नेसम्म हो। उक्त नियमको व्यवस्थाअनुसार संयुक्त सुनुवाइको माग हुनासाथ सो पूरा नगरी कालोसूचीसम्बन्धी प्रक्रिया अघि बढाउन नसकिने भन्ने नभएकोले यी रिट निवेदकहरूको हकमा संयुक्त सुनुवाइ नगरेकै कारण कालोसूचीमा राखिएको निर्णय एवम् तत्सम्बन्धी प्रक्रिया त्रुटिपूर्ण रहेको मान्न नमिल्ने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट रिट निवेदकहरूलाई २ वर्ष ३ महिना कालोसूचीमा राख्ने भनी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०६९।३।८ मा भएको निर्णय एवम् सोसम्बन्धी कामकारबाही कानूनी त्रुटिपूर्ण देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने भई प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। यस अदालतबाट जारी भएको मिति २०६९।४।२४ को अन्तरिम आदेश स्वतः निष्कृय हुन्छ। सो आदेशले २ वर्ष ३ महिना कालोसूचीमा राख्ने सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०६९।३।८ को निर्णय यथा अवस्थामा रहेकोले अब यो आदेश भएको मितिले उक्त अवधिसम्म कालोसूचीमा रहने हुँदा आदेशको प्रतिलिपिसहित महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई आदेशको जानकारी दिने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-११७०, उत्प्रेषण / परमादेश, कैलाशकुमार श्रेष्ठ वि. कैलाली जिल्ला अदालत कैलाली, धनगढीसमेत

निवेदकको समाह्वानमा वतन सही वा गलत जे जस्तो वतन भएपनि बुझ्ने कार्य निवेदककी एकाघरकी पत्नीले बुझेकी हुन् भन्ने तथ्यमा विवाद रहेको देखिएन। निवेदकको पत्नीले म्याद बुझेको तथ्य रहेकोमा र लिखतमा रहेको साक्षीहरूको रोहमा निवेदकको बसोबास रहेको घरमा निवेदक फेला नपरेको व्यहोरा रहेको र त्यस्तो लिखतमा निवेदकका एकाघरकी पत्नीले सहिछाप गरेकोमा त्यहाँ निवेदकको बसोबास नै थिएन भन्न मिल्ने देखिन आएन। समाह्वान तामेल गर्दा प्रतिवादी बसोबास गर्ने स्थानमा फेला नपरेको र उमेर पुगेका एकाघरको पत्नीलाई साक्षीको रोहबरमा सही गराई तामेल गरेकोमा अ.बं. ११० नं.अनुरूप रीतपूर्वक नै भएको मान्नुपर्ने।

पुनरावेदकले कैलाली जिल्ला अदालतको फैसलाअनुसारको बिगो रकम बैंकमा बुझाइसकेको

भन्ने बैंकको लिखित जवाफ व्यहोराबाट देखिन्छ । यसबाट एउटै फैसलाबमोजिम ठहर भएको दण्ड जरिवानामध्ये बिगो रकम स्वीकार गरी बुझाइसकेपछि सोही फैसलाले ठेकिएको कैद जरिवानाको हकमा चाहिँ सोही फैसलाको प्रमाणिकतालाई इन्कार गर्न मिल्दैन । अदालतबाट ठहर भएको कैद जरिवानालाई निष्प्रभावित पार्ने निहित उद्देश्य राखी रिट निवेदन परेको देखिँदा निवेदक सफा हात लिई अदालत प्रवेश गरेको भन्ने पनि देखिन आएन । यसरी पुनरावेदकको बसोबास रहेको वतनमा कानूनबमोजिम म्याद तामेल भई मिसिल संलग्न सबुद प्रमाण बुझी भएको फैसलाबाट निवेदकको संवैधानिक तथा कानूनी हक हनन् भएको मान्न नमिल्ने हुँदा उक्त फैसला बदर हुने भन्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार कारणबाट पुनरावेदकका विरूद्धमा दायर भएको ठगी मुद्दामा कैलाली जिल्ला अदालतबाट जारी भएको समाह्वान म्याद रीतपूर्वक तामेल भई निजको एकाघरको श्रीमतीले बुझेको देखिएको हुँदा उक्त म्याद सूचनाको अवधिभित्र निवेदकले प्रतिवाद नगरी गुजारी बसेको देखिएबाट निजको हकमा भएको मिति २०६५।५।३१ को फैसला बदर गरिपाउँ भन्ने निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७०।०९।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७२-CI-११३८, उत्प्रेषण / परमादेश, बुद्धिबहादुर बराम वि. कैलाली जिल्ला अदालत कैलाली, धनगढीसमेत

म्याद तामेली सम्बन्धमा कानूनले गरेको व्यवस्थाअनुरूप अभियोगपत्रमा खुलाइएको पुनरावेदकको वतनमा म्याद जारी भई स्थानीय भलादमीसमेतको रोहबरमा निजको नामको म्याद घर दैलोमा टाँस भएको देखिन्छ । म्यादमा उल्लिखित वतनमा पुनरावेदकको बसोबास नभएको भए निजको घरदैलोमा टाँस हुनुपर्ने अवस्था हुँदैन । यसरी पुनरावेदकका नाउँको म्याद अभियोगपत्रमा खुली आएको वतनमा जारी भई रीतपूर्वक तामेल भएको देखिँदा उक्त म्यादलाई विद्यमान म्याद तामेलीसम्बन्धी कानूनी व्यवस्थाको प्रतिकूल तामेल भएको भन्न नमिल्ने ।

कुनै पनि व्यक्तिउपर फौजदारी अभियोग वा देवानी प्रकृतिको कुनै दाबी लिई अदालतमा मुद्दा चलाइन्छ भने त्यस्तो फौजदारी आरोप वा देवानी दाबीको सम्बन्धमा कानूनबमोजिम म्यादसुचना पाई सबुद प्रमाण पेस गरी आफूउपरको आरोप वा दाबी खण्डन गर्न पाउनु पर्छ भन्ने विषय प्राकृतिक न्यायको आधारभूत सिद्धान्तअन्तर्गत पर्न आउने ।

अदालतबाट जारी म्याद स्थायी वा अस्थायी जुनसुकै वतनमा जारी भए पनि सम्बन्धित व्यक्तिले सहजरूपमा थाहा जानकारी पाउने अवस्था छ छैन भन्ने कुरा महत्त्वपूर्ण हो । यसरी स्थायी वतनमा नै म्याद तामेल गर्नुपर्छ भन्ने नभई प्रतिवादीले जहाँ बसोबास गरेको छ म्याद तामेली त्यहीँ गर्ने हो । अस्थायी वतनमा जारी भएको कारणले मात्र रीतपूर्वक तामेल भएको म्याद बेरीतको नहुने ।

एउटै फैसलाबमोजिम लागेको दण्ड जरिवानामध्ये बिगो रकम स्वीकार गरी बुझाइसकेपछि सोही फैसलाले ठेकिएको कैद जरिवानाको हकमा मात्र पुनरावेदकको नाममा तामेल भएको म्याद सूचना र फैसलाको वैधतामा प्रश्न उठाई रिट निवेदन दिएको देखिन्छ । अदालतको फैसलाबाट ठहर भएको कैद जरिवानालाई निष्प्रभावित पार्ने निहित उद्देश्य राखी रिट निवेदन परेको देखिँदा निवेदक सफा

हात लिई अदालत प्रवेश गरेको भन्ने पनि देखिन आएन। अदालतबाट भएको फैसलालाई स्वीकार गरी बिगो रकम बुझाइसकेको देखिँदा कैद जरिवानाको हकमा सोही फैसलाको प्रमाणिकता लाई इन्कार गर्न मिल्दैन । यसरी पुनरावेदकले बैंकमा खाता खोल्दा देखाएको वतनमा कानूनबमोजिम म्याद तामेल भई मिसिल संलग्न सबुद प्रमाण बुझी भएको फैसलाबाट निवेदकको संवैधानिक तथा कानूनी हक हनन् भएको मान्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार, कारणबाट पुनरावेदकका विरूद्धमा दायर भएको ठगी मुद्दामा कैलाली जिल्ला अदालतबाट जारी भएको समाह्वान म्याद घर दैलोमा टाँस भई रीतपूर्वक तामेल भएको देखिएको हुँदा कैलाली जिल्ला अदालतबाट मिति २०६५।५।३१ मा भएको फैसला बदर गरिपाउँ भन्ने निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, दिपायलबाट मिति २०७२।३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटरः कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-११४२, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. सम्राट तिमिल्सिना

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११ स्थित होटल न्यू महाकालीको कोठा नं.२०३ भित्र चुकुल लगाई बसेको अवस्थामा ढोका ढकढक गरी भित्र पसी खानतलास गर्दा मदन भगतबाट ९ ग्राम, विनोद भट्टबाट २ ग्राम, विक्रम सुवेदीबाट २ ग्राम र प्रत्यर्थी प्रतिवादी सम्राट तिमिल्सिनाबाट २ ग्राम लागु औषध खैरो हेरोइन महानगरीय प्रहरी अपराध महाशाखाका प्र.नि.जगन्नाथ खनालसमेतले बरामद गरेको बरामदी मुचुल्काबाट देखिन्छ। प्रत्यर्थी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष बयान गर्दा होटलको कोठाबाट आफूसँग २ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको तथ्यलाई स्वीकार नै गरी हेरोइन कस्तो हुँदो रहेछ भनी हेरेको अवस्थामा तत्कालै प्रहरी आउँदा डर लागी खल्तीमा राखेको भनी जिकिर लिएको देखिन्छ। यसबाट आफ्नो साथबाट २ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको तथ्यलाई अदालतसमेतमा बयान गर्दा निजले स्वीकार गरेको नै देखियो । बरामद लागु औषध हेर्न खोज्दा प्रहरीलाई देखी डरले खल्तीमा राखेको हुँ भन्ने प्रतिवादीको फगत मौखिक जिकिरलाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम निजले कसुरबाट छुट पाउने आधारको रूपमा ग्रहण गर्न नमिल्ने हुँदा अन्य दुर्व्यसनीहरूसँग एकसाथ समान परिमाणको लागु औषध प्रत्यर्थीको साथबाट बरामद भएको स्थितिमा समानस्तरका प्रतिवादीहरू विक्रम सुवेदी, विनोद भट्टलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम जनही रू.१०,०००।– जरिवाना हुने सजाय गरी यी प्रत्यर्थी प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिएको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको देखिन नआउने।

तसर्थ, उल्लिखित आधार प्रमाणबाट प्रत्यर्थी प्रतिवादी सम्राट तिमिल्सिनालाई अभियोग माग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम सजाय गर्नुपर्नेमा सफाइ दिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।९।२२ मा भएको फैसला उल्टी भई निजलाई रू.१०,०००।- जरिवाना हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अभिषेक कुमार राय

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०८६०, वैदेशिक रोजगार कसुर,

नेपाल सरकार वि. उज्ज्वल विक्रम शाहसमेत

प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पीडित सरललाल महर्जनलाई सिंगापुर पठाइसकेको भन्ने अभियोग दाबी वस्तुनिष्ठ प्रमाण पेस गरी पुष्टि गर्ने दायित्व नेपाल सरकारको हो । तर, वादी नेपाल सरकारले पीडित भनिएका जाहेरवालाहरूको मौखिक कथनलाई मात्र कसुर पुष्टि हुने प्रमाणको रूपमा पेस गरेको स्थिति छ। पीडित सरललाल महर्जनलाई विदेश पठाइसकेको पुष्टि हुने स्पष्ट प्रमाण वादी तर्फबाट पेस हुन नसकेको हुँदा प्रतिवादी अर्जुनबहादुर ठकुरीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम २ वर्ष कैद र रू.२,००,०००।– जरिवाना गर्ने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेकै देखिन आउने।

कम्पनी रजिष्ट्रारको कार्यालयमा रहेको संस्थाको दस्तावेजभन्दा बाहिर गई पीडित भनिएका व्यक्तिहरूको मौखिक भनाइलाई मात्र आधार मानी प्रत्यर्थीहरू उपर वादी नेपाल सरकारले अभियोग लगाएको देखियो । कार्यालयमा बसी कर्मचारीको हैसियतमा काम गर्नु र व्यवसाय सञ्चालन गर्नु फरकफरक कुरा हुन् । प्रत्यर्थीहरू Maps Nepal International Consultancy Pvt. Ltd. मा बसी काम गरेको, सोही सिलसिलामा जाहेरवालासँग भेटघाट कुराकानी भएको विषयलाई निजहरूले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको, विदेश पठाउँछु भनी प्रलोभन दिएको, सो उद्देश्यले रकम लिए खाएको भनी ग्रहण गर्नु न्यायको रोहमा अनुचित हुन्छ । प्रत्यर्थीहरू राज लेनिन बज्राचार्य र उज्वल विक्रम शाहको हकमा लगाएको अभियोग दाबी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वस्तुनिष्ठ प्रमाण पेस गरी वादी नेपाल सरकारले प्रमाणित गर्न नसकेको हुँदा निजहरूलाई सफाई दिएको मिलेन भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसमेत पुग्नसक्ने नदेखिने।

प्रतिवादीउपर अभियोग दाबी लिनु मात्र आफैमा कसुर स्थापित हुनसक्ने आधार हुन सक्दैन। शंकारहित तवरबाट वस्तुनिष्ठ आधार प्रमाण पेस गरी प्रमाणित भएको अवस्थामा मात्र कसुर स्थापित हुनसक्ने हुन्छ । कुनै पनि प्रतिवादीलाई सजाय गर्दा कसुरको मात्राअनुसारकै सजाय गर्नु न्यायोचित हुने।

वस्तुनिष्ठ आधार प्रमाणले पुष्टि नभएको रकमसमेत समावेश गरी कसुर कायम गर्दा जसले जुन कुराको जिकिर लिन्छ, सो कुरालाई प्रमाण ऐन, २०३१ को दफा २७ र २८ अनुसार प्रमाणित गर्ने भार उसको नै हुने भन्ने कानूनी व्यवस्थाको प्रतिकूलसमेत हुन जाने भएकाले जाहेरावाला प्रेमबहादुर लामासमेत ४ जनाले विदेश पठाउन दाबीको सम्पूर्ण रकम प्रतिवादीले लिएको प्रमाण पेस गरी प्रमाणित गराउन र जाहेरवाला पासाङ शेर्पासमेत ५ जनाले निजहरूबाट पेस भएको रकम बुझेको निस्साबाहेकको अभियोग दाबीको रकम प्रत्यर्थी प्रतिवादी अर्जुनबहादुर ठकुरीले लिएको भन्ने तथ्य वादी नेपाल सरकारले प्रमाण पेस गर्न नसकेको हुँदा बिल भरपाईले पुष्टि नभएको बिगोसमेत दिलाई भराई पाउँ भन्ने अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मिलेको नै हुँदा नेपाल सरकारको पुनरावेदन जिकिर पुग्नसक्ने देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट वैदेशिक रोजगार व्यवसायको इजाजतपत्र नै नलिई प्रत्यर्थी प्रतिवादीमध्येको अर्जुनबहादुर ठकुरीले वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७०।८।१८ को फैसलाको तपसिल खण्डको देहाय ४ नं. मा उल्लिखित तालिकामा समावेश गरिएका पासाङ शेर्पासमेतका ८ जना जाहेरवाला तथा निजहरूका आफन्तहरूलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी निजहरूबाट ऐ. तपसिल खण्डको तालिकामा उल्लेख भएअनुसारको रकम लिई विदेश रोजगारमा नपठाई वैदेशिक रोजगार ऐन, २०६४

को दफा १० र ४३ विपरीतको कसुर गरेको ठहर गरी निजलाई ऐ. ऐनको दफा ४३ अनुसार २ वर्ष कैद र रू.२,००,०००।– जरिवाना सजायसमेत गरी जाहेरवालाहरूले प्रतिवादीलाई बुझाएको निस्सा प्रमाणबाट पुष्टि हुनसकेको बिगो र सोको कानूनबमोजिम हुने हर्जना रकमसमेत ऐ. तालिकामा उल्लेख भएबमोजिमको बिगो र सोको ५० प्रतिशतले हुने हर्जनासमेत रू.२४,६०,०००।– प्रतिवादी अर्जुनबहादुर ठकुरीबाट जाहेरवालाहरूले भरी पाउने र प्रत्यर्थी प्रतिवादीहरू उज्वल विक्रम शाह र राज लेनिन बज्राचार्यले अभियोग दाबीबाट सफाई पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।८।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-०८२५, विद्यालयमा जाने सरकार अनुदानको रूपमा निकासा भएको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. विष्णुसकान्त यादवसमेत

आरोपपत्रमा विद्यालयले बेरूजु खातामा जम्मा गरेको उक्त रकमलाई घटाई बाँकी रू १,११,८१०.७५ बिगो असुल गरिपाउँ भनी दाबी गरेको पाइन्छ। जिल्ला शिक्षा कार्यालय, सर्लाहीले मिति २०७१।६।३० मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई लेखेको पत्रमा रू.१,०००००।- उक्त विद्यालयले मिति २०७१।६।३० मा नेपाल बैंक लिमिटेड मलंगवाको सरकारी राजश्व खाता नम्बर क-१-१-००१ मा दाखिला गरेको भनी भौचर संलग्न गरी पत्र पठाएको देखियो। यसरी सरकारी पद्धति र आदेशको प्रक्रिया पूरा गरी स्थापना भएको विवादित विद्यालयले निकासा पाएको अनुदान रकम नियमसम्मत खर्च नगरेको भनी अनुदान दिने सरकारी निकायले बेरूजुसरह दाखिला गर्न अनुमति दिएको र बेरूजुलाई स्वीकार गरी विद्यालयले राजश्व खातामा जम्मा गरी असुल भइसकेको अवस्थामा सोही बिगो रकम नै प्रत्यर्थीहरूले जानीजानी बद्नियत चिताई विद्यालय नै स्थापना नगरी भ्रष्टाचार निवारण ऐनको दफा १७ मा व्यवस्थित कसुर गरेको भन्ने आरोपपत्र दाबी उक्त दफाको भावनाअनुकूल रहेको देखिन नआउने।

भ्रष्टाचार हुनु र बेरूजु हुनु पृथकपृथक कुरा हुन्। भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाईद्वारा पुष्टि भएको हुँदैन। भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दूषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुर्‍याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रस्टरूपमा देखिनु पर्छ। बेरूजु रकम स्रेस्तामा संलग्न हुन छुट गएका बिल भरपाईपछि पेस गरी रूजु हुन पनि सक्छ। बिल भरपाईद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्नेसम्मको दायित्व हुने।

भ्रष्टाचारको बिगो भनिएको दाबीको सम्पूर्ण निकासा रकम रू.२,३६,८१०.७५ सरकारी निकायले बेरूजु भनी राजश्व खातामा जम्मा गर्न पत्राचार गरेबमोजिम प्रत्यर्थीहरूले दुई पटकमा २,३५,०००।- बेरूजु खातामा जम्मा गरिसकेका र विवादित भनिएको भरत जनता प्रा.वि.को खातामा रू.३,५८७।७५ बाँकी रहिरहेको देखिँदा वादीले दाबी गरेको बिगो प्रत्यर्थीहरूले तिर्न बुझाउन बाँकी रहेको भन्ने देखिन आएन। यसरी भ्रष्टाचारको बिगो भनी दाबी गरेको रकमलाई सरकारी निकाय जिल्ला शिक्षा कार्यालयले बेरूजु भनी प्रत्यर्थीहरूबाट असुलउपर गराइसकेको देखिँदा प्रत्यर्थी प्रतिवादीहरू विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भरत राय यादव, प्रधानाध्यापक

विष्णुकान्त यादव र स्रोत व्यक्ति लक्ष्मीप्रसाद रायले जानीजानी बद्नियत चिताई अनुदानस्वरूप पाएको उक्त बिगो मासे खाए भनी निजहरूलाई भ्रष्टाचार जस्तो जघन्य अपराधमा मुद्दा चलाएको कानून र न्यायसङ्गत नदेखिने।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट प्रत्यर्थी प्रतिवादीहरू भरत राय यादव, प्रधानाध्यापक विष्णुकान्त यादव र स्रोत व्यक्ति लक्ष्मीप्रसाद रायले आरोपित भ्रष्टाचारको कसुरबाट सफाई पाउने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७२।३।१ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम्।

## इजलास नं.२

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CI-०२७०, उत्प्रेषण / परमादेश, कन्हैयालाल अग्रवाल वि. रामग्राम नगरपालिकाको कार्यालय, नवलपरासी

विपक्षी रामग्राम नगरपालिकाले नेपाल कानूनको उल्लङ्घन गर्ने गरी कुनै निर्णय गरेको निवेदनमा उल्लेख गर्न नसकेको र निवेदन पत्रसाथ पेस भएको रामग्राम नगरपालिकाले मिति २०७०।४।३० मा दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित गरेको सूचना भाद्र १५ गतेभित्र सडक केन्द्रबाट दुवैतर्फ २५।२५ फिटभित्र पर्ने भौतिक संरचना, टेवापर्खाल, घर इत्यादि भाद्र १५ गतेभित्र हटाई सडक विस्तार एवम् नाला निर्माण कार्यमा सहयोग गरी दिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ भन्ने भाषाको प्रयोग गरिएको देखियो । उक्त सूचनाको प्रकृति हेर्दा नगरवासीले गर्ने भनेको कार्य बाध्यात्मक नभई स्वेच्छिकरूपमा सहयोगको लागि आह्वान गरेको देखिने।

निवेदकको सम्पत्तिबाट निवेदकलाई प्रचलित कानूनविपरीत हटाउन खोजेको नदेखिएको र निवेदकले निवेदनमा उल्लेख गरे जस्तो नगरपालिकाले कानूनविपरीत काम गरी निवेदकको कानून प्रदत्त हकमा आघात पुऱ्याउन खोजेको भन्ने कुरा मिसिल संलग्न अन्य कुनै प्रमाण कागजातहरूबाट देखिन आएन। यस्तो अवस्थामा निवेदकको निवेदन जारी गर्न नमिली निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको नै देखियो । अतः निवेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित आधार कारणहरूबाट रामग्राम नगरपालिकाबाट मिति २०७०।४।३० मा प्रकाशित सूचनामा निवेदकलाई निजको सम्पत्तिबाट जबरजस्ती हटाउने भन्ने व्यहोरा उल्लेख भएको नदेखिँदा रिट निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलले मिति २०७०।९।१६ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्।

- ०७१-CI-०२६८, उत्प्रेषण / परमादेश, अवधकिशोर अग्रवाल वि. रामग्राम नगरपालिकाको कार्यालय नवलपरासी
- ०७१-CI-०२६९, उत्प्रेषण / परमादेश, छेदीलाल खन्ना वि. रामग्राम नगरपालिकाको कार्यालय नवलपरासी

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CI-०६४८, उत्प्रेषण, महेन्द्र साह सुडी वि. भूमि सुधार कार्यालय, धनुषा

निवेदक महेन्द्र साह सुडीको भूमि सुधार कार्यालय, धनुषाले मिति २०३९।३।३० मा मोही लगत कट्टा गरेको कार्य उत्प्रेषणको आदेशले बदर गरिपाउँ भनी मिति २०७०।८।४ मा निवेदन गरेको देखिन्छ। भूमि सुधार कार्यालयले मिति २०३९।३।३० मा गरेको निर्णयउपरमा निवेदकले तीन दशकभन्दा पछि मात्र सो निर्णय खारेजीको लागि निवदेन गरेको देखियो। निवदेकका पिताको जीवनकालमा भूमि सुधार कार्यालयको निर्णयउपर निवेदन परेको देखिँदैन। धेरै विलम्ब गरी निवेदक अदालत प्रवेश गरेको देखिने।

धनुषा जिल्ला अदालतमा नक्कली रामचन्द्र साहको निवेदनको आधारमा भूमि सुधार कार्यालय, धनुषाले मोही लगत कट्टा गरेकोले सो कार्य किर्ते भएको हुँदा किर्तेमा धनुषा जिल्ला अदालतमा मुद्दा दायर गरेको भनी निजले आफ्नो निवेदनमा उल्लेख गरेको र आफ्नो बाबुको नाममा मोही हक रहेकोले मोही नामसारीमा भूमि सुधार कार्यालय, धनुषामा निवेदन गरेको भनी लगाउको निषेधाज्ञाको निवेदनमा निवेदन गरेको देखिन्छ । यस्तो अवस्थामा किर्तेमा धनुषा जिल्ला अदालतबाट र मोही नामसारीमा भूमि सुधार कार्यालय, धनुषाबाट न्यायिक निर्णय हुने नै देखिने।

अतः उल्लिखित तथ्य एवम् सिद्धान्त र आधार प्रमाणहरूबाट प्रस्तुत उत्प्रेषणको निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरले मिति २०७०।१०।२८ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटरः चन्दनकुमार मण्डल
इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-CI-०६७१, निषेधाज्ञा, महेन्द्र साह सुडी वि. वीरेन्द्र महतोसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CI-०९७३, निषेधाज्ञा, विष्णुदेव महतो वि. उमेश महतोसमेत

जुन आशंकाको अवस्था देखाई निवेदकले रिट निवेदन गरेको छ सो अवस्था व्यतित भई घर निर्माणको कार्य प्रारम्भ भई जमिनबाट ७ फिट अग्लो पर्खालसमेत लगाएको भन्ने कुरा विपक्षीहरूले पेस गरेको फोटोबाट देखिई रहेको अवस्था छ । त्यसको अलावा निवेदकले जसको घर निर्माण भइरहेको छ निजलाई निवेदनमा विपक्षी पनि बनाएको देखिँदैन । निवेदकको हक भोगको जग्गा मिची कसैले घर निर्माण गरेमा सोउपर वैकल्पिक उपचारको मार्गसमेत रहेको देखिन्छ। वैकल्पिक उपचारको मार्ग भएको अवस्थामा रिट क्षेत्रबाट हेर्न नमिल्ने।

निवेदकले आफ्नो जग्गा मिची विपक्षीहरू उमेश महतो र अरूण महतोले घर निर्माण गर्न लागेको आशंका देखाई सो कार्य रोक्नको लागि निवेदन दिएको देखियो । जुन आशंकाको अवस्था देखाई सो रोकी पाउन निवेदकले निवेदन दिएको हो सो आशंकाको अवस्था नभई विपक्षीहरूले घर निर्माणको कार्य अन्तिम चरणमा पुऱ्याएको अवस्था देखिँदा निवेदकको निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, राजविराजले गरेको फैसला मिलेको नै देखियो । पुनरावेदकको निवेदन मागबमोजिम निषेधाज्ञा जारी गरिपाउँ भनी गरेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित सिद्धान्त र आधार कारणहरूबाट निवेदकको निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, राजविराजले मिति २०७१।३।२९ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-१११८, १३३२, जबरजस्ती करणी, बलबहादुर चौधरीसमेत वि. नेपाल सरकार र वीरबहादुर चौधरी वि. नेपाल सरकार

प्रतिवादी बलबहादुर चौधरी र कुइरे डगौरा चौधरी कसुरमा इन्कार गरी सुरू अदालतसमक्ष बयान गरेको पाइन्छ । प्रतिवादीहरू वीरबहादुर चौधरी, बलबहादुर चौधरी र कुइरे चौधरी मेरो कोठाभित्र पसी कसैले घाँटी च्यापी कसैले हात खुट्टा च्यापे । पहिला वीरबहादुरले जबरजस्ती करणी गरे त्यसपछि कुइरे र बलबहादुरले करणी गरे भनी पीडितले सुरू जाहेरी व्यहोरालाई समर्थन गरी अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । त्यस्तो प्रकृतिको घटना एकजनाले मात्र घटाउन सक्दैन । घटनामा तीनजनाकै संलग्नता रहेको छ भनी वस्तुस्थिति मुचुल्काका राजबहादुर ओली, सूर्यदेव भट्ट र पार्वती विष्टले मौकाको कागज व्यहोरालाई समर्थन गर्दै अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । यसरी उल्लिखित विवेचित तथ्य एवम् प्रमाणहरूबाट पीडितलाई जबरजस्ती करणी गर्ने कार्यमा यी सबैजना प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुन आउने ।

वारदातको प्रकृति हेर्दा एक्लो मानिसले वयस्क महिलालाई जबरजस्ती करणी गरेको होला भन्ने कुरा तर्कसङ्गत देखिएन । पीडितको शरीर तथा बच्चासमेतलाई लागेको चोटपटकको प्रकृति हेर्दा एक्लैले जबरजस्ती करणी गरे भन्ने तर्क पत्यारिलो नभएकोले प्रतिवादीहरू तीनैजनालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम जनही कैद वर्ष ५(पाँच) र सोही महलको ३(क) नं. बमोजिम जनही थप ५ वर्ष कैद हुने र प्रतिवादीहरूबाट पीडितले दामाशाहीले हुन आउने ८०,०००।- क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मिलेकै देखिने ।

चोरीको हकमा बाकसको कुण्डी भाँचिएको भए पनि जाहेरवालीको घरबाट चोरी भएको भनिएको कुनै दशी प्रमाण यी प्रतिवादीहरूको सँगसाथबाट बरामद नभएको, चोरी गरेमा यी प्रतिवादीहरू अनुसन्धान र अदालतसमेतमा इन्कार रहेको साथै चोरी गरेको आरोपको पुष्ट्याईं ठोस र शङ्कारहित रूपबाट नभएको देखिँदा चोरी गरेको भन्ने अभियोग दाबी पुग्नसक्ने नदेखिएकोले चोरी गरेको भन्ने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सो हदसम्म मिलेको नदेखिने ।

अतः पुनरावेदक प्रतिवादीहरूले पीडितसित जबरजस्ती करणी गरेको ठहर गरी निजहरूबाट पीडितलाई क्षतिपूर्तिसमेत भराई दिने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।१०।९ को फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने र पुनरावेदक प्रतिवादीहरूलाई चोरीको महलको १४(२) नं. बमोजिम सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई चोरीको कसुरबाट प्रतिवादीहरूले सफाइ पाउने ।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक २४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-०९३९, जबरजस्ती करणी, ओमनारायण प्याकुरेल वि. नेपाल सरकार

आफ्नो पुनरावेदन जिकिरमा प्रतिवादीले अनुसन्धान अधिकारीसमक्षको बयान आफूलाई नसुनाई सहिछाप गराएको भनी उल्लेख गरेका छन् । पीडितको योनीमा आफ्नो लिङ्ग दलेको हो भनी अनुसन्धानमा साबितै रहेको पाइन्छ । पीडितको

मौका एवम् अदालतसमक्षको भनाइ, जाहेरी दरखास्त एवम् जाहेरवाला र पीडितकी आमासमेतको भनाईसँग मेल खाने गरी सिलसिलेवार रूपमा गरेको प्रतिवादीको मौकाको बयानलाई अपत्यारिलो र प्रतिवादीको इच्छा विरूद्ध गराएको हो भनी अनुमान गर्नसक्ने अवस्था नदेखिने।

तसर्थ मिसिल संलग्न जाहेरी दरखास्त, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, पीडितको बकपत्र, प्रतिवादीले अनुसन्धानको क्रममा एवम् अदालतमा गरेको बयान, जाहेरवालाको बकपत्र समेतको आधारमा झापा जिल्ला अदालतबाट प्रतिवादी बाबुराम भन्ने ओमनारायण प्याकुरेललाई जबरजस्ती करणीको महलको १ नं. र ३ नं. बमोजिम ११ वर्ष कैद हुने तथा सोही महलको १० नं. बमोजिम पीडितलाई पन्ध्र हजार रूपैयाँ क्षतिपूर्ति भराइदिने गरी भएको मिति २०७१।२।१३ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७१।१२।१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०५५५, कर्तव्य ज्यान, नेपाल सरकार वि. पराग केवटसमेत

प्रतिवादी पराग केवटको हकमा हेर्दा निज प्रतिवादी आफूले कटेश्वर यादवलाई मार्न वचन दिएको, कुटपिट छेकवार गरेको वा मार्नलाई संयोग पारी दिएको तथ्य मिसिल संलग्न कागज प्रमाणबाट समर्थित भइरहेको देखिँदैन। जाहेरवाला एवम् घटना विवरण कागज गर्ने मानिसहरू रामप्रसाद यादव र इन्द्रेश यादवले समेत यी प्रतिवादीले कटेश्वर यादवलाई समातेर कुटपिट गरेको वा छेकबार गरेको भनी लेखाउन सकेका छैनन् । वारदातस्थलमा उपस्थित अन्य अभियुक्तहरूले पनि पराग केवटलाई पोल गरी बयान गर्नसकेको देखिँदैन। यी प्रतिवादीले आरोपित कसुरमा इन्कार रही अदालतमा उपस्थित भई बयान गरेका छन्। जाहेरवाला एवम् घटना विवरण कागज लेखाउने मानिसहरूले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत प्रतिवादी पराग केवटले आरोपित कसुर गरेको भनी किटान गरी बकपत्र गर्नसकेको अवस्था छैन । यसरी यी प्रतिवादीले मृतकलाई मार्नलाई वचन दिएको, हात हाली समाएका, छेकवार गरेका एवम् कुटपिट गरेका मिसिल संलग्न कुनै कागज प्रमाणबाट ठोसरूपमा पुष्टि भएको नदेखिएकोले निजलाई आरोपित कसुरमा शंकाको भरमा मात्र सजाय गर्दा त्यो फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने।

मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम कसुरमा आरोपित व्यक्तिहरू छागुर केवट, लालु केवट, विजय कुर्मी भन्ने विजय कुमार चौधरी, रामदास कुर्मी, खेदु कुर्मी, विन्ध्याचल यादव (अहिर), बाठे भन्ने राजेन्द्र केवट, भगवानदास वनिया र घनश्याम केवटको हकमा हेर्दा, यी प्रतिवादीहरू अनुसन्धानको क्रममा बयान गर्दा वारदातस्थलमा उपस्थित रहेको कुरा स्वीकार गरेपनि अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रहेका छन्। निजहरूको सो इन्कारी बयान निजका साक्षीहरूको बकपत्रबाट समर्थित भएको छ । वस्तुस्थिति मुचुल्काका केही मानिसहरूले प्रतिवादीहरू सबै जना वारदातस्थलमा उपस्थित थिए भनी अदालतमा बकपत्र गरेका छन् भने केहीले त्यसमध्ये केही प्रतिवादीहरू वारदातस्थलमा उपस्थित थिएनन् भनी उल्लेख गरेका छन्। जाहेरवाला शिवप्रसाद यादवले अदालतमा उपस्थित भई बकपत्र गर्दासमेत सबै जना प्रतिवादीले हानेका हुन् तर कसले केले हानेको थाहा भएन भनी गोलमटोलरूपमा बकपत्र गरेका छन् । यसरी जाहेरवाला एवम् घटना विवरण कागज गर्ने मानिसहरूको भनाई एक आपसमा

बाझिएको अवस्था देखिन्छ । फौजदारी कसुरमा कसैलाई सजाय गर्दा ऊ दोषी देखिने स्पष्ट प्रमाण हुन अति आवश्यक हुन्छ । स्पष्ट प्रमाणको अभावमा शंकाको भरमा मात्र कसैलाई सजाय गर्न न्यायसम्मत नहुने हुनाले यी प्रतिवादीहरूलाई सफाई दिने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा मान्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादीहरू पराग केवट, छागुर केवट, लालु केवट, विजय कुर्मी भन्ने विजय कुमार चौधरी, रामदास कुर्मी, खेदु कुर्मी, विन्ध्याचल यादव (अहिर), बाठे भन्ने राजेन्द्र केवट, भगवानदास वनिया र घनश्याम केवटलाई सफाई दिने सुरू फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल माघ १९ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-CI-०९९१, परमादेश, रामसागर मुराउ वि. हिरमिनिया गाउँ विकास समितिको कार्यालय, बाँकेसमेत

निवेदकले माग गरेबमोजिम सिफारिस दिनुपर्ने वा दिन नमिल्ने भए सोही व्यहोराको निर्णय गर्नुपर्नेमा सो केही नगरी निवेदन नै दरपिठसमेत नगरेको कार्य कानूनसङ्गत देखिन नआउने ।

निवेदकले निवेदनमा नागरिकताको प्रमाणपत्रको लागि हिरमिनिया गाउँ विकास समितिको कार्यलयले सिफारिस दिन इन्कार गरेकोले सिफारिस गरिदिनु भन्ने परमादेशको आदेश जारी गरी पाउन माग गरेकोले परमादेश जारी हुने नहुनेसम्म आदेश गर्नुपर्नेमा पुनरावेदन अदालत, नेपालगञ्जले धर्मपुत्रले नागरिकता पाउन सक्ने नसक्ने भन्ने विषयमा वृहत् विवेचना गरी धर्मपुत्रको हैसियत, आधार र नागरिकता ऐनसमेतको आधारमा निवेदकले नागरिकता पाउनै नसक्ने जस्ता दाबीभन्दा बाहिर गई नागरिकता दिने अधिकारी जस्तो भई निर्णय गरेको पुनरावेदन अदालत, नेपालगञ्जको आदेशमा गम्भीर त्रुटि देखिन्छ । विपक्षी कार्यालयसमेतको सो कार्य कानूनअनुरूपको नदेखिएकोले पुनरावेदकको निवेदनपत्र खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९/९/४ को आदेश मिलेको नदेखिँदा उल्टी हुने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट समेत निवेदकले अब नागरिकताको प्रमाणपत्र पाउनका लागि सिफारिस माग गर्न आएमा सो निवेदन दर्ता गरी सिफारिस दिन मिल्ने नमिल्ने सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षीहरू हिरमिनिया गा.वि.स.को कार्यालय बाँकेसमेतको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-०६५०, उत्प्रेषण, कुमारीतारा वडु वि. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमीसमेत

उच्च माध्यमिक शिक्षा परिषद्, पदपूर्ति समितिबाट प्रकाशित उक्त विज्ञापन नं. ४/०६२।०६३ को शाखा अधिकृत पदको लागि लिइएको सो परीक्षामा मिति २०६८।४।१० को सूचनाअनुसार सिफारिस हुनुभएका उम्मेदवारमध्येकै सिता निरौलाले पदपूर्ति समितिले सूचना प्रकाशित गरेको मितिले २१ दिनको

म्यादभित्रैमा सो पदमा हाजिर भइसकेपश्चात् मात्र उक्त पदबाट निजले राजिनामा दिएको देखिन आएकोले सो राजिनामाको कारणबाट उक्त पद रिक्त हुन आएको देखियो। सो पदमा सिफारिस भएको मितिले ६ महिनाको अवधिभित्रैमा सो पदमा उक्त प्रतिक्षा सूचिमा रहेको उम्मेदवारले स्थायी नियुक्ति पाउनु पर्ने भनी दिएको निवेदनका आधारमा निज निवेदकलाई स्थायी नियुक्ति दिन सकिने भन्ने कानूनी व्यवस्थाको विद्यमानता नरहेको कुरा सो उच्च माध्यमिक शिक्षा परिषद् कर्मचारी सेवा सर्तसम्बन्धी विनियमहरू, २०५३ को विनियम १८ मा गरिएको व्यवस्थामा स्पष्ट रहेको हुँदा निवेदकले जिकिर लिएबमोजिमको शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २५(२) र लोक सेवा आयोग नियमावली २०६७ को नियम ३४(१)(ख) को व्यवस्था यस सन्दर्भमा आकर्षित हुन सक्नेसमेत नदेखिने।

उच्च माध्यमिक शिक्षा परिषद् पदपूर्ति समितिबाट प्रकाशित गरिएको सो विज्ञापन नं. ४।०६२।०६३ को शाखा अधिकृत पदको पदपूर्तिको लागि छनोट भई मिति २०६८।४।१० मा सिफारिस भएका उम्मेदवारहरूमध्येको सीता निरौलाले उक्त पदमा नियुक्ति लिई हाजिर भइसकेपश्चात् निजले सो पदबाट राजिनामा दिएको देखिएकोले सो पदमा नियुक्ति नलिएमा वा नियुक्ति लिई ७ दिनभित्र हाजिर नभएमा मात्र वैकल्पिकले नियुक्ति पाउने विनियममा व्यवस्था भएकोमा सो व्यवस्थाअनुसार उक्त पद वैकल्पिक उम्मेदवारबाट पूर्ति हुने गरी खाली भएको नदेखिएको हुँदा निवेदकलाई उक्त उच्च माध्यमिक शिक्षा परिषदबाट "निजको निवेदन मागबमोजिम उक्त पदमा नियुक्ति दिन नमिल्ने" भनी जानकारी गराई निजलाई दिइएको उक्त च.नं.१५४६ मिति २०६८।७।२८ को पत्र कानूनसम्मत रहेको देखिने।

तसर्थ, माथि प्रकरण प्रकरणमा विश्लेषण गरिएका तथ्य र कानूनसमेतका आधारमा "उच्च माध्यमिक शिक्षा परिषद् कर्मचारी सेवा सर्तसम्बन्धी विनियम २०५३ को दफा १८ उप विनियम २ मा व्यवस्था भएअनुसार मागबमोजिम नियुक्त दिन नमिल्ने" भनी निवेदकलाई उच्च माध्यमिक शिक्षा परिषद् प्रशासन माहाशाखाको च.नं.१५४६ मिति २०६८।७।२८ को पत्रबाट दिइएको जानकारी कानूनसम्मत रहेको देखिँदा निवेदनबमोजिमको आदेश जारी हुनसक्ने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः हर्कमाया राई
इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-०८९३, उत्प्रेषण / परमादेश, पारससिंह साउद वि. नेपाली सेना रणशुर गुल्म गढी ब्यारेक, बैतडीसमेत

निवेदकलाई सजाय गर्नुअघि पनि मादक पदार्थ सेवन गरी झैझगडा गरेको कसुरमा ३० दिन कैद र ३ वर्ष बढुवा रोक्का हुने सजाय र आफूखुशी गयल परेको कसुरमा २२ दिन कैद र २ वर्ष तलब वृद्धि रोक्का गर्ने सजाय भइसकेको भन्ने सैनिक विशेष अदालत (पुनरावेदन समिति) को लिखित जवाफबाट देखिएकोले पटकपटक अनुशासन भङ्ग गरी कारबाहीमा परी सजायसमेत पाइसकेका निवेदकलाई साँधिकार निकायबाट सुनुवाइको मौका दिई कानूनी अख्तियार प्राप्त उक्त अदालतबाट भएको फैसलामा निवेदकले जिकिर लिएबमोजिमको कानूनी त्रुटि रहेको भनी मान्न मिल्नेसमेत नदेखिने।

निवेदकउपर लागेको उक्त अभियोगका सम्बन्धमा साँधिकार निकाय समरी सैनिक अदालतमा मुद्दा दायर भएको देखिएको र सो मुद्दा सुनुवाइ गर्ने

अदालतले समेत निवेदकलाई बयानसमेत लिई सुनुवाइको पर्याप्त मौका प्रदान गर्दै कानूनबमोजिम फैसला गरेको र सैनिक विशेष अदालतले आफ्नो पुनरावेदकिय रोहबाट सुनुवाइ गर्दा यी निवेदकका तर्फबाट रहनुभएका कानून व्यवसायीको प्रतिनिधित्वलाई समेत स्वीकार गरी निवेदकको हकमा सुनुवाइको हकलाई मार्ग प्रशस्त गरी मिति २०६८।९।७ मा फैसला भएको देखिएबाट यी निवेदकलाई आफूउपरको उक्त अभियोगका सम्बन्धमा पर्याप्त सुनुवाइको मौका नै प्रदान नगरिएको भन्ने निवेदकको निवेदन जिकिरसँगसमेत सहमत हुन नसकिने।

अतः माथि विवेचना गरिएका आधार एवम् कारणहरू समेतबाट प्रस्तुत रिट निवेदन माग दाबीबमोजिम सुरू समरी जनरल सैनिक अदालतको फैसला सदर हुने ठहराई मिति २०६८।९।७ मा भएको सैनिक विशेष अदालतको फैसला बदर गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७१-CI-०५५६, उत्प्रेषण / परमादेश, विष्णुमणि गौतम वि. महेश भुषालसमेत

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ले कुनै पनि ऋणीले आफूले कर्जा लिएको बैंक तथा वित्तीय संस्थासमक्ष तिर्नुपर्ने रकम तिरी कर्जा राफसाफ गरी आफ्नो धितो रहेको सम्पत्ति फिर्ता पाउने अधिकारलाई बन्देज लगाएको देखिँदैन। सिद्धान्ततः बैंक वा वित्तीय संस्था भनेको कानूनी व्यक्ति (Legal Person) हो। कानूनी व्यक्तिले कानूनद्वारा निर्दिष्ट काम मात्र गर्न पाउने र कानूनी दायराभन्दा बाहिर गई गरेको कामले कानूनी मान्यतासमेत पाउन सक्दैन। यसरी प्रत्यर्थी बैंकले कानूनी आधार एवं कारण नखुलाई ऋण चुक्ता गरे पनि धितो रहेको सम्पत्ति फुकुवा गर्न नमिल्ने भनी मिति २०६९।१२।२७ मा जारी गरेको पत्र कानूनबमोजिम देखिन नआउने।

बैंकिङ कसुर मुद्दामा धितो रोक्का राख्नु पर्ने भए सो मुद्दा बाट नै रोक्का राख्न सक्ने नै हुँदा सो मुद्दा चलेको कारणबाट मात्र प्रत्यार्थी निवेदकले आफूले लिएको ऋण चुक्ता गरेपश्चात् समेत जग्गा फुकुवा गर्न नमिल्ने भन्न नमिल्ने हुँदा निवेदकको श्रीमती मन्जिला भुषालको नामको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं २(क) कि.नं. ८३३ र कि.नं. ८३१ को जग्गा धितो राखी कर्जा लिएकोले उक्त निवेदकउपर बैंकिङ कसुरको मुदामा अन्तिम फैसला नभएसम्म निवेदन मागबमोजिम कर्जा चुक्ता गरी धितोमा राखिएको जग्गा फुकुवा गर्न नमिल्ने भनि पुनरावेदक बैंकले मिति २०६९/१२/२७ मा जारी गरेको पत्र उत्प्रेषणको आदेशले बदर हुने र निवेदकहरूले जे जे तिर्नुपर्ने ऋण तिरेपछि सो ऋणबापत धितो राखेको जग्गा कानूनबमोजिम फुकुवा गरिदिनु भनी प्रत्यार्थीहरूका नाममा परमादेशको आदेश जारी हुने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०/९/२८ को आदेश मिलेको देखिँदा अन्यथा गर्नपर्ने अवस्था नदेखिने।

अतः माथि उल्लेखित आधार, प्रमाण र कारणहरू समेतबाट निवेदक / विपक्षीको श्रीमती मन्जुला भुषालको नाममा रहेको कि.नं. ८३३ र कि.नं. ८३१ को जग्गा धितोमा राखी लिएको ऋण चुक्ता गरी धितोमा राखिएको जग्गा फुकुवा गर्न नमिल्ने भनी पुनरावेदक बैंकले निवेदकलाई दिएको मिति २०६९/१२/२७ को पत्र उत्प्रेषणको आदेशले बदर हुने र निवेदकहरूले जे जे तिर्नुपर्ने ऋण तिरेपछि सो ऋणबापत धितो राखेको जग्गा कानूनबमोजिम फुकुवा गरिदिनू भनी प्रत्यार्थीहरूका नाममा परमादेशको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति

२०७०/९/२८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ १९ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-RB-००२३, भन्सार महसुल, वीरगञ्ज भन्सार कार्यालयसमेत वि. ज्योति राणा

तोकिएको म्यादभित्र जाँचपास पछिको परीक्षण हुन नसके गुज्रेको म्यादपश्चात पनि PCA गर्न पाउने कानूनी व्यवस्था भए पाइँदैन । कानूनले तोकेको म्याद व्यतित भएपछि भन्सार अधिकृतले स्वयम् क्षेत्राधिकार ग्रहण गरी छुट भन्सार महसुल प्रत्यर्थी प्रा.लि.बाट असुलउपर गर्ने गरी गरेको निर्णय कानूनबमोजिम भएको भन्न मिल्ने अवस्थासमेत देखिँदैन। कर लगाउने वा उठाउने कार्य संवेदनशील र गहन प्रकृतिको भई करदाताको आर्थिक हितसँग प्रत्यक्ष सरोकार राख्ने विषय हो। कानूनबमोजिम बाहेक कुनै कर लगाइने वा उठाइने छैन भनी नेपालको संविधानले समेत करदाताको हक हितलाई सुरक्षा प्रदान गरेको छ । कानूनमा भएको व्यवस्था सबैलाई समानरूपले लागू हुने न्यायको सर्वमान्य सिद्धान्त हो । कानूनले तोकेको हदम्याद नघाई गरेको काम कारवाहीले कानूनी मान्यता प्राप्त गर्न नसक्ने स्वतः स्पष्ट छ । कानूनको परिधिभन्दा बाहिर कोहि पनि जान नसक्ने र कानूनी व्यवस्थालाई अनदेखा गरी निर्णय गर्ने अधिकार कुनै व्यक्ति वा निकायलाई नहुने । ६० दिनको म्यादपछि मिति २०६५।३।२६ मा भन्सार विभागबाट PCA सम्बन्धमा पत्र लेख्दै प्रत्यर्थी ईना सेन्टर प्रा.लि. बोधार्थ दिएको मिसिल संलग्न कागजातबाट देखिन्छ । जुन कार्य आर्थिक ऐन, २०६४ को दफा २ को अनुसूची १ को दफा ७ को उपदफा १६ अनुकूल रहेको देखिएन। राजस्व न्यायाधिकरणबाट भएको फैसला बदर गरिपाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

तसर्थ पैठारीकर्ताको हकमा आर्थिक ऐन, २०६४ को दफा २ को अनुसूची १ को दफा ७ को उपदफा १६ बमोजिम ६० दिन नघाई गरेको जाँचपास पछिको परीक्षण (Post Clearance Audit) कानूनबमोजिमको नदेखिँदा मिति २०६५।३।२२ को PCA गरिएको निर्णय र सो निर्णयबमोजिम भन्सार दस्तुर तथा जरिवानासमेत असुल गर्ने गरेको भन्सार विभागको निर्णय खारेज हुने ठहराई राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६७।७।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यमप्रसाद बास्कोटा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CI-१५४८, निषेधाज्ञा, बादुरे दमाई वि. लक्ष्मीदत्त जोशी

पुनरावेदक बादुरे दमाईले आफ्नो निर्विवाद हकभोग, स्वामित्व रहेको जग्गा भीमदत्त नगरपालिका क्षेत्रभित्रको हुँदा आवश्यक कानूनी प्रक्रिया पुऱ्याई घर बनाउने कार्यको थालनी डि.पि.सि.गर्नुपर्नेमा उक्त कानूनी प्रक्रिया नपुऱ्याई लक्ष्मीदत्त जोशीको नाममा दर्ता स्रेस्ता कायम भई जग्गाधनी दर्ता प्रमाण पुर्जा भएको कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका वडा नं. ५ को कि.नं.१४०९ क्षेत्रफल ००६७७.०६ को जग्गामा घर निर्माण गर्ने प्रयोजनका लागि जग खोदान गरी निर्माण कार्य गरेको देखिएकोले उक्त जग्गामा कुनै किसिमको घर बनाउने कार्य नगर्नु, नगराउनु भनी

विपक्षीको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत, महेन्द्रनगगरबाट मिति २०७१/५/४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल मङ्सिर २३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-०७१५, कर्तव्य ज्यान, राजकपुर सरवरिया वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी राजकपुर सरवरियाले मौकामा तथा अदालतसमक्ष बयान गर्दा मृतकले तेरो घरमा मैले आगो लगाइदिएको हो के गर्छस् भनी पटकपटक भनेकोले तत्काल उठेको रिस थाम्न नसकी साथमा रहेको दबियाले मृतकको घाँटी र हातमा प्रहार गरेको चोटबाट मृतक मरेका हुन् भनी कसुरमा साबिती भई बयान गरेको देखिन्छ । सो साबिती बयानलाई जाहेरवालाले जाहेरीलाई अदालतमा उपस्थित भई जाहेरी सनाखत गरी यी प्रतिवादीको कर्तव्यबाट मृतकको मृत्यु भएको हो भनी गरेको बकपत्र, पोस्टमार्टम रिपोर्ट, लास जाँच प्रकृति मुचुल्का र वस्तुस्थितिका मानिस सानदेव भन्ने मिथिलेश्वर सरवरियाले यी प्रतिवादीले नै मृतकलाई मारेकोमा विश्वास लाग्दछ भनी अदालतमा उपस्थित भई बकपत्रसमेत गरिदिएबाट पुष्टि भइरहेको देखिन्छ। निज प्रतिवादीले आफ्नो साक्षी प्रमाण केही पनि नराखेको समेतबाट घटनालाई स्वीकारी मृतकलाई कर्तव्य गरी मारेकोमा साबिती रही बयान गरेको देखिएबाट निज प्रतिवादी राजकपुर सरवरियालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।११।०३ मा भएको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

प्रतिवादी राजकपुर सरवरियाले मृतकले तेरो घरमा आगो लगाइदिएँ भनी पटकपटक भन्दा तत्काल उठेको रिस थाम्न नसकी उसै बखत बाँस काट्न भनी साथमा लिइराखेको दबिया (फलामको दाउ) ले मृतकको घाँटी तथा हातमा प्रहार गरेको पाइएको छ । मृतकको घाँटीको गर्दनको भागमा अन्दाजी ६ इन्च लम्बाइ भएको, दायाँ कुममा करिब ५ इन्च लम्बाइ दाहिने हातको हत्केला तथा नाडीको भागमा समेत काटिएको भनी मृतकको लास जाँच मुचुल्कामा उल्लेख भएको देखिन्छ। यसरी वारदातमा प्रतिवादीले मृतकलाई साधारण लाठा, ढुङ्गा, लात र मुक्काले प्रहार गरेको देखिँदैन। प्रतिवादी राजकपुर सरवरियाले मृतकलाई बाँस काट्न भनी लिइराखेको दबिया (फलामको दाउ) जस्तो धारिलो जोखिमी हतियार प्रहार गरी तत्काल उसै बखत मृतकको मृत्यु भएको देखिँदा उल्लिखित कानूनी व्यवस्थाका आधारमा यी प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुर अपराध गरेको भनी आवेशप्रेरित हत्यामा भएको हो भनी मान्न नसकिने।

प्रतिवादी मृतकले तेरो घरमा मैले आगो लगाएको हो भने पटकपटक भनेपछि आवेशमा आई घटना घटेको पाइन्छ । यसरी कुनै पनि मानिस कुनै कारणले आवेश तथा आवेशमा आई प्रहार गर्न सक्छ र सोही कारणले मानिसको अचानक मृत्युसमेत हुनसक्ने यथार्थलाई मनन् गरी आवेशप्रेरित हत्यामा पर्नसक्ने देखिने तथा परिमाणको पूर्व जानकारी हुने हुँदा जोखिमी हतियार (फलामको दाउ) दबिया प्रयोग भई मृतकको मृत्यु हुन गएको अवस्थामा आवेशप्रेरित नहुने गरी कानूनी व्यवस्था गरिएको हो। तसर्थ, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. अनुसारको कसुर कायम गरिपाउँ भनी प्रतिवादीको पुनरावेदन जिकिरसँग

सहमत हुन नसकिने ।

प्रतिवादी राजकपुर सरवरिया बाँस काट्न भनी दबिया बोकी सिंघिया खोलातर्फ जाँदै गर्दा गाईभैंसी चराइरहेका अर्जुनकुमार रायले तेरो घरमा मैले नै आगो लगाइदिएको हो भनी पटकपटक भनेपछि निज प्रतिवादीले तत्काल उठेको रिस थाम्न नसकी आफूसँग रहेको दबियाले प्रहार गर्दा मृतकको घाँटीमा लाग्न गई तत्काल मृत्यु भएको देखिन्छ । प्रतिवादीले मृतकलाई मार्नुपर्ने पूर्वनियोजित योजना पनि बनाएको देखिँदैन । मार्ने मनसाय पनि रहेको पाइँदैन । यी प्रतिवादी नितान्त गरिब र रिक्सा चालक तथा निजको परिश्रममा आश्रित ४ जना परिवारसमेत रहेको, मृतकको उत्तेजनात्मक अभिव्यक्तिबाट सुरूमै घटना घटेको, यी प्रतिवादीले मौकामा र अदालतमा सत्य कुरा प्रकट गरी साबिती बयान दिई न्यायिक प्रक्रियालाई सहयोग पुर्‍याएको देखिएको अवस्थाबाट, निजलाई ऐनअनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा निज प्रतिवादी राजकपुर सरवरियालाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १२(बाह्र) वर्ष मात्र कैद सजाय गर्नु न्यायोचित देखिने ।

अतः माथि विवेचित आधार, प्रमाण र कारणहरू समेतबाट प्रतिवादी राजकपुर सरवरियाले अभियोग माग दाबीअनुसार आरोपित कसुर गरेको ठहर गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०६८/१२/१३ मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहरी भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९/११/०३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । सो ठहरे पनि निज पुनरावेदन / प्रतिवादी राजकपुर सरवरियालाई ऐनअनुसार सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १२(बाह्र) वर्ष मात्र सजाय हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-RC-०१०८ र ०७१-CR-०६०७, कर्तव्य ज्यान, नेपाल सरकार वि. हर्कबहादुर राई र हर्कबहादुर राई वि. नेपाल सरकार

आफूलाई जन्म दिने ७२ वर्षको वृद्ध बाबुलाई आफ्नै घरबाट कोदालोको बिँड साथमा लगी बाँसको लाठीले समेत कुटपिट गर्दा गाउँका लालबहादुर राई आइपुगेर कुटपिट नगर बाबु मर्छ भन्दा मेरो श्रीमती मर्न लागी भने यसलाई मार्छु भन्दै कुटपिट गरेका हुन् भनी निजले अदालतसमक्ष बकपत्र गरेको समेतबाट आफूलाई जन्म दिने बाबुलाई मार्ने मनसायले कुटपिट गरी मारेको सप्रमाण पुष्टि भएको देखिँदा यी पुनरावेदक प्रतिवादी हर्कबहादुर राई दनुवारलाई सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६९।०२।१० मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. बमोजिम कसुर ठहर्‍याई सो कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई भएको फैसला साधक जाहेर भई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।०२।०७ मा साधक सदर भई भएको फैसला मिलेको देखिँदा सदर हुने ।

अतः माथि विवेचित आधार, प्रमाण र कारणहरू समेतबाट पुनरावेदक / प्रतिवादी हर्कबहादुर राई दनुवारले अभियोग माग दाबीअनुसार आरोपित कसुर गरेको ठहर गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६९।०२।१० मा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. बमोजिम कसुर गरेको ठहर्‍याई सोही महलको १३(३) नं. बमोजिम

सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहरी भएको फैसला साधक जाहेर भई पुनरावेदन अदालत, पाटनबाट साधक सदर हुने ठहऱ्याई मिति २०७०।२।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७३ साल कात्तिक १९ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-RB-००३१, उपर्युक्त आदेश जारी गरिपाउँ, मानिक लाल बोम्जन वि. मेगा बैंक नेपाल लिमिटेड

करार ऐन, २०५६ को दफा ८७ बमोजिम परेका निवेदनमा अन्तरकालीन प्रकृतिका आदेश माग भई गरिने निवेदन भएकोले यसले करारीय विवादमा अन्तिम आदेश गर्ने हैसियत राख्दैन। यस प्रकृतिका निवेदनहरूले मुद्दाको हैसियत राख्ने नभई self contained procedure का आधारमा करारलाई यथावत् राख्दै करारको पालना नगर्ने प्रवृत्तिलाई निरूत्साहित गर्न अन्तरकालीन प्रकृतिको आदेशबाट करारको परिपालनालाई प्राथमिकता दिने उद्देश्य राख्ने।

अन्तरकालीन प्रकृतिको आदेशउपर पुनरावेदन लाग्ने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ मा समेत नभएकोले यस अदालतमा दायर भएको पुनरावेदन कानूनसम्मत रहेको मान्न नमिल्ने हुँदा प्रस्तुत पुनरावेदन खारेज हुने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WO-०४१९, उत्प्रेषण / परमादेश, गुरुप्रसाद ढकालसमेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत

नेपाल निजामती सेवा नियमावली, २०५० को नियम ८८(६) को अपवादात्मक अवस्थामा यो वा त्यो पद समावेश गर्न पर्नाको कारण सम्बन्धित सेवा सञ्चालन गर्ने निकायले विचार गर्ने कुरा हो। निजामती सेवा ऐन, २०४९ को दफा २१ मा बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम् सेवा अवधि र शैक्षिक योग्यताको शीर्षकअन्तर्गत उपदफा (१) मा "बढुवाको निमित्त उम्मेदवार हुन बढुवा हुने पदको श्रेणीभन्दा एक श्रेणीमुनिको पदको लागि तोकिएबमोजिमको शैक्षिक योग्यता र देहायबमोजिमको न्यूनतम् सेवा अवधि पुगेको हुनुपर्नेछ" भन्ने उल्लेख गरेपनि कम्प्युटर अपरेटर विविध सेवा समूहमा रही सो सेवा समूहमा माथिल्लो पदमा बढुवा हुनसक्ने अवस्था नरहेको र टाइपिष्टहरू प्रशासन सेवा सामान्य प्रशासन समूहमा विगतदेखि नै बढुवा भइरहेको अवस्था हुँदा विविध सेवाका कम्प्युटर अपरेटरहरूको वृत्ति विकाससमेतलाई ध्यानमा राखी निजामती सेवा नियमावली, २०५० को नियम ८८ को उपनियम (३) मा उपनियम (२) बमोजिमको सम्भाव्य उम्मेदवार हुन सम्बन्धित निजामती कर्मचारीले नेपाल सरकार वा नेपाल सरकारले तोकेको निकायबाट सञ्चालित सेवासँग सम्बन्धित कम्तीमा एक महिनाको तालिम लिएको र बढुवा हुने पदको लागि आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ भनी विशेष व्यवस्था गरी वृत्ति विकासको अवसर प्रदान गरेको देखिँदा मौजुदा अवस्थामा निवेदनहरूलाई बाहेक गरी मिति २०७२।८।२३ मा प्रकाशित सूचना नं. ५१४/०७२-७३, बढुवा सूचना नं.२३९/०७२-७३ प्रशासन सेवा सामान्य प्रशासन समूहको रा.प.तृ. श्रेणीको पद संख्या १२० मा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवामा सम्भाव्य उम्मेदवार हुन नपाउने गरी बढुवामा अस्वीकार गर्न सकिने अवस्था नदेखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट निवेदकहरू मिति २०७२।८।२३ मा प्रकाशित सूचना नं.५१४/०७२-७३, बढुवा सूचना नं. २३९/०७२-७३ प्रशासन सेवा सामान्य प्रशासन समूहको रा.प.तृ. श्रेणीको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा गरिने बढुवामा सम्भाव्य उम्मेदवार हुन पाउने नै देखिँदा निवेदकहरूलाई बढुवाको दरखास्त फाराम भर्न नपाउने गरी लोक सेवा आयोगबाट मिति २०७२।८।२९ मा (कम्प्युटर अपरेटरसँग सम्बन्धित) भएको निर्णय र काठमाडौं उपत्यका दरखास्त सङ्कलन केन्द्रको मिति २०७२।९।१ को पत्र उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब निवेदकहरूको बढुवा दरखास्त फाराम बुझी निजहरूलाई बढुवा प्रक्रियामा सामेल गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः यज्ञप्रसाद आचार्य

कम्प्युटरः उत्तरमान राई

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-०३२५, अंश, वलबीर चौधरीसमेत वि. दशीराम चौधरीसमेत

लिखतअनुसार मुखलालको भागमा ३ खण्डको १ खण्ड अंशमा ७।।।३ विगाहा जग्गा परेको भन्ने उक्त कागजमा उल्लेख हुँदा कान्छा भाई देशलालको भागमा पनि त्यति नै जग्गा पर्ने देखिन्छ तर देशलालले गरी दिएको लिखत भरपाईमा सोअनुसारको जग्गा उल्लेख भएको पाइँदैन । थारू जातिको जातीय परम्पराअनुसार धेरै पुस्तासम्म जग्गा जमिन नबाडी आआफ्ना परिवार अलगअलग बसी खेती किसान गरी जीवन निर्वाह गर्ने र परिवारको जेठो व्यक्तिको नाउँमा जग्गा जमिन जिम्मा दर्ता कायम राख्ने प्रचलन रही रहेको तथ्य सर्वविदितै छ । यस अर्थमा पनि वादीका पति तथा पिता देशलालले साहुको ऋण तिरी जग्गा सकार गर्न जंगलाललाई गरिदिएको उक्त कागजकै भरमा निजले अंश पाएका र सो कागज नै अंशबन्डाको अकाट्य प्रमाण हो भनी भन्न पनि न्यायसङ्गत नदेखिने ।

वादीहरू कन्चनपुर जिल्लाको श्रीपुर गा.वि.स.मा र प्रतिवादीहरू लक्ष्मीपुर गा.वि.स.मा अलगअलग स्थानमा बसेका र सगोलका अलगअलग गुँडका परिवार खेती किसानको सिलसिलामा छुट्टाछुट्टै स्थानमा बस्नु र सगोलको परिवारमध्ये कसैको नाउँमा दर्ता रहेको जग्गा दर्तावालाको मृत्युपश्चात् निजका छोराहरूमा नामसारी हुँदैमा त्यस्तो जग्गालाई नामसारी गर्नेको एकलौटी हक लाग्ने जग्गा भन्न पनि कानूनतः मिल्ने अवस्था हुँदैन । प्रमाण ऐन, २०३१ को दफा ६ मा सगोलका परिवारका नाउँमा रहेको जग्गा अन्यथा प्रमाणित नभएसम्म सगोलकै सम्पत्ति हो भनी अनुमान गर्नुपर्ने कानूनी प्रावधान रहे भएको परिप्रेक्ष्यसमेतबाट पनि प्रतिवादीहरूको नाउँमा नामसारी भएको जग्गामा वादीहरूको पति तथा पिताको अंश भाग नरहेको भनी अनुमान गर्न मिल्दैन । त्यसैगरी वादीहरूको नाउँमा पनि अलग-अलग जग्गा दर्ता रहेको कारणबाट छुट्टाछुट्टै भोग व्यवहार गरी वादीहरू छुट्टी भिन्न भएको भनी झिनामसिना आधार र तर्क दिई अंश जस्तो जहिलेसुकै दाबी गर्न सकिने नैसर्गिक अधिकारलाई असर पर्ने गरी अंशबन्डाको महलको ३० नं. को अपव्याख्या गर्नु पनि इन्साफको रोहमा न्यायोचित मान्न नमिल्ने ।

वादी प्रतिवादीहरूबाट पेस भएका तायदाती फाँटवारी हेर्दा वादीहरूको तर्फबाट अमर राज चौधरी, रघुबीर चौधरी र लहानु चौधरीको नाउँमा दर्ता रहेको बन्डा गर्नुपर्ने विभिन्न ६ कित्ता जग्गाहरू र घरको विवरण पेस भएको देखिन्छ । प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीमा निजहरूको संयुक्त नाउँमा र प्रतिवादीमध्येका सुन्दरलाल चौधरीको नाउँमा दर्ता रहेको विभिन्न घर जग्गाहरू वादीहरूको अंश हक नलाग्ने प्रतिवादीहरूको मात्र एकलौटी हक

लाग्ने सम्पत्तिहरू हुन् भन्ने उल्लेख भएको पाइयो । तथापि निजहरूले आआफ्नो ज्ञान, सीप र विशेष योग्यताका आधारमा आर्जन गरेको निजी सम्पत्ति हो भन्ने आधिकारिक प्रमाणहरू पेस गर्न र उक्त जग्गा प्राप्तिका साबिकका स्रोतहरू समेत खुलाई प्रमाण पेस गर्नसकेको अवस्था देखिएन । उक्त जग्गाहरूमध्ये ६ कित्ता जग्गाहरू निजहरूका स्व. पिता जंगलालको नाउँबाट दा.खा. नामसारी भएको पाइयो । बाँकी ३ कित्ता जग्गा दर्ताको स्रोत पनि आधिकारिकरूपमा खुल्न आएको पाइँदैन । तसर्थ, रीतपूर्वकको बन्डापत्रको अभावमा वादी प्रतिवादीहरूका नाउँका तायदातीमा उल्लिखित घर जग्गाहरूलाई प्रमाण ऐन, २०३१ को दफा ६ अनुसार अन्यथा प्रमाणित नभएको अवस्थामा सगोलको सम्पत्ति मान्नुपर्ने ।

वादी प्रतिवादीहरू छुट्टी भिन्न नभएका सगोलका अंशियार भएको तथ्य पुष्टि भइरहेको स्थितिमा वादी प्रतिवादीहरूको नाउँमा अलगअलग सम्पत्ति दर्ता भए तापनि असमान दर्ता र क्षेत्रफलको अनुपात नमिलेको अवस्था, निजी आर्जनको स्रोत प्रमाणित नभएको र निजहरूका पिताहरूको पालामा छुट्टी भिन्न भएको भन्ने आधिकारिक लिखत प्रमाणसमेतका आधारभूत प्रमाणको अभाव देखिएको हुँदा वादीहरूले वादी प्रतिवादीहरूबाट तायदातीमा पेस भएअनुसारको सम्पूर्ण श्रीसम्पत्तिबाट फिराद दाबीबमोजिम स्व.देशलाल चौधरीको भाग पर्ने २ खण्डको १ खण्ड अंश निजका हकदार वादीहरूले प्रतिवादीहरूबाट छुट्याई लिन पाउने नै देखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, वादी प्रतिवादीहरू दुवै पक्षबाट पेस भएको तायदाती फाँटवारीमा उल्लिखित दर्ता स्रेस्तासँग मिले भिडेका सम्पूर्ण घर जग्गासमेतका सम्पत्तिबाट फिराद दाबीबमोजिम स्व.देशलाल चौधरीको भाग पर्ने २ खण्डको १ खण्ड अंश निजका हकदार वादीहरूले प्रतिवादीहरूबाट छुट्याई लिन पाउने ठहऱ्याई पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७१।९।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल कात्तिक ३ गते रोज ४ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७२-CR-०९७९, ठगी, नेपाल सरकार वि. शरणप्रसाद आचार्यसमेत

जाहेरवाली वादी र शरणप्रसाद आचार्य प्रतिवादी भएको लेनदेन मुद्दामा जाहेरवाला र प्रतिवादीबीच रू.६४,९८,०००।– घरसारमा लिई मिति २०६८।३।२९ मा काठमाडौं जिल्ला अदालतमा मिलापत्र भएको पाइयो । उक्त मिलापत्र हुँदा नपुग बिगो रू.८,५०,०००।– को सम्बन्धमा कुनै कागज भएको पाइँदैन । जाहेरवालीले आफ्नो बिगो असुल हुन बाँकी भए सो कुरा उल्लेख गरी कागज गर्नुपर्ने हुन्छ, त्यस्तो कागज भएको तथा बाँकी बिगो असुली भनी प्रक्रिया अगाडी बढाएको पनि देखिदैन । जाहेरीमा रू. ७३,४८,०००।– को बिगो उल्लेख गरेकै आधारमा सो बराबरको रकम यी प्रतिवादीले ठगी गरेको भनी यकिन गरी सोहीअनुरूप सजाय गर्नु न्यायोचित हुँदैन । आफ्नो ठगी भएको रकमबारे स्वयं जाहेरवालाले यकिन गर्न नसकेका र निजले प्रतिवादीसँग लेनदेन मुद्दा को मार्फतबाट आफूले लिन पर्ने रकम बुझी मिलापत्र गरिसकेको अवस्थामा मिलापत्र गरेको रकमबाहेकको जाहेरीमा उल्लिखित रकमको बाँकी बिगो बराबरको रकम ठगी भएको थियो भनी अर्थ गर्न मिल्ने नदेखिने ।

तसर्थ जाहेरवालीले लेनदेन मुद्दामा मिलापत्र

गरी प्रतिवादीबाट रकम प्राप्त गरिसकेकोले बिगो यकिन हुन नसकेको ठगी मुद्दा हुँदा ठगीको महलको ४ नं. बमोजिम प्रतिवादीलाई रू.५,०००।– (पाँच हजार रूपैयाँ) जरिवाना १ महिना १० दिन कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।११।१० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । जाहेरीमा उल्लिखित बिगोबमोजिमको रकम प्रतिवादीबाट जाहेरवालीलाई भराई दिई प्रतिवादी टंक सिटौलाको हकमा म्याद बेपत्ते तामेल भई आएको भनी तामेलीमा राख्ने गरी भएको फैसला बदर होस् भन्ने पुनरावेदक वादी नेपाल सरकारको जिकिर पुग्न सक्दैन । निज प्रतिवादी टंक सिटौलाको अर्को स्पष्ट वतन वादी नेपाल सरकारले खुलाउन नसकेको कारणबाट तामेलीमा रहेकोले स्पष्ट वतन खुली निजको नाउँमा म्याद तामेल भएपछि सोहीअनुरूप कारबाही हुने नै हुँदा, बिगोबमोजिम प्रतिवादीलाई जरिवाना गरी ५ वर्ष कैद गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०७२-CR-१९४०, ठगी, नेपाल सरकार वि. अमृतकुमार राई

अभियोग पत्रमा जाहेरवाली लक्ष्मी पौडेललाई रू.७,९१,३२०।- भराई दिनुपर्ने भनी उल्लेख भई जाहेरी दरखास्त अदालतमा भएको बकपत्र र अभियोग मागदाबीमा उल्लेख गरेको रकमको अंक फरकफरक रहेको देखिन्छ । ठगी भएको भनिएको रकमको अंकमा विरोधाभाष देखिएको अवस्थामा जाहेरवालीको भनाई आफैँमा खण्डित भएको पाइन्छ । यसरी जाहेरीमा उल्लेख भएको नगद रू.५,२०,०००।- भन्दा बढी रकम रू.७,९१,३२०।- ठगी भएको भनी स्पष्ट कारण र आधार खोली अभियोग पत्रमा दाबी लिएको नदेखिएको र सो दाबी पुष्टि हुने खालको ठोस प्रमाण पेस हन नसकेको स्थितिमा जाहेरीमा उल्लेख भएको रकमभन्दा बढी रकम ठगी भएको भन्न मिल्ने कानूनतः देखिन आएन । यसरी जाहेरवाली लक्ष्मी पौडेलको ठगी भएको बिगोभन्दा कम बिगो कायम हुने गरी पुनरावेदन अदालत, पोखराबाट भएको फैसला त्रुटिपूर्ण छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

छेकी शेर्पा तथा बिलबहादुर गुरूङले यी प्रतिवादी अमृतकुमार राईउपर आफ्नो बिगो उल्लेख गरी मौकामा जाहेरी दरखास्त दिएको देखिँदैन भने निजहरूलाई मौकामा समेत बुझिएको पाइँदैन । निजहरू अदालतमा उपस्थित भई बकपत्रसमेत गरेका छैनन् । फौजदारी मुद्दामा अभियोग प्रमाणित गर्ने भार वादी पक्षमा रहने भन्ने फौजदारी न्यायको मान्य सिद्धान्त रहेको हुँदा केवल अभियोग पत्रमा दाबी लिँदैमा निजको बिगोसमेत ठगी भएको भनी यी प्रतिवादीउपर कसुरको दायित्व स्थापित गर्न न्यायसङ्गत हुन आउँदैन । प्रतिवादीउपर कसुर अपराध स्थापित हुन वस्तुनिष्ठ ठोस प्रमाण हुनुपर्दछ । प्रस्तुत मुद्दामा यस प्रकारको स्थिति नदेखिएको हुँदा छेकी शेर्पाको हकमा रू.७५,०००।- र बिलबहादुर गुरूङको हकमा रू.४३,०००।- ठगीको बिगो कायम नगरेको सुरू कास्की जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग मागदाबीबमोजिम बिगो कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार एवं कारणबाट जाहेरवाली लक्ष्मी पौडेलको हकमा बिगो रू.५,२०,०००।- (पाँच लाख बीस हजार) कायम गर्ने गरेको र छेकी शेर्पाको रू.७५,०००।- र बिलबहादुर गुरूङको रू.४३,०००।- बिगो कायम नगरेको सुरू

कास्की जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७२।९।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : विदुरकुमार उपाध्याय
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०७२-CR-१७२२, १७२३, जबरजस्ती चोरी, कृष्णबहादुर बुढाथोकी वि. नेपाल सरकार र किशेश्वर उप्रेती वि. नेपाल सरकार

जाहेरवालाले अदालतमा उपस्थित भई बकपत्र गर्दा जाहेरी व्यहोराको प्रतिकूल बकपत्र गरेको देखिए तापनि निजले मौकामा दिएको हुलिया निवेदन र पछि सम्पूर्ण व्यहोरा खुलाई दिएको जाहेरी दरखास्तका आधारमा यार्सागुम्बा बरामद भएको पाइन्छ । प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानमा हुलिया निवेदन र जाहेरी दरखास्तको व्यहोरा समर्थन गरेको अवस्थामा जाहेरवालाले अदालतमा गरेको बकपत्रको व्यहोरा सत्य रहेछ भनी मान्न मिल्ने नदेखिने।

जाहेरवालाको हुलिया जाहेरी, जाहेरी दरखास्त, प्रतिवादीहरूले एक आपसमा पोल गरी गरेको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, बरामद भएको यार्सागुम्बा, मौकामा बुझिएका मानिसहरूको भनाईसमेतका तथ्यगत एवं परिस्थिति जन्य प्रमाणसमेतका आधारमा प्रतिवादीहरू उपर जाहेरवालाको २५० ग्राम यार्सागुम्बा चोरी गरेको ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नहुँदा प्रस्तुत मुद्दामा सफाई पाउनुपर्दछ भन्नेसम्मको प्रतिवादीहरू कृष्णबहादुर बुढाथोकी र किशेश्वर उप्रेतीको छुट्टाछुट्टै परेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वन नियमावली, २०५१ को अनुसूची ३(च) मा विरूवा जातीमा यार्सागुम्बाको प्रतिकिलो मूल्य रू.१०,०००।- निर्धारण गरिएको अवस्था भएको र वन पैदावर लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६० को दोस्रो संशोधन २०६३ को दफा ६(१) ले समेत सोही मूल्यलाई आत्मसात गरेकाले यार्सागुम्बाको प्रचलित वास्तविक न्यूनतम मूल्य प्रतिकिलो रू.१०,०००।- कायम हुने भनि जिल्ला वन कार्यालयको च.नं. ८७७ मिति २०७२/७/१७ को पत्रबाट देखिएको हुँदा बरामद २५० ग्राम यार्सागुम्बाको मूल्य रू.२५००।- कायम हुने भनि सोअनुसार प्रतिवादीहरुलाई जनही जरिवाना गरेकोसमेत पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिने।

अत: माथि विवेचित आधार र कारणबाट पुनरावेदक प्रतिवादीहरु कृष्णबहादुर बुढाथोकी र किशेश्वर उप्रेतीलाई जनही रू.२५००।- (दुइ हजार पाँच सय) जरिवाना भई प्रतिवादीहरूलाई मुलुकी ऐन चोरीको महलको १२ नं. बमोजिम जनही १ महिना कैद हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७२/८/६ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : विदुरकुमार उपाध्याय
कम्प्युटर : संजय जैसवाल
इति संवत् २०७४ साल जेठ २४ गते रोज ४ शुभम्।

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CI-०२४१, पिलर दिवाल हटाई जग्गा खिचोला चलन, राजेश्वर यादवसमेत वि. देवलाल यादव

तत्कालीन न्याय प्रशासन ऐन, २०४८ (न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको ऐन, २०६७ द्वारा संशोधित) को दफा ९(१) मा भएको कानूनी व्यवस्थामा "पुनरावेदन अदालतले गरेको फैसला वा अन्तिम आदेशउपर देहायका मुद्दाहरूमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ" भनी उल्लेख भई सोही दफाको खण्ड (ग) मा "तीन वर्ष वा सोभन्दा

बढी कैदको सजाय, पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सोभन्दा बढी बिगो भएको वा बिगो नखुलेको मुद्दामा सुरू अदालत निकाय वा अधिकारीले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा" भन्ने उल्लेख भएको हुँदा प्रस्तुत मुद्दामा रू.२०,०००।- सम्मको बिगो देखिएको र सुरू सिराहा जिल्ला अदालतको फैसलाउपर पुनरावेदनको रोहमा पुनरावेदन अदालत, राजविराजबाट फैसला भएको हुँदा प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट भएको सो फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था नदेखिने।

तसर्थ, प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।२।१२ मा भएको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्था नै नरहेकोले प्रस्तुत मुद्दामा दर्ता भई आएको पुनरावेदन पत्र खारेज हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना
कम्प्युटरः अभिषेककुमार राय
इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७१-CR-०२७५, अदालतको अवहेलना, *राजेश्वर यादवसमेत वि. देवलाल यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-CR-०९२४, कर्तव्य ज्यान, शेरबहादुर आले वि. नेपाल सरकार र नेपाल सरकार वि. खिममाया थापा

प्रतिवादी खिममायाले जन्माएको बच्चा उनको नभए अरू कसको हो र शेरबहादुर आलेलाई नै आरोप लगाउनु पर्ने त्यस्तो के, कुन कारण छ भनी प्रतिवादी शेरबहादुर आलेले कुनै प्रमाण पेस गर्नसकेको देखिँदैन। निज प्रतिवादी शेरबहादुर आले वारदातस्थलमा मौजुद नभए तापनि निजले वचन दिएकै कारण खिममाया थापाले आफूले जन्म दिएको बच्चाको कर्तव्य गरी हत्या गरेको भन्ने शंकारहित तवरबाट प्रमाणित हुन आएको हुँदा प्रतिवादी शेरबहादुर आलेलाई पुनरावेदन मागबमोजिम अभियोगबाट पूरै सफाइ दिनुपर्ने नदेखिने।

प्रतिवादी खिममाया थापा वारदातमा साबित रही सोको सिलसिलेवार रूपमा वर्णन गरेकोमा निजको साबिती घटनास्थल लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनबाट समर्थित नै हुन आएको हुँदा निज प्रतिवादीले नवजात शिशुको कर्तव्य गरी मारेको भन्ने कुरामा कुनै विवाद रहेको नदेखिँदा निजबाट अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं.को १३(३) नं. बमोजिमको कसुर भएको प्रमाणित हुन आएको हुँदा अभियोग माग दाबीबमोजिम नै निजलाई ऐ. १३(३) नं. बमोजिम कसुरदार ठहऱ्याएको सुरू फैसला सदर गरी भएको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको नै देखिन आयो । निज प्रतिवादी शेरबहादुर आलेले बच्चा जन्मिनु अघि नै प्रतिवादी खिममाया थापालाई बच्चा जन्माएर मारी गाडी देऊ भनी सल्लाह दिएको देखिएबाट निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (४) बमोजिमको कसुर अपराध गरेको ठहऱ्याई सुरू अदालतले गरेको फैसलालाई सदर ठहर गरी पुनरावेदन अदालत, पोखराबाट भएको फैसलासमेत मिलेकै देखिने।

प्रतिवादी खिममाया थापा पति विदेशमा भएको, गाउँमा बसी खेती किसान गरी बस्ने एक अनपढ महिला देखिन्छन् । पति विदेशमा रहेकोमा एक अपरिचित व्यक्तिसँग फोन सम्पर्कमा रहँदारहँदै प्रेम सम्बन्ध रहन गई शारीरिक सम्बन्धसमेत रहेकोमा सोही शारीरिक सम्बन्धबाट बच्चा जन्मन गएको देखिन्छ । यदि निज प्रतिवादी खिममाया थापा भित्र अपराधिक मनसाय रहेको भए बच्चा पेटमा छ भन्ने

थाहा पाउने बित्तिकै कसैलाई थाहा नदिई abortion गराउँथी होला तर प्रतिवादी शेरबहादुर आलेले बच्चा जन्माउनु पर्छ मेरो बच्चा छैन म तिमीलाई विवाह गर्छु भनी झुट्ठा आश्वासन दिएको कारण बच्चालाई जन्माउँछु नै भनी बसेकी थिइन्। तर, पछि प्रतिवादी शेरबहादुर आलेले बच्चा अपनाउन सक्दिन मारी देउ भनेपछि अरू कुनै विकल्प नभएपछि बच्चालाई मारेको देखिन्छ। हाम्रो जस्तो गाउँ समाज त्यसमा पनि अशिक्षित एक महिला जसको पति विदेशमा छ उसले कसरी समाजको सामना गर्न सक्छे, जसको विश्वासमा बसेकी थिई उसैले विश्वासघात गरेपछि समाजले गर्ने नानाथरी अलोचना, कलङ्कित हुने डर, पतिबाट तिरस्कृत हुने डर र अदालतमा साँचो कुरा गरी न्यायिक प्रक्रियालाई सहयोग गरेकोमा प्रतिवादी खिममाया थापाले गरेको कसुरलाई इन्साफको रोहबाट हेर्दा मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सट्टामा ५ वर्ष कैदको सजाय हुनु पर्ने राय व्यक्त गरिएकोमा सो ५ वर्ष पनि चर्को पर्न जाने देखिँदा मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम ३ वर्ष कैदको सजाय गर्नु मनासिब देखिन आउने।

प्रतिवादी शेरबहादुर आलेको वारदातमा प्रत्यक्ष संलग्नता नभई केवल उनले दिएको वचनको आधारमा प्रतिवादी खिममाया थापाबाट वारदात घटेको हुनाले कसुरदार कायम भएको अवस्था छ। निज प्रतिवादी शेरबहादुर आलेले सुरूमा आफूले बच्चा स्वीकार्ने भने पनि निजको विवाह भएपश्चात् आफ्नो व्यक्तिगत अवस्थाले गर्दा बाध्य भई बच्चा र प्रतिवादी खिममाया थापाको बेवास्ता गरी बच्चा जन्मेमा मारिदिनु भनी वचन दिएको आधारमा प्रतिवादी खिममाया थापाबाट अपराध घट्न गएको देखिन्छ। अपराधको यस पृष्ठभूमिलाईमध्येनजर गर्दा प्रतिवादी शेरबहादुर आलेको प्रत्यक्ष अपराधिक कार्य नदेखिएको अवस्थालाई समेत विचार गर्दा सुरू जिल्ला अदालतबाट निज प्रतिवादीलाई १० वर्षको सजायको राय व्यक्त गरेकोलाई पुनरावेदन अदालतबाट सहमति जनाएकोमा १० वर्ष कैदको सजायसमेत चर्को पर्न जाने देखिँदा मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम ६ वर्ष कैदको सजाय गर्नु मनासिब देखिन आउने।

तसर्थ, मुलुकी ऐन अ.बं.१८८ नं. बमोजिम प्रतिवादीहरूलाई घटी सजाय हुने सन्दर्भमा माथि विवेचित आधार र कारणबाट प्रतिवादी खिममाया थापालाई ३ वर्ष कैद र प्रतिवादी शेरबहादुर आलेलाई ६ वर्ष कैद हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटरः अभिषेककुमार राय

इति संवत् २०७४ साल कात्तिक २० गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७१-CR-०५४५ र ०७१-CR-०६२४, अपहरण, कर्तव्य ज्यान, सोनु हलवाई वि. नेपाल सरकार र नेपाल सरकार वि. अनमोल अग्रवालसमेत

मृतकलाई मिति २०६७।५।३ गते षड्यन्त्रपूर्ण ढंगबाट छलकपट, झुक्यानमा पारी नेपालगंज स्थित निजको घरबाट व्यापार गर्ने बाहानामा नेपालको सीमा कटाई भारतको रूपैहडिया हुँदै लखनउ लगी हत्या गरेबाट अपहरण तथा शरीर बन्धक लिनेको महलको १ नं. को कसुर नेपालमा नै भएको र सोही महलको ११ नं. ले नेपाल बाहिर लैजाने कार्य गरेमा नेपालभित्रै कसुर गरेसरह मानी सजाय गर्न मिल्नेसमेत देखिने।

प्रतिवादीबाट अपहरण गर्ने सम्पत्ति लिने, खाने, मास्ने र हत्या गर्नेसमेतका जुन कसुर हुन गएको भनी अभियोग पत्र पेस भएको छ सो एउटै कारोबार (Single transaction) को श्रृखला हुँदा यहाँ भारतमा लास फेला परेको भन्ने मात्र कारणले नेपालमा मुद्दा

नचल्ने भन्न मिल्ने देखिँदैन । त्यसो भन्ने हो भने कसैलाई नेपालमा नै अपहरण गरी हत्या गरेमा मुद्दा चल्न सक्ने तर विदेश लगी हत्या गरेमा मुद्दा नचल्ने एउटा विसंगतिपूर्ण निर्णय निष्कर्षमा हामी पुग्छौं, जुन कानून, न्याय र न्यायका मान्यताप्राप्त सिद्धान्तसमेत अनुकूल हुने नदेखिने ।

अनुसन्धानमा कागज गरी अदालतमा बकपत्र गर्ने रामकृष्ण कुर्मीले सोनु हलवाईसमेत मृतकको घरमा आउजाउ गर्ने गरेको, सो क्रममा मिति २०६७।५।२ गते बेलुकी सोनु हलुवाई र अक्रम हलुवाई आएको देखेको, साथै मृतक निर्मलाले व्यापार गर्ने कि नगर्ने भनी आफूलाई सोधेको भनेका छन् । यस्तै बकपत्र सुभाष बानियाँको समेत छ । सोनुसमेतले कपडाको व्यापार गरौं भनी भनेको कुरा निर्मलाले आफूलाई भनेका र आफूले के कसो हो त्यसै व्यापार गर्नु हुँदैन भनी निर्मलालाई भनेको भन्ने पनि निजले अदालतमा बकपत्र गरेको देखिन्छ । वारदातको दिन भदौ ३ गतेबाट ऐ. ८ गतेसम्म निज प्रतिवादी सोनु हलुवाईसमेत निजको पसलबाट गायब रहेको भन्ने सुभाष बानियाँको भनाई रहेको छ । मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूको समग्रमा मूल्याङ्कन गर्दा र यी प्रतिवादी सोनु हलुवाईको मिसिल संलग्न सि.डी. मा संग्रहित निजको बयानको अंश हेर्दा निज निर्दोष रहेछन् भन्ने अवस्था नदेखिने ।

प्रतिवादी अनमोल अग्रवालले वारदातपूर्व नै मिति २०६६/८/२६ मा जिल्ला प्रहरी कार्यालय कैलालीमा आफ्नो मोबाइल हराएको सूचना दिएको देखिन्छ । निजको हराएको मोबाइलबाट फोन आएको भनेको भरमा कसुरदार ठहर गर्न मिल्ने देखिएन । अतः निज प्रतिवादी अनमोल अग्रवाललाई अभियोग दाबीबाट सफाई दिने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेकै देखिँदा सदर हुने ।

अतः माथि विवेचित तथ्य आधार र कारणसमेतबाट प्रतिवादी सोनु हलुवाईले मृतक निर्मला श्रेष्ठलाई अपहरण गरी हत्या गरेको देखिन आएको हुँदा, निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा १३(३) नं. बमोजिम जन्मकैद हुने र महिला अपहरण गरेतर्फ अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. ले थप २ वर्ष सजाय गर्नुपर्ने नगरेको र सोही महलको १२ नं.ले कसुर भएको दिन देखि निजको मृत्यु हुँदासम्मको दिनको रू. ५००।– ले ४ दिनको रू.२,०००।– क्षतिपूर्ति भराउनु पर्नेमा भरी भराउ मितिसम्मको दिनको रू.५००।– भराउने गरेको सुरू बाँके जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहऱ्याई प्रतिवादी सोनु हलुवाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदबापत २० वर्ष कैद तथा मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र ३ नं. कसुरमा सोही ३ र ७ नं. बमोजिम ९ वर्ष कैद र ९ नं. ले २ वर्ष थप कैद हुने र जाहेरवालाले रू. २,०००।– क्षतिपूर्ति भरी पाउनेसमेत ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७०/११/१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल असार २१ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-WO-०२६९, उत्प्रेषण / परमादेश, रमेश लामा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

२०३४।०३५ सालमा नापी हुँदा जोताहाको नामथर खाली भई विरहमा बुटेन उल्लेख भएको जग्गा मालपोत कार्यालय, नुवाकोटको मिति २०४५।४।१३ को निर्णयले नेपाल सरकारको नाममा दर्ता गरिएको देखिन्छ । २०३४।०३५ सालमा बुटेन उल्लेख भई नापजाँच भएपछि करिब एक दशकपछि २०४५ साल

सम्ममा निवेदकले जग्गा नापजाँच हुँदा गलत भयो भनी कहीँकतै उजुर गरेको भन्ने निवेदनमा उल्लेख गरेको देखिँदैन । २०४५ सालमा सरकारको नाममा दर्ता भइसकेको जग्गा करिब एक दशकपछि गैरकानूनीरूपमा अतिक्रमण भयो भनी अदालत आएको देखियो । दाबी जग्गाको हकदार नै आफू भएको भन्ने स्पष्ट प्रमाण निवेदकसँग रहेभएको नदेखिँदा केवल जिल्ला प्रशासन कार्यालयको सूचनाकै आधारमा दाबीको जग्गामा निवेदकको हक सम्मिलित रहेको छ भनी मान्न नमिल्ने ।

अतः माथि विवेचित आधार र कारणबाट निवेदकको संविधान तथा कानून प्रदत्त हक अधिकारमा आघात पुगेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : टेकनाथ गौतम

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७४ साल माघ ९ गते रोज ३ शुभम् .

- यसै लगाउको ०६७-WO-०२७०, उत्प्रेषण / परमादेश, *चन्द्रबहादुर तामाङ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०६८-WO-०५४१, उत्प्रेषण, *रामप्रसाद लामिछाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदक मिति २०५८।९।१ देखि विद्यालयमा अनुपस्थित रहेको निवेदन व्यहोरामै उल्लेख भएको देखिन्छ । निवेदक तत्कालीन माओवादी सशस्त्र द्वन्द्वको कारण असुरक्षित ठानी विद्यालयमा अनुपस्थित रहेको भन्ने निवेदन जिकिर रहे तापनि सोही कारणले आफू विद्यालयमा उपस्थित रहन नसकेको भन्ने निवेदकले मौकामै सम्बन्धित विद्यालय वा सोको नियमन गर्ने जिल्ला शिक्षा कार्यालयमा सूचना गर्न सकेको देखिएन । मिति २०६३।८।५ मा तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र राज्य पक्षबीचमा विस्तृत शान्ति सम्झौता सम्पन्न भई द्वन्द्वको अन्त्य भएपश्चात् समयमा नै आफू द्वन्द्व पीडित भई विद्यालयमा अध्यापन गराउन असमर्थ भएको भन्ने आधारसहित सम्बन्धित निकायमा उपचारको मार्ग अवलम्बन गर्नुपर्नेमा त्यसतर्फ नलागी अधिकार नै नभएको विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा विद्यालयमा हाजिर भएका भन्ने कुराले पुनर्वहालीको आधार सिर्जना हुन सक्ने अवस्था नहुने ।

विस्तृत शान्ति सम्झौता भएको करिब ५ वर्षपछि मात्र मिति २०६८।९।११ मा निवेदकले प्रस्तुत रिट निवेदन दर्ता गरेको देखिन्छ । आफूलाई मार्का परेको विषयमा उचित समयभित्र उपचारको खोजी गर्नुपर्ने हुन्छ । आफ्नो हक अधिकारप्रति बेवास्ता गरी उचित समयभित्र उपचारको खोजी नगरी अनुचित विलम्ब गरी उपचार माग गर्नेलाई अदालतले मद्दत गर्न नसक्ने । उचित र पर्याप्त आधार कारण बेगर अनुचित विलम्ब गरी यतिका लामो समयपछि मात्र आफ्नो सेवामा पुनर्वहालीको माग गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन । अतः विलम्ब गरी दायर गरेको प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : जयराम श्रेष्ठ

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७४ साल पुस २४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६६-CI-०७६०, बहाल भराई घर खाली, चन्द्रबहादुर खड्गी वि. रत्नकाजी ताम्राकार

घर जग्गा वादी रत्नकाजी ताम्राकारको हकको देखिएको अवस्थामा सो घर जग्गामा प्रतिवादी चन्द्रबहादुर खड्गी बस्दै आएको अवस्थालाई

स्वाभाविकरूपमा नै मान्नुपर्ने देखियो। अर्काको घरलाई आफ्नो भनी दाबी गरेको र बहालसमेत नबुझाएको अवस्था हुँदा वादीलाई प्रतिवादीबाट बहाल दिलाउन लगाई निज प्रतिवादी चन्द्रबहादुरलाई वादी दाबीको घर टहराबाट हटाई घर खाली गराई चलन चलाई दिनु पर्ने भन्ने पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने देखिन नआउने।

तसर्थ माथि विवेचित आधार र कारणबाट वादी दाबीको घर जग्गाबाट प्रतिवादी चन्द्रबहादुर खड्गीलाई उठाई घर खाली गराई चलन चलाई दिने र वादी रत्नकाजीको दाबीबमोजिम २०५५ साल देखि २०६१ चैतसम्मको मासिक रू. ५००।– दरले रू. ४१,०००।– तथा फिरादपत्र दायर भएका मितिदेखि घर खाली गराई चलन चलाई दिएको मितिसम्मको मासिक रू. ५००।– का दरले हुन आउने घर भाडासमेत प्रतिवादीबाट वादीलाई बहाल भराई दिनेसमेत ठहऱ्याई गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।३।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: टेकनाथ गौतम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल कात्तिक ५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०९२४, जबरजस्ती करणी, नेपाल सरकार वि. विष्णुबहादुर नेपाली

कसैले कुनै व्यक्तिउपर दोष वा अभियोग लगाउँछ भने त्यसरी दोष वा अभियोग लगाउन मात्र प्रयाप्त हुँदैन सो कुरा प्रमाणको आधारमा पुष्टि गर्नु पर्छ । फौजदारी मुद्दामा अभियुक्तमाथि लगाइएको आरोप वादी पक्षले पूर्णरूपले प्रमाणित गर्नुपर्ने।

जाहेरवाली पीडित परिवर्तित नाम "ख" कुमारीलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी जाहेरी दिएकी छिन् र मौकामा कागज गर्दा जाहेरवालीकी आमाले छोरीलाई जबरजस्ती करणी गरेको हुन् भनी लेखाएको पाइन्छ । अदालतमा उपस्थित भई निजहरूले बकपत्र गर्दा जाहेरी तथा मौकामा लेखाई दिएको कागजभन्दा भिन्न किसिमले सहमतिमा करणी लिनु दिनुभएको हो आमाको डरले जाहेरी दिएको भनी लेखाएकी छिन्। त्यसैगरी जाहेरवालीकी आमाले प्रहरीमा गराएको कागज मैले लेखपढ गर्न नजान्ने भएकोले के कसो लेखेका हुन थाहा भएन । छोरी र प्रतिवादी विचमा सहमतिमा करणी लिनु दिनु गरेको भनी बकपत्र गरेको अवस्था देखिन्छ । यसरी जाहेरी दरखास्त र जाहेरवालीको आमाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागजको विश्वसनीयता खण्डित हुन गएको देखिने।

जाहेरवाली जस्तो अवस्थाकी स्वास्नी मानिसलाई परपुरूषले जबरजस्ती करणी गर्दछ भने सो अवस्थामा सामान्यतया दुईबीच सङ्घर्ष हुनुपर्ने, सङ्घर्ष, हुँदा शरीरका बाहिरी भागमा चोटपटक र सङ्घर्षका चिह्न देखिनु पर्ने हुन्छ। स्वास्नी मानिसले रूने कराउने चिच्याउने अवस्था हुन्छ। पुनरावेदक प्रतिवादीले अदालतमा बयान गर्दा पीडितलाई जबरजस्ती करणी गरेको कसुरमा इन्कारी रही पीडितकै सहमतिमा करणी लेनदेन भएको तथ्य स्वीकार गरी बयान गरेको पाइन्छ। आरोपित कसुरमा नै साबिती हुनु र सम्बद्ध तथ्यलाई सम्म स्वीकार गर्नु पृथक कुरा हो। तथ्यको स्वीकारोक्तिलाई नै साबिती सरह निजको विरूद्ध प्रमाणमा ग्रहण गर्न नमिल्ने।

तसर्थः माथि उल्लेख गरिएको विवेचनाको आधारमा जबरजस्ती करणी भए गरेको प्रमाणको अभावमा अभियोग माग दाबीबमोजिमको कसुर पुनरावेदक प्रतिवादीबाट भए गरेको मान्न मिलेन। अभियोग माग दाबीबमोजिमको कसुर प्रतिवादीबाट भए गरेको ठहऱ्याई निज प्रतिवादी विष्णुबहादुर नेपाली मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. बमोजिम ५ वर्ष कैद र सोही महलको ३क बमोजिम थप ५ वर्ष कैद र रू.७५०००।– जरिवाना हुने ठहऱ्याई

गरेको सुरू जिल्ला अदालतको फैसला उल्टी हुने ठहऱ्याई प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।१०।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CR-००२२, ००२३ कर्तव्य ज्यान, देवेन्द्र घिसिङसमेत वि. नेपाल सरकार र मदन तामाङ वि. नेपाल सरकार

मृतक कालीबहादुरले प्रतिवादी देवेन्द्र घिसिङको श्रीमतीलाई हातपात गरेको हुँदा ठिक पार्नुपर्छ भनी सबै प्रतिवादीहरू मिली निजलाई कुटपिट गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष साबिती बयान गरेका छन् । सो साबिती बयानलाई प्रतिवादी मदन तामाङको घर पछाडिबाट रगत लागेको फलामको रड, काठका रोल २ थानसमेत बरामद भएको व्यहोराबाट समर्थित हुन पुगेको छ । मृतकको शरीरको विभिन्न अंगमा कुटपिट भएको र टाउकोमा पटकपटक सामूहिक प्रहार भएको हुँदा नै टाउकोको हड्डी फुटी गिदी र हड्डीसमेत घटनास्थलमा छरपष्ट हुन गएको लासजाँच मुचुल्काबाट पुष्टि हुन्छ। खन्ती, रड, काठका रोलहरू २ थान बरामद हुनु र रगत लागेको अवस्थामा देखिन आउनुले सबै प्रतिवादीहरूले चोट प्रहार गरेको पुष्टि हुने।

प्रतिवादी मदन तामाङले अदालतमा मृतकले खुकुरी प्रहार गर्न लागेकोले छेक्दा मृतकलाई रड लाग्न गएको भनी बयान गरेका छन् । निजले मात्र मृतकलाई प्रहार गरेको भए लाठी रोलहरूमा रगत लाग्ने अवस्था रहँदैन । देवेन्द्र घिसिङको श्रीमतीउपर मृतकले हातपात गरेको भन्ने विषयमा प्रतिवादीहरू सबै मिली मृतकलाई नियोजितरूपमा कर्तव्य गरी मारेको भन्ने प्रतिवादीहरूले गरेको अधिकारप्राप्त अधिकारीसमक्षको बयान, घटनास्थल लासजाँच मुचुल्का, बरामदी मुचुल्कासमेतका प्रमाणहरूबाट समर्थित भइरहेको छन् । अतः सबै प्रतिवादीहरूको सामूहिक प्रहारबाट नै मृतकको मृत्यु हुन गएको देखिन आउने।

प्रतिवादीलाई मृतकले खुकुरीले आक्रमण गरेको भन्ने तथ्य वस्तुगत प्रमाणबाट पुष्टि हुन आएको छैन। ६ जना प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको देखिन्छ। एक्लै मृतकले प्रतिवादीहरूलाई मार्नेसम्मको कार्य गर्न लागेको भन्ने स्वभाविक देखिँदैन । खुल्ला स्थानमा कुटपिट भएको देखिन्छ। जुलुमीको पन्जाबाट भाग्न नसक्ने अवस्था, परिस्थिति देखिँदैन । ६ जना प्रतिवादीहरू मिली कुटपिट गरेको हुँदा ज्यानसम्बन्धी महलको ७ नं. आकर्षित हुनसक्ने वारदातको घटना प्रस्तुत मुद्दामा रहेको पाइएन। अतः आत्मरक्षाको लागि बचाउ गर्दा कालीबहादुर तामाङको निधन हुन गएकोले ज्यानसम्बन्धी महलको ७ नं. अनुसार गरी सफाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन जिकिर न्याय र कानूनसम्मत नदेखिने।

आत्मरक्षा आफूले मन लागेको बेलामा वा अनुकूल पर्ने गरी वा बचाउको अन्य आधारको समाप्तीमा (Exaust of other grounds of defence) जिकिर लिन पाइने होइन। ऐनले निर्दिष्ट गरेको अवस्थामा आफ्नो जिउ ज्यान जोगाउन अन्तिम विकल्पको रूपमा हतियार उठाएको वा आफ्नो ज्यान जोखिममा पार्ने माथि प्रहार गरेको वस्तुगत प्रमाणबाट देखिनु पर्दछ। यो अवस्थामा कुनै संदेहविना प्रमाणित पनि हुनुपर्ने।

अतःउपर्युक्त विवेचित आधार, प्रमाणहरूबाट

प्रतिवादीहरूले मृतकको टाउकाको हड्डीसमेत टुक्राटुक्रा छरपष्ट हुने गरी फुटाई मृतकउपर क्रूर अमानवीय तवरबाट मृतकलाई कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले प्रतिवादीहरूलाई दाबीबमोजिम कसुरदार ठहऱ्याई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरी इलाम जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६९/२/१ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CR-०१०५, मानव बेचबिखन तथा ओसारपसार, विजय के.सी. वि. नेपाल सरकार

पीडितले तत्काल अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई मकवानपुर जिल्ला अदालतका जिल्ला न्यायाधीशबाट मिति २०६७/७/१७ मा तत्काल मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६(१) बमोजिम प्रमाणित भएको देखिन्छ। पीडितले अदालतमा आई जाहेरी दरखास्त तथा मौकामा भएको प्रमाणित बयानलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिन्छ। घटनाबाट पीडित भएकी जाहेरवालीले आफूउपर भएको घटनाको बारेमा गरेको बयान जिल्ला न्यायाधीशबाट प्रमाणित भएको छ। घटनाबाट पीडित व्यक्ति प्रत्यक्ष साक्षीको रूपमा रहन्छ। निजले व्यक्त गरेको भनाई मिसिल संलग्न प्रमाणहरूबाट समर्थित हुने आधार देखिएमा प्रमाण ग्रहण गर्नुपर्ने हुन्छ। प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) अनुसार घटनाबाट पीडित भएका व्यक्तिले व्यक्त गरेको कुरा प्रमाणमा लिनुपर्ने।

पीडितलाई एस्थर बेञ्जामिन मेमोरियल फाउण्डेशनका मानिसहरूले सर्कसबाट उद्धार गरी नेपाल ल्याएबाट निज सर्कसमा बेचिएको र त्यहाँबाट उद्धार गरिएको भन्ने कुरा उक्त सामाजिक संस्था एस्थर वेन्जामिन मेमोरियल फाउण्डेशनका निर्देशक शैलजा सि.एम., दिलु तामाङ, विनिता न्यौपानेलगायतका व्यक्तिहरूले अनुसन्धान अधिकारीसमक्ष गरिदिएको कागज र अदालतमा गरेको बकपत्रसमेतबाट देखिन आएको छ। जाहेरवालीले सर्कसमा नै विवाह गरी बच्चा जन्माई जाहेरी दिनुअघि पनि प्रतिवादीलाई खोज्न नेपाल आएको र फेला नपारी फर्केको भन्ने कुरा निजकै बकपत्रबाट देखिन आएको छ। तत्काल यी पीडित नाबालिक हुँदा अवोध अवस्थामा भारत लगिएको देखिँदा लामो समयसम्म नेपाल फर्कन सक्ने स्थिति देखिँदैन। जाहेरवाली अघि नेपाल आइसकेकोले यो कसुर गर्ने व्यक्तिले स्वतः उन्मुक्ति पाउने प्रमाण हुन नसक्ने।

८ वर्षकी नाबालिका अवस्थामा लगी सर्कसमा बेची जाहेरवालीलाई सर्कसमा काम गर्न बाध्य पारेको स्थिति देखिन्छ। फलस्वरूप आफ्नो जीवन सर्कसको काममा लामो समयसम्म लागिरहनु परेको कारण जाहेरवालीले विवाह गर्दैमा प्रतिवादीले गरेको अपराधजन्य कार्यको छानबिन, अनुसन्धान नै नहुने भन्ने हुँदैन। पीडितले आफ्नो जीवनयापनको लागि गरेको सामाजिक व्यवहारको कारण प्रतिवादीले गरेको कसुर अपराधको कानूनी उपाय निस्कृय हुन सक्दैन। अतः सबुद प्रमाणहरूको विवेचनाले जाहेरवालीलाई ८ वर्षको नाबालक अवस्थामा आफ्नो बाबु आमाको संरक्षकत्वबाट छुटाई भारतमा लगी सर्कसमा बिक्री गरेको पुष्टि हुन आउने।

प्रस्तुत मुद्दामा खुलेका तथ्य घटनासमेतलाई विचार गर्दा प्रतिवादीलाई तत्काल प्रचलित जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) मा भएको कानूनी व्यवस्थाअनुसार कसुरको मात्राअनुसार

१० वर्ष कैद गर्दा पनि न्यायको मकसद पूरा हुने हुँदा यी प्रतिवादीलाई १४ वर्ष कैदको सजाय निर्धारण गरेको हदसम्म पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८/११/२ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी विजय के.सी. लाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) अनुसार १० (दस) वर्ष कैद हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-WO-१०६३, उत्प्रेषण / परमादेश, विनोदकुमार ज्ञवाली वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

मिति २०७४।५।२५ मा प्रत्यर्थीमध्ये नारायणबहादुर कार्कीले निवेदकमध्येका मुनारलाल यादव सेवा निवृत्त भइसकेको र निवेदकमध्ये विनोदकुमार ज्ञवाली लोक सेवा आयोगको बढुवा सूचना नं.१७३।०७३।७४ को मेडिकल ल्याब टेक्नोलोजिष्ट पदमा बढुवा भई हाल निज लुम्बिनी उपक्षेत्रीय अस्पतालमा नियुक्त भई पदस्थापना भई कार्यरत रहेको भनी गोरखापत्रमा प्रकाशित भएको स्वास्थ्य मन्त्रालय बढुवा समितिको सचिवालयको सूचनाको प्रतिलिपि पेस गरेको देखिँदा निवेदकहरुको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिने।

तसर्थ माथि विवेचित आधार कारणबाट निवेदकमध्येका मुनरलाल यादव सेवा निवृत भइसकेको र निवेदकमध्ये विनोदकुमार ज्ञवाली लोक सेवा आयोगको बढुवा सूचना नं. १७३।०७३।७४ को मेडिकल ल्याब टेक्नोलोजिष्ट पदमा बढुवा भई हाल लुम्बिनी उपक्षेत्रीय अस्पतालमा नियुक्त भई पदस्थापना भई कार्यरत रहेको भनी गोरखापत्रमा प्रकाशित भएको स्वास्थ्य मन्त्रालय बढुवा समितिको सचिवालयको सूचनाको प्रतिलिपि पेस भएको र सो तथ्यलाई रिट निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताले समेत इजलाससमक्ष स्वीकार गर्नुभएकोले निवेदक विनोदकुमार ज्ञवालीले प्राप्त गरिपाउँ भनी माग गरेको पद निजले प्राप्त गरिसकेको देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-१६३३, बिना इजाजत वन पैदावार ओसारपसार, बुद्ध तामाङ वि. नेपाल सरकार

ट्र्याक्टर धनीको स्वामित्व र कब्जामा रहेको ट्र्याक्टर रातको समयमा काठ ओसारपसार गर्न गएको अवस्थामा प्रतिवादीलाई सो कुराको जानकारी थिएन भनी मान्न मिल्ने अवस्था देखिँदैन । प्रतिवादीले काठसहित चालक पक्राउ परेपछि प्रहरी कार्यालयबाट फोन गरेकोले घरबाट आई हेर्दा काठ लोड भएको मेरो ट्र्याक्टर पक्राउ परेको देखेको हुँ भनी जिकिर लिएको देखिन्छ । तर निजको अनुमतिबेगर चालक आफैँले कसैलाई नसोधी ट्र्याक्टर लिई गएको व्यहोरा मौकामा लेखाउन सकेको पाइँदैन। अतः अवैध काठ कटान र ओसारपसारको कार्यमा प्रतिवादी दोर्ची शेर्पाको समेत संलग्नता रहेको पुष्टि हुने।

प्रतिवादीसँग बरामद भएको काठ अवैध हो भनी प्रहरीले पक्राउ गरी बयान गराइसकेपछि सो काठ वैध तरिकाबाट प्राप्त गरेको हो भन्ने जिकिर प्रतिवादी स्वयम्ले प्रमाणित गर्नुपर्दछ । तर प्रतिवादीले जिकिर प्रमाणित गर्नसकेको मिसिल संलग्न प्रमाणहरूबाट देखिँदैन। वन उपभोक्ता समितिले वन पैदावार निकाल्न

भनी दिने अनुमति पत्रमा टाँचाको विवरण पनि उल्लेख हुने गरेकोमा प्रतिवादीबाट बरामद गरिएको काठमा कुनै पनि टाँचा लागेको नदेखिँदा प्रतिवादीबाट बरामद भएको काठ कानूनबमोजिम पुर्जी लिई प्राप्त गरेको काठ हो भनी मान्न मिल्ने नदेखिने।

वन ऐन, २०४९ को दफा ६६ ले यो ऐनबमोजिम सजाय हुने कसुर गरेको ठहरिएमा कसुरमा बरामद भएको सबै बोझबाहक साधन जफत हुने छन् भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ। प्रतिवादी बुद्ध तामाङले इजाजतबेगरको काठ काटी ओसारपसार गर्न लागेको कार्यमा ट्र्याक्टर धनी प्रतिवादी दोर्ची शेर्पाको संलग्नता रहेको तथ्य पुष्टि भइरहेको परिप्रेक्ष्यमा अवैध काठ ओसारपसारमा प्रयोग भएको को.२.त. ३८८ नं. को ट्र्याक्टर वन ऐन, २०४९ को दफा ६६ बमोजिम जफत हुने नै देखिने।

अतः माथि विवेचित आधार र कारणहरूबाट प्रतिवादी बुद्ध तामाङले वन ऐन, २०४९ को दफा ४९(घ) बमोजिमको कसुर गरेको पुष्टि भइरहेकोले निजलाई वन ऐन, २०४९ को दफा ५० को उपदफा (१) (ख)(घ) को (४) बमोजिम बिगोको दोब्बर रू.३८,९९०।– जरिवाना र बरामदी भएको काठ जफत गर्ने गरी एवम् अवैध काठ ओसारपसार गर्ने कार्यमा प्रयोग भएको बोझबाहक ट्र्याक्टर जफत गर्ने गरी भएको सुरू फैसला सो हदसम्म सदर गरी प्रतिवादी दोर्ची शेर्पा र सुवास राईलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको सुरू फेसला सो हदसम्म केही उल्टी भई प्रतिवादीहरू दोर्ची शेर्पा र सुवास राईलाई वन ऐन, २०४९ को दफा ५० को उपदफा (१) को खण्ड (घ) को (४) बमोजिम बिगोको दोब्बर रू.३८,९९०।– जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७०/८/१० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल फागुन १८ गते रोज ४ शुभम्।

## इजलास नं.१०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-१३८६, जबरजस्ती करणी, धर्मेन्द्र ठाकुर वि. नेपाल सरकार

छोरीलाई करणी गरेका भनी जाहेरी पर्नु, पीडित बालिकाको अनुसन्धान अधिकारी र अदालतसमक्षको बयानमा प्रतिवादीहरुले करणी गरेको कुरा उल्लेख भएको पाइन्छ। प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्षको बयानमा योनिमा एकपटक लिङ्ग छिराएको भनी बयान गरेको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको शरीरमा चोट भएकोसमेत उल्लेख भएको पाइएबाट जबरजस्ती करणीको वारदात भएको कुरा पुष्टि हुन आउने।

पीडित ५ वर्षकी नाबालिका देखिन्छन्, यस्ती नाबालिकाले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बकपत्र तथा प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई अन्यथा मान्नु पर्ने देखिँदैन। प्रतिवादीहरूमध्ये सन्देश खत्रीको उमेर १० वर्षभन्दा कम देखिएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(१) अनुसार १० वर्षमुनिका कसुरदार बालबालिकालाई कुनै प्रकारको सजाय नहुने कानूनी व्यवस्था हुँदा निजउपर मुद्दा चलाएको पाइएन। यी प्रतिवादी धमेन्द्र ठाकुर १०-१४ वर्षभित्रका नाबालक देखिइ निजउपर मुद्दा चलेको पाइयो। मलाई करणी गर्नु अपराध हो भन्ने थाहा थिएन भनी निजले जिकिर लिए तापनि कानून अज्ञानता क्षम्य नहुने (Ignorance law is no Excuse) भन्ने सिद्धान्त र कानूनअनुरूप नै लिन मिल्नेसम्म सुविधा पाउने हुँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ आकर्षित हुने। जाहेरवाली र निजका

आमाबाबुबीच के-कुन विषयमा के कस्तो झगडा भएको हो सो कुरा यी पुनरावेदक प्रतिवादीले खुलाउन सकेको पाइँदैन। जुनसुकै आमाबाबुले आफ्नो छोरीको अस्मिता र भविष्यमाथि खेलवाड हुने किसिमले जबरजस्ती करणी जस्तो जघन्य अपराधमा कसैमाथि अनाहकमा जाहेरी दिन्छन् भनी कल्पना गर्न पनि सकिँदैन। तसर्थ यी प्रतिवादीको उक्त जिकिर पत्यारलायक देखिन नआउने।

प्रतिवादी धर्मेन्द्र ठाकुरले आफ्नो उमेर १० वर्षभन्दा कम रहेको भनी जिकिर लिए तापनि निजको उमेर १० वर्षभन्दा बढी १४ वर्षभन्दा कमको मानी सुरू जिल्ला अदालतबाट निजलाई ४(चार) महिना कैद हुने ठहरी फैसला भएकोमा निजले उक्त फैसलाउपर पुनरावेदन नगरी उमेरसम्बन्धी विवाद स्वीकार गरी बसेको पाइन्छ । पुनरावेदन अदालत, जनकपुरबाट यी प्रतिवादीबाट पीडितलाई रू.१,५०,०००।- (एक लाख पचास हजार) क्षतिपूर्ति भराईदिने ठहऱ्याए पछि मात्र निजको सोउपर पुनरावेदन पर्न आएकोले निजको उमेरसम्बन्धी जिकिर न्यायोचित देखिन नआउने।

प्रतिवादी धर्मेन्द्र ठाकुरको उमेर १४ वर्षभन्दा कम भएकोले निजले गरेको कसुरमा (बालबिज्याई अन्तर्गतको कसुर भई) बालबालिकासम्बन्धी ऐन, २०४८ बमोजिम आपराधिक दायित्व निर्धारण गर्नुपर्ने हुन्छ । सोहीअनुसार यी प्रतिवादीलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई सम्झाई बुझाई र कैद हुने अपराध गरेकोमा कसुर हेरी ६ महिनासम्म कैद हुनेमा सुरू अदालतले यी प्रतिवादीलाई ४ महिना कैद हुने गरी गरेको हदसम्मको फैसला अन्यथा नदेखिने । कसुर ठहर भइसकेपछि प्रतिवादीबाट पीडितले कानूनअनुरूप क्षति नपाउने हो भने न्यायको मकसद पुरा हुन सक्दैन। फौजदारी न्यायका एउटै सिक्काका २ पाटा पीडक र पीडित हुँदा, प्रस्तुत मुद्दामा बालबालिका ऐन, २०४८ अनुसार बालबालिकाको सर्वोत्तम हित (Best interest of the child) लाई मध्यनजर गर्दै पीडकलाई न्यायोचित सजाय र पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्नुपर्ने हुन्छ । तसर्थ पीडितलाई पर्न गएको शारीरिक मानसिक क्षतिसमेतको विचार गरी पीडक प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराई दिने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेको देखिने।

अतः माथि विवेचित आधार प्रमाण कारणहरूबाट सुरू सर्लाही जिल्ला अदालतको मिति २०६५।५।२८ को फैसलामा पीडितलाई क्षतिपूर्ति भराउनेतर्फ केही नबोलेको हदसम्म सुरू फैसला मिलेको नदेखिँदा सो हदसम्म सुरू फैसला उल्टी भई प्रतिवादी धमेन्द्र ठाकुरबाट पीडितलाई एकलाख पचास हजार रूपैयाँ (रू.१,५०,०००।-) क्षतिपूर्ति भराई दिने ठहर्छ भनी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।१।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटर : रमेश आचार्य

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६९-CR-१०६४, ०७०-CR-०३५३ र ०७०-CR-०२९०, कर्तव्य ज्यान, नेपाल सरकार वि. धनलक्ष्मी कार्कीसमेत, अप्सरा कार्की वि. नेपाल सरकार र राजु कार्की वि. नेपाल सरकार

मृतक हरि भन्ने हुतनाथ न्यौपाने र राजु कार्कीका श्रीमती प्रतिवादी अप्सरा कार्कीबीच हुतनाथले राजु कार्कीलाई छाडी देउ भनी पटकपटक भन्ने गरेको टेलिफोन वार्ताको विषयमा भएको वादविवादको कारणले प्रतिवादीहरूले रिसइवी लिई पूर्वयोजना बनाई राजु कार्कीले अप्सरा कार्कीलाई फोनबाट मृतक हुतनाथ न्यौपानेलाई एकान्त जङ्गलमा बोलाउन लगाई अप्सरा कार्कीसँगै फलामको पाइप र खुकुरी

डोकोमा लिएर जंगलमा गई राजु कार्कीले फलामको पाइपले र खुकुरीले टाउको गर्धनमा प्रहारगरी र अप्सरा कार्कीले टाउकोमा ढुङ्गाले प्रहार गरी दुवैले योजना बनाई कर्तव्य गरी मारेको देखिन आयो । तर कसको चोटबाट मृत्यु भएको भनी यकिन भएको देखिएन । अतः यो यसको चोटबाट मृत्यु भएको भन्न सकिने अवस्था नभएकोमा प्रतिवादीहरू राजु कार्की र अप्सरा कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद सजाय गर्ने गरेको सुरु जिल्ला अदालतको ईन्साफ सदर गर्ने गरेको पुनरावेदन अदालतको फैसला केही उल्टी भई निज प्रतिवादीहरू राजु कार्की र अप्सरा कार्कीलाई ऐ. महलको १३(३) अनुसार जन्मकैदको सजाय हुने ।

प्रतिवादी धनलक्ष्मी कार्की मृतकलाई मार्ने मतसल्लाहमा पसेको भन्ने अभियोग दाबी पुष्टि हुने आधार प्रमाणको अभाव रहेको प्रतिवादी तीर्थध्वज खड्काले मृतकको ज्यान मारिएको कुरा थाहा पाएको भन्ने अवस्थासमेत देखिँदैन भने अर्कोतर्फ ज्यान मारिसकेको चाल पाई अड्डामा जाहेर नगरी दबाए भगाएको भए पनि आफ्ना बाबुसमेत लाई खतबात लाग्दैन भनी ज्यानसम्बन्धी महलको २४ नं. मा ज्यान मार्नाका मतलबमा नपसेको भएपनि ज्यान मारी ल्याएको कुरा थाहा पाई बाँडी खानेलाई बात लाग्छ । सो नखाएको भए र यसै महलको २३ नम्बरमा लेखिएकोबाहेक अरूलाई ज्यान मारिसकेको चाल पाई अड्डामा जाहेर नगरी दबाए भगाएको भएपनि आफ्ना बाबु, बाजे, बज्यै, स्वास्नी, छोरा, छोरी, एकै बाबुबाट जन्मेका दिदी, बहिनी, एकै बाजेबाट जन्मेका जेठा कान्छा बाबु, फुपू, दाजु, भाइ, भतिजा, नाति, नातिनी, जेठी कान्छी आमा, भाउज्यू, बुहारी, सासू, मामा, भानिज, आफूले जन्माएको छोरी वा एकै बाबुबाट जन्मेका दिदी बहिनी दिएको भिनाजु ज्वाइँ यति नाताका र एकै घरमा मानु नछुट्टी सँग बसेका जहानले भगाए दबाएको भए खतबात लाग्दैन भन्नेसमेत ज्यानसम्बन्धी महलको २४ नं. मा व्यवस्था भएको देखिँदा निज प्रतिवादीहरू धनलक्ष्मी कार्की र तीर्थध्वज खड्का हकमा आरोपित कसुरबाट सफाइ दिने गरेको सुरूको फैसलालाई सदर ठहऱ्याई भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने ।

अतः प्रतिवादीहरू राजु कार्की र अप्सरा कार्की दुवैले चोट छोडेकोमा कस्को चोटबाट मरेको भन्ने यकिन भएको नदेखिँदा ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम निज प्रतिवादीहरूलाई जनही सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको मिति २०६९।६।१६।३ को पुनरावेदन अदालत, पाटनको फैसला केही उल्टी भई प्रतिवादी राजु कार्की र अप्सरा कार्कीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद हुने ठहर्छ । प्रतिवादी धनलक्ष्मी कार्कीलाई ऐ. महलको १७(३) नं.को अभियोग दाबीबाट र प्रतिवादी तीर्थध्वज खड्कालाई ऐ. महलको २५ नं. को अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०६८।३।१ मा सिन्धुपाल्चोक जिल्ला अदालतले गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।१६।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन १७ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CI-०२४३, उत्प्रेषण / परमादेश, राधेश्याम वारी वि. मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुसमेत

निवेदकले पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला र सर्वोच्च अदालतबाट भएको फैसलाको गलत व्याख्या भएको जिकिर लिएपनि सर्वोच्च अदालतबाट भएको मिति २०६८।७।१३

को फैसलाले विपक्षी घनश्याम वारीको हकको कि.नं. ७९ को ०-५-१८ रोक्का जग्गा किटान साथ फुकुवा भएको भनी उल्लेख भएपछि उक्त फैसलाहरुको गलत व्याख्या भएको भन्ने निवेदन जिकिर कानूनसम्मत देखिँदैन । यसरी सर्वोच्च अदालतमा दर्ता भएको पुनरावेदन नं.२०६६-CI-०६१६ को धितो रोक्का मुद्दामा कपिलवस्तु जिल्ला ते.मा.फे. गा.वि.स. वडा नं. १ (ग) कि.नं. ७९ को क्षेत्रफल ०-७-१८ जग्गामध्ये बीचमा क्षेत्रफल ०-५-१८ जग्गा मिति २०६४।२।२८ को मिलापत्रबाट घनश्याम वारी (उक्त मुद्दाका वादी) को हक पुगेको देखिएको अवस्थामा घनश्याम वारी (उक्त मुद्दाका वादी) को हकको उक्त कि.नं.७९ को क्षेत्रफल ०-७-१८ जग्गामध्ये बीचबाट क्षेत्रफल ०-५-१८ जग्गाको धितो रोक्का बदर हुने गरी सर्वोच्च अदालतबाट मिति २०६८।७।१३ मा फैसला भई सो फैसला नै अन्तिम भइरहेको परिप्रेक्ष्यमा उक्त कि.नं. ७९ को क्षेत्रफल ०-७-१८ जग्गामध्ये बीचबाट क्षेत्रफल ०-५-१८ जग्गाको धितो रोक्का फुकुवा गरी प्रत्यर्थी विपक्षी घनश्याम वारीको नाउमा दा.खा. गर्ने गरी मालपोत कार्यालय, कपिलवस्तुबाट मिति २०६९।११।६ मा भएको निर्णय कानूनसम्मत नै देखिँदा पुनः सोही रोक्का फुकुवाको जग्गा रोक्का नै राखी पाउँ भन्ने पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

तसर्थ सुरू पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।०८।१८ मा साबिकको कि.नं. ७९ हाल कित्ताकाट भई कायम हुन आएको कि.नं. २५६ को ज.बि. ०-५-१८ जग्गा साबिककै अनुसार रोक्का राख्नु भनी विपक्षीहरुको नाममा उत्प्रेषण मिश्रित परमादेशको आदेश जारी गर्न नमिल्ने भनी रिट निवेदन खारेज हुने ठहर्ने गरी भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७४ साल असोज ३१ गते रोज ३ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CI-०५७०, हक कायम, रत्नदेवी चित्रकार वि. ईन्द्रलक्ष्मी प्रजापती

पुनरावेदक / वादी तिर्थराज चित्रकारका बाजे रामबहादुर चित्रकार भएको र विवादित घर जग्गा निज रामबहादुर चित्रकारले १९८७ मा बन्डाबापत पाएको भनिएको छ। उक्त घर जग्गालाई लामो समयदेखि निज पुनरावेदक / वादीले नै भोगचलन गरी आएको देखिन आउँछ । सो कुरामा प्रत्यर्थी प्रतिवादीले अन्यथा भन्ने सकेको देखिँदैन। फिराद व्यहोरा र फिरादसाथ पेस भएका कागजात हेर्दा उक्त घर जग्गा यी वादीको नाममा नापीको समयमा दर्ता हुन छुट भएकोले निजले आफ्नो नाममा दर्ता गरी प्रमाणपुर्जा पाउँ भनी भक्तपुर नगरपालिकाको सर्जमिनसहितको सिफारिससमेत राखी मिति २०५० सालमा मालपोत कार्यालय, भक्तपुरमा निवेदनसमेत दिएको पाइएको छ। सोमा अरू कुनै हकवाला भए उजुरी गर्नू भनी मालपोत कार्यालय, भक्तपुरबाट सूचना प्रकाशित भएकोमा समेत कसैको दाबी विरोधको सूचना परेको खुल्न आउँदैन। पछि उक्त कारबाहीको सिलसिलामै जग्गा दर्ताको म्याद समाप्त भएकोले पछि म्याद थप भएको बखत दर्ता हुने गरी निजको सो दर्ता गरिपाउँ भन्ने निवेदन तामेलीमा रहने गरी मालपोत कार्यालय, भक्तपुरबाट निर्णय भएकोले निज वादीको नाममा उक्त जग्गा दर्ता हुने कारबाही तत्काललाई अगाडि बढ्न नसकेको देखिएको छ । निजको नाममा घर जग्गा दर्ता स्रेस्ता प्राप्त नभएको भए पनि उक्त घर जग्गामा यी वादीको नै लामो समयसम्म भोगचलनमा रहेको विषयमा प्रत्यर्थी / प्रतिवादीले समेत कहीँ कतै अन्यथा भन्न सकेको पाइँदैन। यस्तो लामो समय भोगचलनमा रहेको सम्पत्तिमा केबल नाममा दर्ता

स्रेस्ता कायम हुन नसकेको भन्ने आधारमा मात्र यी पुनरावेदक वादीले दाबी गर्न सक्ने हकदैया नभएको भनी भन्ने मिल्ने नदेखिने।

पुर्खादेखि नै लामो समय निज वादीको भोगमा रहेको भन्नेमा कुनै विवाद नदेखिएको, निजले दर्ताका लागिसमेत आवश्यक पहल गरेको तर विभिन्न प्राविधिक कारणले निजको नाममा तत्काल दर्ता हुन नसकेको, अर्थात् दर्ता हुने नहुने भन्ने कारबाहीको क्रममा नै रहेको जग्गामा निजको दाबी गर्ने हकदैया हुने।

भोगचलनमा रहेको तर कुनै कारणले आफ्नै हक कायम नभइसकेको सम्पत्तिमा हक कायम गरिपाउँ भनी र त्यस्तो सम्पत्तिमा अरूले खिचोला गरेको आफूलाई लागेमा सम्बन्धित व्यक्तिले दाबी लिन पाउने नै देखिन्छ। यसरी दर्ता स्रेस्ता नदेखिए पनि विवादित सम्पत्तिमा चीरभोग रहेको स्पष्ट देखिएको सम्पत्तिका दाबी गरेकोमा हक कायम भई नसकेको विषयवस्तुलाई लिएर फिराद नै नलाग्ने भनी फिराद खारेज गर्न मिल्दैन । आवश्यक प्रमाण कागज बुझी सोको मूल्याङ्कन गरी निर्णय दिनुपर्ने नै हुन आउँछ। निर्णय नदिएको अवस्थामा पुनरावेदन सुन्ने अदालतले सो विषयमा निर्णय गर्नू भनी पुनः निर्णय गर्न सुरू अदालतमा पठाउन सक्ने।

हकदैया नरहेको भन्ने विषयलाई प्रमुख विषय बनाई गौणरूपमा खिचोला गरेको पनि नदेखिने भनी भएको फैसला मनासिब मान्न मिलेन। हकदैया रहेको निष्कर्षमा पुगेपश्चात सुरू तहमा फैसला गर्ने अदालतको प्रमाणको यथोचित विवेचना गरेर मात्र पुनरावेदन तहको अदालतबाट सो विषयमा निर्णय गर्नु कानूनसम्मत हुन्छ। त्यसैले प्रस्तुत घर जग्गाका विषयमा उपर्युक्त उल्लिखित आधारमा वादीको फिराद गर्ने हकदैया रहेको देखिएको हुँदा पुनः निर्णयका लागि मिसिल सुरू अदालतमा पठाउनुपर्ने हुन आउने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट फिराद खारेज हुने ठहऱ्याई सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६२/८/१९ मा भएको फैसला खिचोला नै गरेको नदेखिएकोले तथ्यमा प्रवेश गरी निर्णय गर्नुको कुनै औचित्यता नरहेको भनी सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६४/०३/१३ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ। अब मुद्दामा बुझ्नुपर्ने प्रमाण बुझी फिराद दाबीअनुसार हक कायम हुने नहुने सम्बन्धमा निर्णय गर्नू भनी मिसिल सुरू भक्तपुर जिल्ला अदालतमा पठाइदिनेसमेत ठहर्ने।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक १३ गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-CI-०५७१, घर भत्काई पाउँ, रत्नदेवी चित्रकार वि. ईन्द्रलक्ष्मी प्रजापती भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CR-१११६, हातहतियार खरखजाना, नेपाल सरकार वि. चुराबहादुर कुमालसमेत

प्रहरीमा कागज गर्ने निज उदयबहादुरका मौकामा कागज गर्ने नारायणप्रसाद ज्ञवाली, अर्जुन भट्टराई, लालमणी भट्टराईले पनि चुराबहादुर कुमाल, उदय कुमाल र सन्तोष कुमाल बन्दुक लिई शिकार खेल्न गएको भनी लेखाइदिएको पाइन्छ। निजहरूले मिनबहादुर पौडेलले भने भरूवा बन्दुक ल्याए नल्याएको थाहा छैन भनी लेखाइदिएका छन्। यसप्रकार बरामदी मुचुल्कासमेतका प्रमाणहरूबाट चुराबहादुर कुमाल, उदय कुमाल र सन्तोष कुमालले बिना इजाजत अवैध भरूवा बन्दुक घरमा राखेको तथा बोकी हिँडेको भन्ने तथ्य पुष्टि हुन आउँछ। सो तथ्यलाई पुष्टि हुने गरी संकलित प्रमाणहरू एक आपसमा समर्थितसमेत रहेको

अवस्थामा निजहरूले हातहतियारको कसुरमा गरेको देखिन आउने ।

निजहरूको घरबाट बन्दुक बरामद भई इजाजत बिना हातहतियार राखेको पुष्टि भएपनि निजहरूबाट वा निजहरूको घरबाट बन्दुकको गोली बारूद आदि खरखजाना भने बरामद भएको पाइँदैन । अनुसन्धानका क्रममा कागज गर्दा विष्णुप्रसाद भट्टराई र शकुन्तला भट्टराईले यी प्रतिवादीहरुले नै पड्काएको बन्दुकको छर्रा लागी घाइते भएको भनी पोल गरे पनि निज विष्णुप्रसाद भट्टराईले अदालतमा गरेको बकपत्रमा सो कुरा खुलाउन सकेको पाइँदैन । निजले कसले हानेको बन्दुकको छर्रा लाग्यो थाहा भएन र प्रहरीमा के लेखाएर सही गराए मलाई थाहा छैन भनी लेखाएको पाइन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार अनुसन्धानको सिलसिलामा तयार भएको लिखतमा उल्लिखित कुराहरू सो व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा मात्र प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था भएबाट निजले अनुसन्धानमा गरेको बयानलाई मात्र आधार मानी प्रतिवादीहरुलाई खरखजानामा समेत सजाय गर्न मिल्ने देखिन आएन । निजहरूसँग खरखजानाका सामानहरू रहेभएको तथा सोको ओसारपसार, कारोबार गरेको भन्ने मिसिल संलग्न कुनै कागज प्रमाणहरूबाट निःसन्देह रूपमा देखिन आउँदैन । यसरी गोली, बारूद, छर्रालगायतका खरखजानाका सामानहरू निज प्रतिवादीहरूबाट बरामद नभएको, घाइते व्यक्तिले पनि कसले हानेको बन्दुकबाट छर्रा लागेको हो थाहा भएन भनी अदालतमा लेखाएसमेतबाट निजहरूले खरखजानाको सामानहरू राखेको, बोकी हिँडेको, ओसारपसार गरेको तथा हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २०(३) ले निषेध गरेको कार्य गरेको भन्ने प्रमाणित हुन सक्ने देखिँदैन । त्यसैले खरखजानातर्फ समेत सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी चुराबहादुर कुमालले अनुसन्धानको क्रममा बयान गर्दा निज मिनबहादुरलाई पोल गरे पनि निजले सुरू जिल्ला प्रशासन कार्यालयमा गरेको बयानमा निजको संलग्नता रहेको खुलाउन नसकी आफू निज मिनबहादुरलाई नचिन्ने भनी लेखाई दिएको पाइन्छ । अन्य प्रतिवादीहरूको बयान व्यहोराबाट पनि निजको संलग्नता रहेको खुल्न सकेको पाइँदैन । यी प्रतिवादी मीनबहादुर पौडेलले सुरू कार्यालयमा बयान गर्दा पनि कसुरमा इन्कार भई बयान गरेका छन् । निज मिनबहादुरको घर कोठा खानतलासी गर्दा पनि बन्दुक तथा खरखजानाका कुनै सामानहरू फेला नपरेको भन्ने मिसिल संलग्न बरामदी मुचुल्काबाट देखिन्छ । यसरी यी प्रतिवादी मीनबहादुर पौडेलको कसुरमा संलग्नता रहेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट देखिँदैन । अन्य सबुद प्रमाणहरूबाट समर्थित हुन नसकेको केवल सहअभियुक्त चुराबहादुर कुमालको अनुसन्धानको पोल बयानका आधारमा मात्र यी प्रतिवादीलाई कसुरदार कायम गर्नु न्यायोचित देखिन नआउने । प्रतिवादी मिनबहादुर पौडेल अभियोग दाबीअनुसारको कसुरका कसुरदार रहेको भनी वादी नेपाल सरकार पक्षले कुनै निःसन्देह प्रमाण पेस गर्न नसकेको अवस्थामा अन्य प्रमाणबाट समर्थित हुन नसकेको सहअभियुक्तको अनुसन्धानको पोल बयानका आधारमा मात्र निजको कसुरमा संलग्नता रहेको भनी भन्न मिल्ने देखिएन । त्यसैले निजलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिन आउने ।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रत्यर्थी प्रतिवादीहरू चुराबहादुर कुमाल, उदय कुमाल र सन्तोष कुमालले बिना इजाजत आफ्नो घरमा अवैधरूपमा बन्दुक राखेको पुष्टि हुन आएको, निजहरूले खरखजानाका सामग्रीहरू भने राखेको पुष्टि हुन नसकेको र प्रतिवादीमध्येका मिनबहादुर पौडेलको कसुरमा कुनै संलग्नता रहेको पुष्टि हुन नसकेकोले निज प्रतिवादीहरूमध्येका चुराबहादुर कुमाल, उदय

कुमाल, सन्तोष कुमाल र मिनबहादुर पौडेल चारै जनालाई हात हतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा सोही ऐनको दफा २०(२) बमोजिम चुराबहादुर कुमाल, सन्तोष कुमाल र मिनबहादुर पौडेललाई जनही रू.६०,०००।- जरिवाना हुने र प्रतिवादी उदय कुमाल फरार रहेकोले निजलाई रू.८०,०००।- जरिवाना गर्ने गरी भएको सुरू जिल्ला प्रशासन कार्यालय, पाल्पाको मिति २०७०/१०/७ को फैसला केही उल्टी गरी प्रतिवादीहरु चुराबहादुर कुमाल, उदय कुमाल र सन्तोष कुमाललाई सजाय गरेको हदसम्ममा सुरू फैसला सदर गरी र प्रतिवादीमध्येका मिनबहादुर पौडेललाई सजाय गरेको हदसम्ममा उल्टी गरी निजलाई सफाइ दिने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१/७/२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यदुराज शर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७४ साल कात्तिक १६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-०९९५, उत्प्रेषण / परमादेश, भरतकुमार बस्नेत वि. सरस्वती बस्नेतसमेत

विपक्षी सरस्वती बस्नेतसमेत वादी भएको लिखत बदर मुद्दा मिति २०५४।८।४ मा फैसला भएको देखिन्छ। सो फैसलाउपर निवेदक प्रतिवादीको पुनरावेदन नपरेमा पुनरावेदन गर्ने म्याद नाघेपछि त्यो फैसलालाई अन्तिम भएको मान्नुपर्ने हुन्छ । अन्तिम भएर बसेको फैसला कानूनले निर्दिष्ट गरेको हदम्यादमा कार्यान्यवन हुनुपर्दछ भन्ने फैसला अन्तिमताको सिद्धान्त हो । यस विवादमा हदम्यादभित्र फैसला कार्यन्वयनको लागि वादी विपक्षीहरूले दरखास्त नदिएको भन्ने प्रश्न समावेश भएको देखिन्छ । उक्त मुद्दामा बहस पैरवी गर्न कानून व्यवसायीलाई दिएको वकालतनामाको माध्यमबाट पक्षको प्रतिनिधित्व गर्न पाउने अधिकार सोही मुद्दा सम्बन्धित अदालतबाट फैसला हुँदाको अवस्थासम्म लागू हुने।

हदम्याद कानूनले तोकेको दिन गणना गरी निर्धारण गरिने समय हो र कानूनबमोजिम नै हदम्याद प्रारम्भ भई न्याय निरूपण हुन्छ । तर हाम्रो न्याय प्रणालीमा निर्दिष्ट हदम्यादको अपवादमा रिटसम्बन्धी विषयमा अनुचित विलम्बको सिद्धान्त पनि विकास भएको पाइन्छ। अनुचित विलम्बको सिद्धान्त हदम्याद जस्तो कठोर चरित्र र विशेषताको नहुने भए तापनि अनुचित विलम्बको सिद्धान्तले पनि न्याय निरूपणमा प्रभाव पार्ने।

निवेदकले पुनरावेदन अदालत, राजविराजमा आफैँले गरेको अ.बं. १७ नं. को निवेदनमा भएको आदेश बदर गर्न करिब १० महिना समयको अन्तरालमा यस अदालत प्रवेश गरेको कार्यमा अनुचित विलम्बको सिद्धान्त आकृष्ट हुने देखियो । कुनै पनि निकाय वा अधिकारीले गलत निर्णय वा आदेश वा कामकारबाहीबाट असर पर्‍यो भन्ने व्यक्तिले आफ्नो हक अधिकारको खोजीमा समयमा नै न्यायिक उपचार नखोजेमा त्यस्तो हक अधिकारको खोजी गर्नेलाई अदालतले मद्दत गर्न सक्दैन भन्ने कुरा अनुचित विलम्बको सिद्धान्तले आत्मासात् गरेको पाइने।

तसर्थ अनुचित विलम्ब गरी पेस भएको निवेदनमा निवेदकले उठाएका प्रश्न वा विषयभित्र प्रवेश गरी रहन परेन। अनुचित विलम्ब गरी दायर हुन आएको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०७३ साल असोज ६ गते रोज ५ शुभम्।

- यसै लगाउको ०६९-WO-०९९६, उत्प्रेषण / परमादेश, *भरतकुमार बस्नेत वि. सरस्वती बस्नेतसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं.१२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०६९-CR-०४३९, ०७४४, कर्तव्य ज्यान तथा रहजनी चोरी, रामप्रसाद बन्जाडे वि. नेपाल सरकार र तर्ताल देवकोटा वि. नेपाल सरकार

जाहेरवाला वारदातको प्रत्यक्षदर्शी तथा पीडितसमेत भएको हुँदा निजले व्यक्त गरेको तथ्य प्रमाण ऐन, २०३१ को दफा १० (क) र (ख) बमोजिम प्रमाणमा ग्रहण गर्नुपर्ने हुन्छ। साथै रामप्रसाद बन्जाडेले चलाएको गाडीले मृतकलाई घाइते अवस्थामा गाडीको टायरमुनी हाली हत्या गरेका हुन् भनी ना.३ ख ३४७७ नं. को बसमा रहेका माधव वि.क., दामोदर न्यौपाने, देवा भण्डारी, गणेशबहादुर घर्ती, सन्तोष लामिछानेसमेतका मानिसहरूले मौकामा अनुसन्धान अधिकारीसमक्ष लेखाई दिएको देखिँदा मृतक चुडामणी भुषालको मृत्यु प्रतिवादी रामप्रसाद बन्जाडेले चलाएको गाडीले किचेर भएको तथ्य मिसिल संलग्न प्रमाणहरूले पुष्टि गरेको देखिने।

प्रतिवादी रामप्रसादको मृतक चुडामणी भुषाललाई मार्नुपर्ने मनसाय, पूर्व रिसइवी र इवीलाग रहे भएको देखिँदैन । चुडामणीलाई मार्न कुनै योजना, षडयन्त्र वा तयारी केही गरेको पनि देखिँदैन । घटित वारदातमा जोखिमी धारिलो वा सानातिना हतियारको प्रयोग भएको पनि देखिँदैन । कुनै पुरानो रिसइवीका कारणले घटना भएको पनि होइन। गाउँका मानिसलाई बाहिरका बसले नबोकुन् भन्ने सामान्य विषयमा विवाद भई बसले किचेर मृतकको मृत्यु भएको देखिँदा प्रस्तुत मुद्दामा मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १३ (३) नं. को कानूनी व्यवस्था आकर्षित हुने अवस्था नदेखिने।

यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधनबाट दुर्घटना भएमा मुलुकी ऐनको कानूनी व्यवस्था आकर्षित हुने देखिएन । सवारी दुर्घटनाको रोकथाम गर्न र दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन छुट्टै विशेष ऐन सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ विधायिकाले निर्माण गरेको देखिँदा बसले किची दुर्घटना भएको प्रस्तुत मुद्दामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ नै मुलुकी ऐन प्रारम्भिक कथनको ४ नं. समेतबाट आकर्षित हुने।

पुनरावेदन अदालतले प्रतिवादी रामप्रसाद बन्जाडेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको छ भने प्रतिवादी तर्ताल देवकोटा र सरस्वती देवकोटालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम वर्ष कैदको सजाय गरेको देखिन्छ । तर माथि उल्लेख गरेबमोजिम वारदातको प्रकृति हेर्दा ज्यान लिने मनसायबाट उठान भएको नदेखिएको र चुडामणीको मृत्यु गाडीले किची भएबाट मुलुकी ऐन ज्यानसम्बन्धीको महल आकर्षित हुने नदेखिने।

प्रस्तुत मुद्दामा ज्यन मारौ भन्ने अपराधिक मनसायले अभिप्रेरित भई रामप्रसाद बन्जाडेले भिरालोमा रोकी राखेको बस अगाडि बडाउँदा चुडामणी भुषाललाई नै किच्दछ भन्ने निश्चित हुँदैन । यस्तो अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१(१) आकर्षित हुने नदेखिने।

बेलुका अँध्यारो भइसकेको अवस्थामा ओरालोमा रोकी राखेको बस प्रतिवादी रामप्रसाद बन्जाडेले अगाडि बढाउँदा मानिसलाई किच्न सक्ने वा दुर्घटना हुन सक्ने सम्भावना रहेको हुन्छ। दुर्घटना हुन सक्ने अवस्थाको ख्यालै नगरी लापरवाहीका साथ बस चलाउँदा बसको पछाडितर्फको बायाँ चक्काले चुडामणी भुषाललाई किची मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिँदा निज प्रतिवादी

रामप्रसाद बन्जाडेलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद गर्नुपर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला सो हदसम्म मिलेको नदेखिने।

प्रतिवादीहरु तर्ताल देवकोटा र सरस्वती देवकोटाको वारदातमा संलग्नता रहेको तथ्यगत तथा वस्तुनिष्ठ प्रमाण वादी नेपाल सरकारले प्रेषित गर्न सकेको देखिएन । यी प्रतिवादीउपरको दाबी मिसिल प्रमाणबाट पुष्टि भएको नदेखिँदा निजहरुले आरोपित अभियोग दाबीबाट सफाई पाउने अवस्था देखियो । वारदातको प्रकृतिबाट नै ज्यानसम्बन्धीको महल आकर्षित हुने नदेखिएको र कसैलाई पनि ज्यानसम्बन्धी महलको १३ नं. बमोजिम सजाय नभएको अवस्थामा यी प्रतिवादीहरुलाई ज्यानसम्बन्धी महलको १७ नं. बमोजिम सजाय गर्न मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार र कारणसमेतबाट प्रतिवादी रामप्रसाद बन्जाडेलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम दुई वर्ष कैद र प्रतिवादी तर्ताल देवकोटा र सरस्वती देवकोटालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. अनुसार जनही २ वर्ष कैद सजाय हुने ठहऱ्याएको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६८।३।२२ को फैसला केही उल्टी गरी प्रतिवादी रामप्रसाद बन्जाडेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी मलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी तर्ताल देवकोटा र सरस्वती देवकोटालाई ज्यानसम्बन्धी महलको १७(३) नं.बमोजिम जनही एक वर्ष ६ महिना कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत तुलसीपुर, दाङको मिति २०६९।५।११ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी रामप्रसाद बन्जाडेको हकमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम २ वर्ष कैद सजाय गर्ने गरेको सुरू दाङ देउखुरी जिल्ला अदालतको मिति २०६८।३।२२ को फैसला मिलेको देखिँदा सदर हुने र प्रतिवादीहरूमध्येका तर्ताल देवकोटा र सरस्वती देवकोटा (भण्डारी) का हकमा निजहरूले अभियोग दाबीबाट सफाई पाउने।

इजलास अधिकृत : प्रेमप्रसाद न्यौपाने

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल साउन २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०७१-CI-०१६१, मोही नामसारी गरी मोही प्रमाण पत्र पाउँ, विश्वनाथ राजवंशीसमेत वि. मद्रवती राजवंशी

वादीका पति ऐन सिंहले भरेको १नं. लगतअनुसार २नं. अनुसूचीसमेत प्रकाशित भइसकेको देखिएको स्थितिमा यी पुनरावेदक प्रतिवादी विश्वनाथका पिता अलखनाथको नाउँमा दर्ता रहेको जग्गाको विधिवत मोही यी वादीका पति ऐन सिंह भई जग्गा कमाइरहेको भन्ने कुरा यी प्रत्यर्थी वादीले कुतवाली धरौटी राखेको देखिएबाट पनि पुष्टि हुन्छ । यस अवस्थामा उक्त जग्गाको फिल्डबुकमा मोहीको नाउँ उल्लेख नभएको भन्ने आधारले र खिचोला मुद्दाबाट मोही हक निश्चित हुने विषय नभएकोमा सो प्रमाणको आधारले मोहीले भरेको १नं. लगत, २नं. अनुसूचीको प्रमाणलाई निष्प्रभावी तुल्याउन सक्दैन। मोही कायम हुनको लागि महत्त्वपूर्ण प्रमाण नै १ नं. लगत, २ नं. अनुसूची र ४ नं. जोताहाको निस्सा हुने।

अतः वादी दाबीको कि.नं.९ को ०-१७-१८ जग्गाको मोही ऐन सिंह राजवंशीको मोहीयानी हक भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम वादी भद्रावती राजवंशी भन्ने भद्रादेवी राजवंशीको नाममा मोही नामसारी हुने र मोहीको प्रमाण पत्रसमेत पाउने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको

मिति २०७०।५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुरथप्रसाद तिमल्सेना

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार ९ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CI-०१५०, राजिनामा लिखत बदर, रामगोविन्द कुर्मी वि. काशीनाथ कुर्मीसमेत

कुनै पनि सम्पत्ति पैतृक सम्पत्ति नभई बन्डा नलाग्ने कसैको स्वआर्जनको हो भनी मान्न उक्त सम्पत्ति स्वआर्जनको हो भनी दाबी गर्ने व्यक्तिले मुलुकी ऐन, अंशबन्डाको १८ नं. अनुसार आफ्नो ज्ञान वा शीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नं. बमोजिम दाइजो वा पेवा पाएको स्पष्टरूपमा प्रमाणित भएको हुनु पर्ने।

विवादित जग्गा अंश नलाग्ने निजी सम्पत्ति हो भनी प्रमाणित नभएको अवस्थामा उक्त जग्गामा सबै अंशियारका बीचमा बन्डा लाग्ने।

मिति २०६३।१२।२६ र.नं. ५१०५ को राजिनामाको लिखत गर्दा प्रत्यर्थी प्रतिवादी काशीनाथ कुर्मीले यी पुनरावेदक वादीहरूको मन्जुरी लिएको तथा सो लिखत हुँदा साक्षी राखेको देखिँदैन । साथै सो सम्पत्ति अचलमा आधिभन्दा कम भई सोलाई घर व्यवहार चलाउन बिक्री गरेको भनी भन्नसकेको पनि पाइँदैन । यसबाट प्रत्यर्थी प्रतिवादी काशीनाथ कुर्मीले अरू अंशियारको समेत अंश हक लाग्ने सम्पत्तिलाई कानूनी दायरा भन्दा बाहिर गई अरू अंशियारको हक मेटाउने उद्देश्यले जानीजानी हक हस्तान्तरण गरेको भन्ने स्पष्ट हुन्छ । यसरी गरेको हक हस्तान्तरण सदर हुने नदेखिने।

मिति २०६३।१२।२६ र.नं. ५१०५ बाट राजिनामा हक हस्तान्तरण गरेको विवादित कि.नं. २५४ को ज.वि. १-९-१८ मध्ये यी पुनरावेदक वादीहरू २ जनाको अंश हक लाग्नेजति जग्गाको हदसम्म लिखत जालसाजी गरेको ठहरी फैसला भएकोले सो हदसम्म लिखत बदर हुने।

जालसाजी आफैँमा एक दूषित कार्य हो । जालसाजी ठहर्नुको परिणाम नै सो जालसाजी गरेको ठहरेको सम्पत्तिको लिखत शून्य हुनु हो । लिखत यथावत् कायम रहिरहने हो भने जालसाजी ठहराउनुको कुनै अर्थ नै रहँदैन। त्यसैले लिखत जालसाज ठहरेपछि ठहरेको हदसम्म उक्त लिखत स्वतः बदर भई सम्पत्ति पूर्ववत् अवस्थामा आई वास्तविक हकवालाले पाउने हुन्छ । यस्तोमा लिखत बदर गराउन छुट्टै हदम्याद लिएर आउनु नहुने।

जालसाज ठहरी सकेको लिखत बदर नहुने हो भने जालसाज र लिखत बदर मुद्दाको फैसलाबीच समाञ्जस्यता देखिन आउँदैन। लिखत बदर मुद्दालाई कानूनी दायरामा ल्याउन नै जालसाजी मुद्दा दिने अभ्यास रहेको छ । मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को हदम्यादभित्र दायर हुन नसकेको लिखत बदर मुद्दालाई कानूनीरूपले पूर्णता दिन नै जालसाजी मुद्दा दिनुपर्ने हुन्छ । त्यसैले लिखत जालसाज भएको ठहरी जालसाज मुद्दामा फैसला भइसकेको अवस्थामा जालसाज मुद्दा साथै दायर हुन आएको लिखत बदर मुद्दा हदम्यादभित्रको नभएकोले लिखत बदर नभई फिराद नै खारेज हुने ठहऱ्याई गरेको सुरू र पुनरावेदन अदालतको फैसला मिलेको देखिँदैन । पुनरावेदन जिकिरअनुसार यी पुनरावेदक वादीहरूको अंश हक लाग्ने हदसम्मको जग्गा राजिनामाको लिखत जालसाजी ठहर भइसकेकोले सो हदसम्मको जग्गाको लिखतसमेत बदर भई सो हदसम्मको जग्गामा यी पुनरावेदक वादीको हक कायमसमेत हुने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणबाट

सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६६/१०/१३ मा मुलुकी ऐन, लेनदेनको महलको १० नं. को हदम्याद नाघी दायर हुन आएको फिरादबाट लिखत बदर हुन नसक्ने भएकोले लिखत बदर गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहर्‍याई भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०६७/०६/११ को फैसला मिलेको नदेखिँदा उल्टी भई नवलपरासी जिल्ला, पक्लिहवा गा.वि.स. वडा नं. ५ को कि.नं.२५४ को ज.वि.१-९-१८ को पूरै जग्गाको राजिनामा लिखत गरिदएकोमध्ये यीनै वादी प्रतिवादी भई चलेको अंश मुद्दामा नवलपरासी जिल्ला अदालतबाट मिति २०६६/१०/२३ भएको फैसलाअनुसार यी पुनरावेदक प्रतिवादीहरूले पाउने सम्पूर्ण जग्गाको ४ भागको २ भाग अंशको हदसम्म उक्त राजिनामा लिखत बदर भई सो हदसम्मको जग्गामा पुनरावेदक वादीहरू वनारसी कुर्मी र रामगोविन्द कुर्मीको हक कायम हुने।

इजलास अधिकृत:- यदुराज शर्मा

कम्प्युटरः सिजन रेग्मी

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

यसै लगाउका देहायबमोजिमका मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्

- ०६८-CR-०१५१, जालसाजी, रामगोविन्द कुर्मी वि.काशीनाथ कुर्मीसमेत
- ०६८-CI-०१५१, राजिनामा लिखत बदर, गोपी कुर्मी वि.काशीनाथ कुर्मीसमेत
- ०६८-CR-०१५२, जालसाजी, गोपी कुर्मी वि.काशीनाथ कुर्मीसमेत।

## इजलास नं. १३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री अनिलकुमार सिन्हा,** ०६७-WO-०७९९, अधिकारपृच्छा / उत्प्रेषण / परमादेश, रामदेव चौधरी वि. मालपोत कार्यालय, राजविराजसमेत

जग्गा दर्ता सम्बन्धमा मुख नमिली विवादित रहेको देखिन्छ । तेरो मेरोको प्रश्न उपस्थित भएको देखिए तापनि सो जग्गा नेपाल सरकारका नाउँमा दर्ता गर्दा विपक्षी मा.पो.का.ले सूचना जारी गरी निवेदकलाई बुझी उक्त निर्णय गरेको भन्ने लिखित जवाफबाट देखिन नआउने।

प्रतिवादको अवसर प्रदान गर्नुपर्ने प्राकृतिक न्याय सिद्धान्तको उल्लङ्घन गरी भएका निर्णयहरू बदरभागी हुने हुँदा यी निवेदकलाई सुनुवाइको मौका नदिई भएको मिति २०५६।१।९ को मालपोत कार्यालय सप्तरीको निर्णय बदरभागी रहेको देखिन आयो। तसर्थ निवेदन दाबीको कि.नं.८७३ को क्षे.फ.०-६-५ जग्गाको हदसम्म उक्त निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब उक्त जग्गा दर्ता गर्ने सम्बन्धमा रिट निवेदक रामदेव चौधरीलाई समेत बुझी निजलाई सुनुवाइको मौका प्रदान गरी निजको जिकिर एवम् प्रमाणको समेत न्यायिक मन प्रयोग गरेर समग्र प्रमाणको मूल्याङ्कन गरी विवादित कि.नं. ८७३ को जग्गा नेपाल सरकारका नाउँमा दर्ता गर्नुपर्ने हो वा निवेदक रामदेव चौधरीका नाउँमा दर्ता हुने हो भन्ने सम्बन्धमा कानूनबमोजिम निर्णय गर्नु भनी विपक्षी मालपोत कार्यालय, सप्तरीका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल असोज ९ गते रोज १ शुभम्।

- यसै लगाउको ०६७-CI-०९६२, निषेधाज्ञा / परमादेश, *रामदेव चौधरी वि. मालपोत कार्यालय, राजविराज, सप्तरी* भएको मुद्दामा यसै अनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-WO-०५९०, उत्प्रेषण / प्रतिषेध,

रवीन्द्रप्रसाद प्रधान वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत

निवेदकले उल्लेख गरेको ठगी मुद्दा चलेको र काठमाडौं जिल्ला अदालत एवम् पुनरावेदन अदालत, पाटनसमेतबाट फैसला नै भइसकेको देखियो । करिब ६ वर्षअगाडि उठान भएको ठगी मुद्दामा तहतह फैसला भई किनारा लागि सकेको अवस्था हुँदा प्रस्तुत निवेदनको सान्दर्भिकता र प्रयोजन देखिँदैन । रिट निवेदकको कुनै पनि हक अधिकार हनन् भएको अथवा कुनै हक अधिकारको प्रचलन गराउनु पर्ने अवस्था नदेखिएको हुँदा निवेदन मागबमोजिम आदेश जारी गरी रहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-WO-००९६, उत्प्रेषण, लोकनाथ ढकालसमेत वि. लोक सेवा आयोग के.का. अनामनगरसमेत

निवेदकमध्येका लोकनाथ ढकाललाई अर्थ मन्त्रालयको च.नं. २४०५ मिति २०७०।१।२३ गतेको पत्रबमोजिम समायोजन गरी पदस्थापन गरिएको र अर्का निवेदक तेजमणि काफ्लेलाई सामान्य प्रशासन मन्त्रालयको च.नं.१४२, मिति २०७०।१।२७ गतेका पत्रबाट बढुवा नियुक्ति गरिसकेको भन्ने जानकारी मिसिल संलग्न कागजातबाट देखियो । निवेदकहरूलाई उपर्युक्त मितिमा बढुवा भइसकेको हुँदा प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखियो । निवेदकहरूले बढुवा पाइसकेको र गणपति कँडेलसमेतका विपक्षीलाई बढुवा गर्ने गरी भएको निर्णयमा कुनै कानूनको व्याख्यात्मक त्रुटि भएको अवस्थासमेत नदेखिँदा यसमा थप विवेचना गरी रहन परेन । रिट निवेदक खारेज हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटरः रमेश आचार्य

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-WO-०८३०, उत्प्रेषण / परमादेश, रामपुकार राउत वरै वि. सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारसमेत

निजामती कर्मचारीहरू अन्ठाउन्न वर्ष उमेर पूरा नभएसम्म सेवामा बहाल रहन सक्ने र अन्ठाउन्न वर्ष उमेर पूरा भएको निजामती कर्मचारीले निजामती सेवाबाट स्वतः अवकाश पाउने देखिन्छ । साथै निजामती कर्मचारी सेवाबाट अवकाश हुने उमेरको गणना गर्दा शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आएको उमेर वा नागरिकताको प्रमाणपत्रमा किटिएको जन्म दिन वा वर्षबाट हुन आएको उमेर वा निजले भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिदिएको जन्म मिति वा वर्षबाट हुन आएको उमेरमध्ये जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनु पर्ने । निवेदकले प्राप्त गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, निजले भरेको वैयक्तिक नोकरी विवरण (सिटरोल) र निजले अध्ययन गरेको शिक्षण संस्थाको Transfer Certificate समेतबाट रिट निवेदकको जन्म मिति २०१७/३/१ कायम हुने हो भन्ने तथ्य प्रमाणित भइरहेको पाइयो । निजामती कर्मचारीहरू अन्ठाउन्न वर्ष उमेर पूरा नभएसम्म सेवामा बहाल रहन सक्ने देखिन्छ । यस प्रकारको कानूनी प्रावधानको विपरीत हुने गरी अन्ठाउन्न वर्ष उमेर पूरा नहुँदै अवकाश पाउने भनी निवेदकलाई अवकाश दिने सम्बन्धमा भएका काम कारवाही कानून अनुकूल हुने नदेखिने ।

माथि विवेचित आधार र कारणबाट अन्ठाउन्न वर्ष उमेर पूरा नभएको निवेदकलाई सेवाबाट अनिवार्य अवकाश दिने गरी भएको विपक्षीहरुको कार्य संविधानद्वारा प्रत्याभूत पेसा रोजगार गर्ने स्वतन्त्रतासम्बन्धी हक अधिकार तथा निजामती सेवा ऐन, २०४९ को दफा ३३ विपरीत रहेको देखिन आयो। अतः विपक्षी निजामती किताबखानाको मिति २०६८/९/२५ गतेको पत्रलगायत तदनुसार भएको निर्णय, पत्राचारसमेतका निवेदकलाई अवकाश दिने सम्बन्धमा भएका काम कारवाहीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। रिट निवेदकको जन्म मिति २०१७/३/१ कायम गरी तदनुसार निजलाई सेवामा यथावत कायम राखी निजले कानूनबमोजिम पाउने सुविधा दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत : विकास श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक ६ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-१६२५, लागु औषध खैरो हिरोइन, ज्योति पौडेल वि. नेपाल सरकार

प्रतिवादीले सुरू अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही आफूलाई फसाउनका लागि झुट्टा आरोप लगाएको हो भनि बयान गरेको भएपनि गौशाला पिंगलास्थानबाट लागु औषधसहित प्रहरीले पक्राउ गरी ल्याएको तथ्य स्वीकार गरेको पाइयो। लागु औषध बरामद गर्ने प्रतिवेदकहरुले बरामदी व्यहोरालाई पुष्ट्याई हुने गरी अदालतसमक्ष बकपत्रसमेत गरेको देखिन्छ। यसरी १०२ ग्राम खैरो हिरोइन बरामद भएको तथ्य खण्डित हुने कुनै भरपर्दो प्रमाण प्रतिवादीबाट पेस हुन आएको नदेखिने। प्रतिवादीका साक्षी सुशीलकुमार खनालले प्रतिवादीको निर्दोषिताको पक्षमा विश्वाससम्म व्यक्त गरेको देखिन्छ। निज साक्षीले यी प्रतिवादीलाई अरू कसैले फसाएको जस्तो लाग्छ भनी केवल अनुमानका आधारमा बकपत्र गरेको अवस्था हुँदा सो भनाईलाई प्रमाण मान्न मिलेन। पुनरावेदक प्रतिवादीका साथबाट बरामद भएको चिजवस्तुको नमूनामा लागु औषध हेरोइन पाइयो भन्ने मिति २०६९/१/२९ को राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टार ललितपुरको परीक्षण प्रतिवेदन रहेको देखिन्छ। उल्लेखित प्रमाणहरूबाट प्रतिवादी ज्योति पौडेल वीरगञ्जबाट लागु औषध ओसारपसार गरी काठमाडौं ल्याई बिक्री गर्ने क्रममा पक्राउ परेको तथ्य पुष्टि भएको देखिँदा निर्दोषिताको जिकिर गरेको निजको पुनरावेदन व्यहोरा मनासिब नदेखिने।

अत: बरामदी मुचुल्का, प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, परीक्षण प्रतिवेदन र प्रतिवेदकको बकपत्रसमेतका प्रमाणबाट प्रतिवादीले अभियोग मागदाबीअनुसारको कसुर अपराध गरेको प्रमाणित हुन आएको देखिँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) को कसुरमा ऐ. को दफा १४(१)(छ)(३) बमोजिम १५ (पन्ध्र) वर्ष कैद र रू.५,००,०००।- (पाँच लाख) जरिवाना गर्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावदेन अदालत, पाटनबाट भएको मिति २०७०/१०/१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : विकास श्रेष्ठ

इति संवत् २०७४ साल भदौ २७ गते रोज ३ शुभम्।

**इजलास नं. १४**

१

**मा.न्या.डा. आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०५३३, गौवध, जैरूद्धिन शेष वि. नेपाल सरकार

प्रतिवादी जैरूद्धिन शेषले वारदातको

रातको समयमा गाई काटी त्यहाँबाट २ किलोमिटर टाढा रहेको लौकाही भन्ने ठाउँमा सोही राति मासु लगेको कुरा मिसिल संलग्न रहेको बरामदी मुचुल्का, मौकामा खिचिएका फोटाहरू, व्यवसायिकरूपबाट मासु बेचबिखन गर्ने ढक, तराजु, किलो, काँटा र प्रतिवादीमध्येका ईस्माइल साईले गरेको बयानमा प्रतिवादी हनिफले गाई काटी भारतको लौकाहीमा बिक्री गर्ने गरेका थिए भनी पोल गरेसमेतबाट उक्त वारदात मितिमा यी प्रतिवादीले नै गौवध गराएको पुष्टि हुन आउने।

प्रतिवादीको घरमा गौवध वारदात भएको भन्ने कुरामा विवाद भएन। प्रतिवादी जैरूद्दिन शेषकी श्रीमती कलमुनिया शेषले आफ्नो घरमा गौवध भएकोमा साबिती रही अनुसन्धान तथा अदालतमा बयान गरेको देखियो। गाईको खुट्टा, टाउको, मासु, मासु तौल गर्ने तराजु, ढक बरामद भएको मिति २०६७।१०।८ को बरामदी मुचुल्काबाट देखिन्छ। प्रतिवादी ईस्माइल साईले अनुसन्धानको क्रममा गरेको बयानमा जैरूद्दिनले गाई काटी भारतको लौकाहीमा बिक्री गर्ने गरेका थिए भनी बयान गरेका, जैरूद्दिनले आफू वारदातका दिन मामाघर गएको भनी बयान गरेका र वारदातस्थलबाट निजको मामाघर २ किलोमिटर टाढा रहेको लौकाही भन्ने ठाउँमा सोही राति मासु लगेको कुरा मिसिल संलग्न रहेका बरामदी मुचुल्का, मौकामा खिचेको फोटोहरू, प्रतिवादीमध्येका ईस्माइल साईको बयानसमेतबाट समर्थित भएको देखिँदा प्रतिवादी जैरूद्दिन शेषले नै गौवध गरेको पुष्टि हुने।

अत: उल्लिखित विवेचित आधार प्रमाणबाट प्रतिवादी हनिफ भन्ने जैरूद्दिन शेषलाई मुलुकी ऐन, चौपायाको महलको १ नं. विपरीतको कसुरमा सोही ऐनको ११ नं. बमोजिम १२ वर्ष कैद हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट मिति २०६८।८।११ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर झवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम्।

२

**मा.न्या.डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-१५९१, मानव बेचबिखन तथा ओसारपसार, कान्छीमेन्दो तामाङ वि. नेपाल सरकार

शान्ति तामाङ र माखुरी तामाङको हकमा निज कान्छीमेन्दोले आफूहरूलाई २०६८।१।१७ र २० गते घरमा काम गरी नबस म तिमीलाई सहरमा राम्रो काम लगाई दिन्छु भनी फकाएको तर आफूहरू नगएको भनी निजहरूले बयान गरेको र सो बयान अदालतबाट प्रमाणित भएको पाइन्छ। उक्त आरोपबारे प्र. कान्छीमेन्दो तामाङ अदालतमा इन्कार रहे पनि अनुसन्धानमा भने ललाई फकाई गरेको साबित रहेको पाइन्छ। साथै जाहेरवाला शान्तिमायासमेतले निजउपर किटानी जाहेरी गरेको अवस्था छ। यस स्थितिमा प्रतिवादी कान्छीमेन्दोले पीडित माखुरी तामाङ र शान्ति तामाङलाई बेचबिखनको उद्योग गरेकोबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम १०(दश) वर्ष कैद र रूपैयाँ १(एक) लाख जरिवाना हुने ठहराएको सुरू नुवाकोट जिल्ला अदालतको इन्साफ सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।२८ को निर्णय मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

मिसिल संलग्न तथ्यहरूको समग्र विवेचना गर्दा, फूलमायालाई बिक्री गरेको भन्ने आरोपमा प्रतिवादी कान्छीमेन्दो मतियारसम्म देखिन आएबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) बमोजिमको कसुर गरेको देखिन आयो। यस स्थितिमा निज प्रतिवादी कान्छीमेन्दोलाई सोही ऐनको दफा १५(१)(क)

बमोजिम सजाय गरेको मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई निज प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम १०(दश) वर्ष कैद र रू.१(एक) लाख जरिवाना हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम् ।

## इजलास नं. १५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-२०७२, अंश चलन, मंगलमान शाक्यसमेत वि.मन्दिरा शाक्यसमेत

वादीले सगोलको सम्पत्ति भनी दाबी लिएको अवस्थामा प्रतिवादीले दाबीका सम्पत्ति आफ्नो निजी भनी जिकिर लिएमा सो सम्पत्ति आफ्नो ज्ञान वा सिप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तबरले दान वा बकस पाएको भनी वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्नुपर्ने हुन्छ । निजी आर्जनको कमाई हो भन्ने पक्का प्रमाणको अभावमा सगोलमा रहँदा बस्दा प्राप्त गरेको वा बढेबढाएको सम्पत्ति एकलौटी हुन नसक्ने ।

प्रतिवादीको प्रतिउत्तर पत्रबाटै पनि वादी प्रतिवादीहरू एकासगोलमा रहँदा बस्दा प्रोप्राइटर सीपफर्म दर्ता गरेको स्वीकार गरेको तर सो दर्ता गरी सञ्चालनमा ल्याउँदा आफ्नो निजी आर्जनको सम्पत्तिको लगानी मात्र भएको भन्ने कुनै तथ्ययुक्त प्रमाण पेस भएको देखिएन । सोही फर्मलाई २०४७/४/२६ मा प्रा.लि. मा परिणत गरेको, सो कम्पनीमा वादीमध्येका ईरोजमान शाक्यलाई समेत सेयर दिइएकोबाट र कि. नं. ६४९ को जग्गा वादीको पति / पिता स्वर्गीय सोवितमानको परलोकपश्चात् शाक्य अफसेट प्रेस प्रा. लि.मा नामसारी गरिएबाट सगोलको सम्पत्ति लगानी भएको कम्पनी होइन भन्न सकिने अवस्था देखिएन । यसरी एकाघर सगोलमा रहेका दिर्जेमानका तीन छोराहरू मंगलमान, चन्द्रमान, सोभितमान र निजहरूका पत्नी एवम् सन्तानहरूबीच कानूनबमोजिम बन्डा नभएको अवस्थामा प्रतिशतको आधारमा कम्पनीको सेयरमा फरक फरक स्वामित्व देखिएको भएपनि एकासगोलको अंशियारमध्ये जुनसुकै अंशियारहरूको नाममा रहेको सम्पत्ति एकासगोलको मानिने प्रमाण ऐन, २०३१ को दफा ६(क) को कानूनी व्यवस्था हुँदा सोबमोजिम अंशबन्डा गर्नुपर्ने सबै अंशियारबीच समान हक लाग्ने ।

वादी प्रतिवादीहरू समेतको सेयर रहेको शाक्य अफसेट प्रेस प्रा.लि.को सम्बन्धमा विचार गर्दा, सो प्रेससमेत यी पुनरावेदक प्रतिवादीको निजी आर्जनको भनी प्रमाणित हुनसकेको पाइँदैन । कम्पनीको व्यक्ति सरह छुट्टै अस्तित्व हुने भएकोले त्यस्तो सेयरमा भएको लगानीसम्म बन्डा लाग्ने हुन्छ । कम्पनी ऐन, २०६३ को दफा ८ बमोजिम कम्पनीको कारोबारको सम्बन्धमा सेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको सेयरको अधिकतम रकमसम्म मात्र सिमित रहने व्यवस्था रहेको पाइन्छ । यसरी कम्पनीको सेयरमा लगानी भएको अवस्थामा सेयरवालाको हैसियतले सेयरमासम्म स्वामित्व ग्रहण गर्न सकिने हुन्छ । साबिकमा स्वर्गीय शोभितमानको नाममा रहेको कि. नं. ६४९ को जग्गा कम्पनीको नाममा नामसारी भएको सम्बन्धमा छुट्टै विवाद नभएको अवस्थामा उक्त कम्पनीको नाममा भएको जग्गा वा मेसिनरी आदि बन्डा हुनसक्ने अवस्था हुँदैन । अतः कम्पनीको सेयर लगानीसमेत सगोलको बन्डायोग्य सम्पत्ति भएको हुँदा अंशियारहरूको समान हक लाग्ने नै देखिने ।

आफ्नो ज्ञान, सिप, प्रयासबाट कमाएको भन्ने प्रतिवादीले जिकिर लिए पनि वस्तुनिष्ठ प्रमाणबाट सगोलमा रहँदा बस्दा कमाएको सम्पत्तिलाई कम्पनीमा रहे भएको सेयरको अनुपातमा वादीले १९.२८ प्रतिशत

मात्र पाउँछ भन्नु कानूनसङ्गत नदेखिने।

तसर्थ, वादी प्रतिवादीहरूबीच सगोलमा रहेको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं १३ कि. नं. ४३, ९४, १६३ र ऐ. वडा नं. २३ कि. नं. १३४७ र १९९३ को जग्गा र घरहरू समेतबाट ३ भागको एक भाग वादीले अंश बन्डा गरी लिन पाउने र वादी प्रतिवादीहरू दुवैको सेयर रहेको शाक्य अफसेट प्रेस प्रा. लि.को सम्पत्तिहरू अंशबन्डा हुने नभई कम्पनीमा रहेको सम्पूर्ण सेयरहरूको ३ भागको १ भाग हक लाग्नेसमेत गरी ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७२।०८।१६ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विमला पौडेल (शाखा अधिकृत)

इति संवत् २०७४ साल मङ्सिर २२ गते रोज ६ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-०१०८, अंश चलन, केशवप्रसाद उपाध्याय वि. मुकुन्दप्रसाद उपाध्याय

का.म.न.पा.वडा नं. १० कि.नं. ६२६ को क्षे.फ. ०-८-२ जग्गा प्रतिवादी केशवप्रसाद उपाध्याय र निजकी श्रीमती देवकी उपाध्यायले कृष्णप्रसाद उपाध्यायबाट हा.ब.बाट प्राप्त गरेको मिति २०७४/१०/९ को लिखतबाट देखिन्छ। उक्त कि.नं. ६२६ को जग्गा केशवप्रसाद उपाध्याय र देवकी उपाध्यायले हा.व. बाट प्राप्त गरेको देखिँदा अंशबन्डाको १८ नं. तथा दानबकसको ५ नं. ले आफूखुश गर्न पाउने निजी आर्जनको सम्पत्ति देखिँदा उक्त कि.नं. ६२६ को जग्गाबाट वादीले ३ खण्डको १ खण्ड अंश पाउने भई सो हदसम्म केशवप्रसाद उपाध्यायको निजी आर्जनको ठहर गरेको मिति २०६४/९/१० को सुरू काठमाडौं जिल्ला अदालतको फैसला केही उल्टी भई कि.नं. ६२६ को जग्गाबाट समेत वादीले ३ खण्डको १ खण्ड अंश पाउने ठहर्छ भन्ने मिति २०६६/१/२२ को पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण देखिँदा सो हदसम्मको पुनरावेदन अदालत, पाटनको फैसला उल्टी हुने।

प्रतिवादी केशवप्रसाद उपाध्यायको नाममा दर्ता रहेको जिल्ला धनुषा हरिहरपुर गा.वि.स. वडा नं. १(ख) कि.नं. १८३० क्षे.फ. ०-१-३-७ जग्गा, ऐ.ऐ. कि.नं. १८३३ क्षे.फ. ०-०-९-२ तथा ऐ.ऐ उमाप्रेमपुर गा.वि.स. वडा नं. ७(ग) कि.नं. १५ क्षे.फ. ०-५-१० जग्गामा समेत ३ भागको १ भाग अंशबापत प्रतिवादीबाट वादीले पाउने ठहर्छ भन्ने सुरू काठमाडौं जिल्ला अदालतको फैसलाउपर यी पुनरावेदक प्रतिवादी केशवप्रसाद उपाध्यायको पुनरावेदन परेको देखिएन। पुनरावेदन अदालतमा पुनरावेदन जिकिर नै नलिएकोमा पुनरावेदन अदालत, पाटनको फैसलाउपर मात्र यस अदालतमा परेको पुनरावेदनमा विचार गर्नुपर्ने अवस्था रहेन। उल्लिखित कि.नं.१८३०, कि.नं.१८३३ तथा कि.नं. १५ समेत ३ कित्ता जग्गामा यी पुनरावेदक प्रतिवादी केशवप्रसाद उपाध्यायको पुनरावेदन जिकिर पुग्न नसक्ने।

काठमाडौं जिल्ला थानकोट गा.वि.स. वडा नं. ९(ख) कि.नं. ६५२ क्षे.फ. ०-४-३-३ जग्गाका हकमा प्रतिवादी केशवप्रसाद उपाध्यायले अंश मुद्दा परी तायदाती माग भएपछि मिति २०६२ असोजमा मात्र प्राप्त गरेको मिसिल संलग्न लिखत फोटोकपीबाट देखिँदा सो जग्गा प्रतिवादी केशवप्रसाद उपाध्यायको निजी आर्जन भई बन्डा लाग्ने अवस्था देखिएन। तसर्थ कि.नं. ६५२ को जग्गा बन्डा लाग्दैन भन्ने पुनरावेदन अदालत, पाटनको फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादी केशवप्रसाद उपाध्यायको नाउँमा दर्ता रहेको कि.नं.२७१ को घरजग्गा आमा मिथिला उपाध्यायले मिति २०३४/३/१९ मा पदम कुमारी

थापा क्षेत्रीबाट राजिनामाबाट प्राप्त गरेको र सोही जग्गा प्रतिवादी केशवप्रसाद उपाध्यायलाई मिति २०६०/१२/४ मा मात्र आएर हालैदेखिको बकसपत्र भएको देखिन्छ । एकासगोलमा रहँदाको अवस्थामा मिथिला उपाध्यायको नाममा राजिनामाबाट खरिद भएको उक्त कि.नं. को जग्गा निजी तथा स्व-आर्जनको भन्ने मिसिल संलग्न कुनै पनि प्रमाणबाट पुष्टि भएको देखिँदैन । यस स्थितिमा सो कित्ता घर जग्गा सगोलकै भएको / रहेको मान्नु पर्ने हुन आउँछ । तसर्थ अरू अंशियारसमेतको अंश हक लाग्ने सम्पत्ति हालैदेखिको बकसपत्र भएपनि समान अंशियारबीचमा नै रहेको अवस्थामा कि.नं. २७१ को घरजग्गा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम अंश भाग लाग्ने देखिएको र ३ अंशियारहरू देखिँदा ३ भागको १ भाग लाग्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६६/१/२२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : तारादेवी महर्जन

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल कात्तिक ८ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०२४४, कर्तव्य ज्यान, नेपाल सरकार वि. भुपेन्द्रबहादुर परियार

प्रतिवादीले मृतकलाई ज्यानसम्बन्धी महलको १३(३) नं. को रीतसँग लाठा, ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानि, घोची, रोपी ज्यान मर्न गएको अवस्था पनि देखिएन । प्रतिवादी र मृतक भेट हुँदा प्रतिवादीको बाबुबाजेको नाम लिई गाली गलौज गरेकाले प्रतिवादीलाई तत्काल उठेको रिस थाम्न नसकी लात्ती, मुक्काले हानि बाँसको बुटामा धकेलिदिएको कारणबाट १२ औं दिनमा मृत्यु हुन पुगेको देखिँदा ज्यान सम्बन्धी महलको १४ नं. बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आयो । मृतकलाई मार्ने पूर्व मनसाय थियो भन्ने तथ्ययुक्त प्रमाण वादी नेपाल सरकारबाट पेस हुनसकेको नदेखिँदा ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम प्रतिवादीलाई सजाय हुनपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादी भुपे भन्ने भुपेन्द्रबहादुर परियालले मृतक साबित्री घर्तिलाई मार्न पर्ने कारण नदेखिएको, पूर्वरिसइवी नभएको, प्रतिवादीले जोखिमी हतियारले प्रहार गरेको भन्ने पनि नदेखिएको र मृतकले गाली गलौज गरेको तत्कालको रिसमा प्रतिवादीले लात, मुक्का, थप्पड हानी धँकेली दिई चोट लाग्न गई सोही चोटका कारण मृतको मृत्यु भएको देखिएको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम प्रतिवादी भुपेन्द्रबहादुर परियारलाई १० (दश) वर्ष कैद हुने ठहराएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०/११/२० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ३ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CI-०३३१, अंश नामसारी, अम्बिका ज्ञवाली वि. रविराज अर्याल

वादी प्रतिवादी शशि अर्याल, रविराज र राजेश अर्याल ३ अंशियार भएकोमा विवाद छैन । वादी प्रतिवादी ३ अंशियार भएकोले ३ भागको एक भाग अंश वादी रविराज अर्यालले पाउने कुरामा पनि विवाद भएन । विवादको कि.नं. २५०३ को जग्गा प्रतिवादी राजेश अर्यालको श्रीमती अम्बिका अर्यालको नाममा र.नं. ४११३(घ) मिति २०६७/१/२९ मा राजिनामा गरी लिएको देखिन्छ । अम्बिका अर्यालको पति राजेश अर्याल विदेश मलेसिया गएको भने पनि निज मलेसिया गएको प्रमाण निज प्रतिवादीबाट पेस हुनसकेको छैन । निज मलेसिया गएर कमाएको निजी आर्जनको

भए मलेसियाबाट रकम पठाएको प्रमाण पेस हुनुपर्नेमा सोसमेत पेस हुनसकेको देखिँदैन। उक्त जग्गा अंश बन्डाको १८ नं. बमोजिम कसैबाट दान वा बकस पाएको वा कसैको अपुताली परेको भन्ने पनि देखिँदैन। प्रतिवादी राजेश अर्यालले कतै जागिर खाएर कमाएको वा कुनै अध्ययन अनुसन्धानबाट कमाएको धनबाट उक्त जग्गा खरिद गरेको पनि नदेखिने।

अंशबन्डाको १८ नं. बमोजिम निजी ज्ञान, सीपबाट उक्त जग्गा अम्बिका अर्यालको नाममा खरिद गरेको नभई अंशबन्डाकै १८ नं. बमोजिम मानो नछुट्टीई सगोलमा बसेका प्रतिवादी राजेश अर्यालको सगोलको आर्जनबाट श्रीमती अम्बिका अर्यालको नाममा उक्त जग्गा खरिद गरेको मान्नुपर्ने देखिँदा सगोलमा आर्जन गरेको सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम सबै अंशियारलाई बराबर भाग लाग्ने देखिन आयो। यस स्थितिमा कि नं २५०३ को जग्गा निजी भएकोले बन्डा लाग्ने होइन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी कि.नं. २५०३ को जग्गासमेतबाट ३ भागको १ भाग अंश वादीले पाउने ठहराई भएको पुनरावेदन अदालत, बुटवलबाट मिति २०७२/८/९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटरः विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ ३ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०१०४, उत्प्रेषण / परमादेश, रामअनुग्रह प्रसाद साह वि. जिल्ला शिक्षा कार्यालय, मकवानपुरसमेत

निवेदकको उमेर गणना गर्दा शिक्षण संस्थाको योग्यताको प्रमाणपत्र तथा सिटरोलबाट निवेदकको जन्ममिति २०१२/३/३ गते उल्लेख भए तापनि नागरिकताको प्रमाणपत्रमा नागरिकता जारी हुँदाका बखत निवेदकको उमेर २१ वर्ष भनी उल्लेख भएको र निजको नागरिकता जारी मिति हेर्दा मिति २०३३/३/३ भनी उल्लेख भएको देखिन्छ। निजको ६० वर्ष उमेर हद गणना गर्दा नागरिकता जन्ममितिबाट नै पहिलो ६० वर्ष पुग्ने देखिएकोले नागरिकताको जन्ममितिबमोजिम ६० वर्ष उमेर हदको कारण मिति २०७२/३/३ बाट अनिवार्य अवकाश हुने नै देखियो। यस अवस्थामा निवेदकले मिति २०३३/३/३ मा नागरिकता लिँदा २१ वर्ष भनी उल्लेख भएकोमा नागरिकता लिएको मितिमा २१ वर्ष घटाई कायम हुन आउने मितिलाई जन्ममिति कायम गर्दा निवदेकको जन्ममिति २०१२/३/३ देखिन आउँछ र सो जन्ममितिबाट उमेरको हदबाट अनिवार्य अवकाश पाउने ६० वर्षको अवधि गणना गर्दा निवेदकले मिति २०७२/३/३ मा नै अनिवार्य अवकाश पाउने देखियो। यसो हुँदा निवेदकलाई मिति २०७२/३/३ बाट अनिवार्य अवकाश हुने उल्लेख गरी निजको पेन्सनपट्टा बनाउने गरी विद्यालय शिक्षक किताबखानाबाट भएको निर्णयलाई अन्यथा भन्न नमिल्ने।

सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरूको अभिलेख चुस्त दुरूस्त राखी अनिवार्य अवकाश हुने शिक्षकका सम्बन्धमा अनिवार्य अवकाश पाउने मितिभन्दा ६ महिना अगावै अवकाश पाउने शिक्षक र कार्यरत रहेको विद्यालयलाई जानकारी गराउने कर्तव्य विद्यालय शिक्षक किताबखानाको रहेको भन्ने कुरा शिक्षा नियमावली, २०५९ को नियम १२६(२) मा रहेको देखिन्छ। प्रस्तुत विवादका सम्बन्धमा विद्यालय शिक्षक किताबखानाको लिखित जवाफलाई हेर्दा विद्यालय शिक्षक किताबखानाले नियम १२६(२)(घ) बमोजिम आफ्नो कानूनी दायित्व पुरा गरेको भन्ने देखिँदैन। यस अवस्थामा रिट निवेदक अध्यापन कार्यमा कार्यरत रहेको विद्यालयको च.नं.२१० मिति

२०७३/५/१२ को निर्णयबाट अनिवार्य अवकाश भएको र निवेदक अवकाश हुँदाको समयसम्म आफूलाई तोकिएको विद्यालयमा अविच्छिन्नरूपमा नियमित रूजु हाजिर रही शैक्षिक सेवा प्रदान गरेको अवस्था देखिँदा Service Jurisprudence को मान्यताअनुसार निवेदकले सार्वजनिक सेवा गरेबापत राज्यबाट प्राप्त गर्ने कानूनबमोजिमको तलब सुविधा नपाउने भन्न न्यायोचितन नदेखिने । बढी अवधिसम्म कार्य गरी निवेदकले भुक्तानी लिएको तलब भत्तालगायतका सुविधाका रकमहरू बापतको नपुग रू.४,७६,६७२।- रूपैयाँ राजस्व खातामा जम्मा गर्नु भनी निवेदकलाई विद्यालय शिक्षक किताबखानाले दिएको मिति २०७४/२/३० को पत्र प्राकृतिक न्यायको मान्य सिद्धान्त एवं श्रमसम्बन्धी विधीशास्त्रीय मान्यताअनुसार कानूनसम्मत र न्यायपूर्ण देखिन नआउने।

अत: रिट निवेदकले मिति २०७२/३/३ देखि २०७३/३/३० सम्म बढी अवधि काम गरेबापत भुक्तानी लिएको तलब, भत्तालगायतको बढी रकम रू.४,७६,६७२।- को हकमा राजस्व दाखिल गर्नु भनी विद्यालय शिक्षक किताबखानाबाट निवेदकलाई दिएको च.नं.५००४ मिति २०७४/२/३० को पत्र एवं सोसम्बन्धी अन्य काम कारवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकले मिति २०७३/५/८ सम्म विद्यालयमा अध्यापनसम्बन्धी कामकाज गरेबापत प्राप्त गरेको बढी रकम रू.४,७६,६७२।- रूपैयाँ फिर्ता दाखिला नगराई अनिवार्य अवकाश हुने मिति २०७२/३/३ लाई कायम गरी निवृत्तभरण अधिकार पत्र (पेन्सनपट्टा) बनाई दिनु भनी विपक्षी विद्यालय शिक्षक किताबखानाको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : डिल्लीराम प्रसाई

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल चैत ८ गते रोज ५ शुभम्।

## इजलास नं. १७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०२०१, लागु औषध खैरो हेरोइन, सुशील साह वि. नेपाल सरकार

प्रतिवादीले मौकामा अनुसन्धानको क्रममा तथा अदालतमा समेत गरेको बयानमा उक्त लागु औषध आफूले भारत रक्सौलबाट खरिद गरी ल्याएको अवस्थामा पक्राउ परी बरामदसमेत भएको भनी खरिद तथा ओसारपसार गरेको तथ्यलाई स्वीकार गरेका छन्। अनुसन्धान अधिकारीसमक्ष सेवन तथा बिक्रीका लागि ल्याएको भन्ने यी प्रतिवादीले अदालतसमक्ष बयानमा भने कारोबारका लागि नभई सेवन गर्न मात्र ल्याएको भनी जिकिर गरेतापनि सो व्यहोरालाई समर्थन गर्ने कुनै प्रमाण पेस गर्नसकेको अवस्था छैन । निज प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाण र निजको आर्थिक अवस्थाको जिकिरतर्फ विचार गर्दा एकैपटक सेवन गर्न मात्र भनी ठूलो परिमाणमा लागु औषध लिई आएका कुरामा विश्वास गर्न सकिने अवस्था पनि नदेखिने।

प्रतिवादी सुशील शाहले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा उल्लिखित परिमाणको लागु औषध आफूसँगबाट बरामद भएको र लागु औषध ओसारपसारको कारोबार गरेको तथ्य र परिमाणलाई स्वीकार गरेको पाइन्छ । बरामद लागु औषधको परिमाण, अवस्था र परिस्थितिबाट यी पुनरावेदक प्रतिवादी लागु औषध कारोबारी नभई सेवनकर्ता मात्र हुन भन्ने देखिन नआएको सन्दर्भमा तथ्ययुक्त प्रमाणविना मिसिल संलग्न प्रमाण कागजातहरूलाई नजरअन्दाज गरी लिएको पुनरावेदन जिकिरकै आधारमा मात्र सजायमा थपघट गर्नु मनासिब नदेखिने ।

तसर्थ, माथि उल्लिखित तथ्य, कानूनी

व्यवस्था, आधार र कारणबाट प्रतिवादी सुशील साह ३८ ग्राम लागु औषध खैरो हेरोइनसाथ पक्राउ परेकोसमेत हुँदा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को उपदफा (१) को खण्ड(छ) को देहाय (२) बमोजिम निज प्रतिवादी सुशील साहलाई कैद वर्ष १० र रू.७५,०००।– (पचहत्तर हजार) जरिवानासमेत हुने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७०।१।२३ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।११।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन २६ गते रोज ५ शुभम्।

## इजलास नं. १८

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-१२०३, अंश चलन, साबित्रा साहसमेत वि. श्रवणकुमार साहसमेत

अंश मुद्दामा बन्डा गर्नुपर्ने सम्पत्ति केही पनि रहेको देखिन्न। बिक्री भएको सम्पत्तिउपर परेको लिखत दर्ता बदर दर्ता मुद्दाबाट मात्र वादीहरूको दाबी ठहर्ने गरी फैसला भई उक्त मुद्दा पुनरावेदन अदालतबाट अन्तिम भएर बसेको छ भने अंश मुद्दामा मात्र प्रस्तुत पुनरावेदन परेको अवस्था छ । अतः अन्तिम भइबसेको लिखत दर्ता बदर दर्ता मुद्दामा वादीको हक जतिको लिखत बदर हुने ठहरेको मोरङ जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ६(ग) को कि.नं. ५१३ को ०-१-१० जग्गा अंशबन्डाको १८ नं. बमोजिम निजी आर्जनको हो वा सगोलको हो ? बन्डा लाग्ने हो वा होइन ? भनी प्रस्तुत अंश मुद्दाबाट विवेचना र व्याख्या गर्नुपर्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणसमेतबाट प्रस्तुत अंश मुद्दामा बन्डा लाग्ने सम्पत्ति केही नभएबाट उक्त मुद्दामा जग्गा बन्डा लाग्ने नलाग्नेतर्फ केही नबोली केबल अंशियारहरू मात्र कायम गरी बन्डा पाउने सम्पत्तिको हकमा मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स. वडा नं. ६(ग) को कि.नं. ५१३ को ०-१-१० जग्गा र सोमा बनेको घरसमेत ०६९-DP-००७० को लिखत दर्ता बदर दर्ता कायम मुद्दामा ठहरेबमोजिम हुने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।८।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-१३४२, अंश चलन, योगेन्द्रबहादुर विष्ट वि. मुनी शमशेर ज.ब.रा.

२०२१ र २०२९ सालको लिखतबाट वादी एकातर्फ अंश लिई अलग भएको अवस्था छैन भने अर्कोतर्फ त्यतिबेलाको नाबालक वादीको नाउँको जग्गा पुनः पिताले नै फिर्ता लिइसकेपछि एकासगोलमा रहँदा व्यवहार मिलाउनको लागिसम्म कार्य गरेको देखिएबाट कानूनतः त्यसलाई वादी न त प्रतिवादीबाट अलग भएको, न त मानो छुट्टिएको नै मान्न मिल्ने।

अंश अंशियारको नैसर्गिक अधिकार हो, त्यो विशेष र अपवादको अवस्थामाबाहेक बन्डापत्र वा अंश छोडपत्र भरपाई जे जस्तो लिखतबाट प्राप्त गरेको भएपनि त्यो असल कमसल र नरमकरम समानुपातिकरूपमा न्यायोचित हिसाबको नै हुनुपर्ने।

मुलुकी ऐन, अंशबन्डाको महलको ३० नं. मा २०३४ सालमा भएको सातौं संशोधनले अंशियारहरू व्यवहारबाट कानूनतः अंशबन्डा भएको मान्नको लागि पनि सम्पत्तिको बाँडफाँड, समान, समानुपातिक र न्यायोचित रूपमा बाँडिएको र हक हस्तान्तरण भएको अवस्था स्पष्टरूपमा देखिनु अनिवार्य हुन जान्छ ।

नरमकरम मिलाई समानरूपमा सम्पत्तिको बाँडफाँड नगरी भोग व्यवहार र बिक्री वितरण गरेको भन्ने आधारमा मात्र साबिक मै अंशबन्डा भई छुट्टिएको भनी कानूनतः भन्न मिल्ने नहुने।

प्रतिवादीले २०४१ सालमा अंश भरपाई छोडपत्र गर्नुपूर्व र त्यसपछि पनि अंश छोडपत्र र भरपाईबाहेक अंशियारहरूबाटै विभिन्न लिखतहरूको माध्यमबाट प्राप्त गरेको सम्पत्ति र आफ्नो र अन्य वादीसमेतको अंशियारको संयुक्त दर्तामा रहेको २४ कित्ता जग्गा बिक्री गरेको स्थितिले समेत वादीको नाउँमा रहेको सम्पत्तिको तुलनामा निज प्रतिवादीको नाउँमा बढी नै जग्गा रहेको देखिन्छ। यसलाई अंशबन्डा वा अंश छोडपत्र र भरपाईद्वारा अंशियारले समानरूपमा अंश पाउनु र पाएकै हुनुपर्छ भन्ने कानूनी व्यवस्थाको मक्सदसँग मेल खाएको भन्न नमिल्ने।

अंश जस्तो नैसर्गिक हक समान अंशियारका बीचमा समान स्तरको हुनु न्यायोचित हुने देखिन्छ तर असमान हुने गरी वा अंश हकमा समान नरही ज्यादै अन्तर हुन गई प्रथमदृष्टिमै फरक देखिनु कानून तथा व्यवहारिक दृष्टिकोणबाट समेत मिल्ने नदेखिने।

अंश भरपाई वा छोडपत्रबाट लिएको अंश सम्पत्ति थोरै भएमा वा अंश नै छाडी दिएमा अंश भरपाई गर्नेको परिवारले नालेस दिएमा बदर हुने गरेको अवस्था रहेको छ भने ठीक त्यसरी नै अंश छोडपत्र भरपाई गर्नेले अंश छोडपत्र र त्यसपछि पनि अन्य लिखतहरूबाट निज अंशियारको भागमा पर्नेभन्दा पनि बढी सम्पत्ति प्राप्त गरेमा त्यसरी विभिन्न लिखतहरूबाट अंशियारको नाउँमा बढी गएको सम्पत्तिले पनि अंश भरपाई र त्यसपछिका विभिन्न लिखतबाट प्राप्त गरेको भनेर कानूनतः मान्यता पाउन सक्ने अवस्था हुन नहुने।

कानून, सिद्धान्त र व्यवहारको मापदण्ड समान अवस्थामा दुवै पक्षलाई समानरूपले नै लागू हुनुपर्ने हुन्छ, तिनमा दोहोरो मापदण्ड हुन नहुने।

प्रतिवादी आफू मिति २०४१/०३/१९ मा पारित अंश छोडपत्र र भरपाईको लिखतले अंश लिई अलग भए पनि सोअघि र पछि विभिन्न मितिका लिखतबाट प्रतिवादीका नाउँमा आफ्नै अंशियारको नाउँबाट आएको सम्पत्ति हेर्दा वादीसँग रहेको सम्पत्तिको तुलनामा अस्वाभाविकरूपमा बढी नै रहेको महसुस गरेर नै प्रतिवादीले आफ्नो १७ नं. को निवेदनमा उक्त तथ्यलाई स्वीकारी मिति २०४१/३/१९ लाई मानो अलग भएको मिति हुनुपर्ने भन्ने जिकिर लिएको पुष्टि हुन आउने।

प्रतिवादी आफ्नो पिता सुदर्शनको जीवनकालमा नै २०४१ सालमा पारित अंश छोडपत्र र भरपाईको लिखतबाट अलग भएको भने पनि सो लिखत र सोपछि अंशियार बाबु, आमा र यी वादी भाइबाटै विभिन्न मितिको लिखतबाट असमान रूपले अरू सम्पत्तिहरू पनि हस्तान्तरण हुँदै गरेको र केही सम्पत्ति अझै यी प्रतिवादीसमेतको संयुक्त नाउँमा रहेको र सोबारे साबिकमा नै अंश भरपाईमा केही पनि उल्लेख नभएको अवस्थाले यी प्रतिवादी मुनी शमशेर साबिक २०४१ सालबाट नै वास्तविक, स्वाभाविक र कानूनीरूपमै अंशबन्डाको प्रयोजनको लागि लिखतअनुसार व्यवहारमा नै अलग भएको भन्न मिल्ने अवस्था नदेखिने।

मिति २०४१/०३/१९ मा र.नं.३२३६ को लिखतबाट प्रतिवादीले अंश छोडपत्र गरी भरपाई गरिदिएको भन्ने भए पनि सो मितिमा प्रतिवादी, वादी भाइबाट मानो छुट्टिएर अलगअलग भई बसेको अवस्थासम्म कानूनतः मान्नुपर्ने देखिन आउने।

पुनरावेदन अदालत, पाटनले प्रतिवादी वादीबाट मिति २०४१/०३/१९ गते पारित अंश छोडपत्र भरपाईको लिखतबाट अलग भएकोले वादी दाबी पुग्न सक्दैन भनी गरेको फैसला कानूनतः मिलेको देखिन आएन। अंश छोडपत्र भरपाईको लिखत पारित भएको मिति २०४१/०३/१९ नै प्रतिवादी, वादीबाट

मानो अलग भएको मिति कायम भएको हुँदा सो मिति पछि प्रतिवादीले खरिद गरेको कि.नं. ८०२, २६१, २६३ र २६२ का जग्गा भने बन्डा नलाग्ने प्रतिवादीको निजी हुने ठहर्छ । सोबाहेक प्रतिवादीका नाउँमा रहेका अन्य कि.नं.का जग्गाहरू अंशियारहरूबाटै विभिन्न लिखतबाट हक हस्तान्तरण भई आए पनि ती सगोल र पैतृक सम्पत्तिका रूपमा नै रहेको देखिन आउने ।

अंशियारबाटै सबैलाई बन्डा लाग्ने सम्पत्ति जुनसुकै लिखतबाट प्राप्त गरेपनि त्यो सम्पत्तिको प्रकृति र स्रोत पैतृक भएमा र अंशियारबीच सम्पत्तिको बाँडफाँड वा प्राप्ति असमान देखिए वा समानुपातिक एवम् न्यायोचितरूपमा भएको नदेखिएमा कानून एवम् स्वभाविकरूपमा पनि ती सम्पत्ति जुनसुकै अंशियारले प्राप्त गरेर तीनका नाउँमा रहे पनि त्यस्ता सम्पत्तिमा समेत बन्डा लाग्ने ।

अतः उल्लिखित निजी आर्जनको देखिएका कि.नं.का जग्गाहरूबाहेक वादी प्रतिवादीले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित दर्ता स्रेस्तासँग भिडेका जग्गाहरूमध्ये केही कि.नं. का जग्गाहरू प्रतिवादीले अंश भरपाई गरी दिएको मिति २०४१/०३/१९ अघि र पछि पनि प्रतिवादीकै नाउँमा अंशियारहरूबाटैको जुनसुकै लिखतबाट हस्तान्तरण भई आए पनि ती पैतृक सगोलकै सम्पत्ति मान्नुपर्ने हुँदा ती सम्पत्तिबाट दुई भागको एक भाग सम्पत्ति अंशबापत वादीले पाउने देखिन आउने ।

अतः माथि विवेचित आधार र प्रमाणसमेतबाट वादीले दुई भागको एक भाग अंश पाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०७०।०१।२४ को फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७१।७।२७ को फैसला मिलेको नदेखिएकाले सो उल्टी भई मिति २०४१/०३/१९ मा प्रतिवादी, वादीबाट मानो छुट्टिएको मिति कायम गरिएको हुँदा सो मितिपछि प्रतिवादीले खरिद गरेको कि.नं. ८०२, २६१, २६३ र २६२ का जग्गाबाहेक सो मितिअघि र त्यसयता प्रतिवादी र अंशियारबीच भएका साबिक देखिका लिखतहरूबाट प्रतिवादीले प्राप्त गरेको संयुक्त दर्तामा रहेकोसमेतको वादी, प्रतिवादीको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट वादीले २ भागको १ भाग अंश पाउने ।

इजलास अधिकृत: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७२-CR-१११२, जालसाजी, *योगेन्द्रबहादुर विष्ट वि. मुनी शमशेर ज.ब.रा.* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**